# पोखरामा रहेका नेवार जातिले मनाउने बाघ जात्रा : अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह इतिहास विषयको दोस्रो वर्षको पाठ्यक्रमअनुसारको
छैठौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोध-पत्र


प्रस्तुतकर्ता
भगवती पराजुली
रोल नं. ०/२/०६३
परीक्षा रोल नं. ४८०५९९
त्रि.वि. दर्ता नं. ६४७५-९४
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

२०६९/२०13 ई.

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री भगवती पराजुलीले "**पोखरामा रहेका नेवार जातिले मनाउने बाघ जात्रा : अध्ययन**" शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६९।११।०६ (२०१३/०२/१७ इ.)

................................

चन्द्रकान्त पौडेल

शिक्षण सहायक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**पृथ्वीनारायण क्याम्पस, पोखरा**
**इतिहास तथा संस्कृति विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रमअनुरूप श्री भगवती पराजुलीले **"पोखरामा रहेका नेवार जातिले मनाउने बाघ जात्रा : अध्ययन"** शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख ज्योति भट्टचन ...............................

२. बाह्य परीक्षक गेहेन्द्रमान उदास ...............................

३. शोधनिर्देशक चन्द्रकान्त पौडेल ...............................

मितिः २०६९।११।०६ (२०१३/०२/१७ इ.)

# कृतज्ञता-ज्ञापन

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति र बहुसांस्कृतिक अनेकता एकता भएको, भौगोलिक विविधता र लोकतान्त्रिक गणतन्त्र भएको देश हो । यहाँ विभिन्न जातजातिहरूको पनि उपजातिहरू आ-आफ्ना सांस्कृतिक मौलिकता भएको पाइन्छ । त्यसमध्ये (एघार प्रदेशअन्तर्गत) कास्की जिल्ला पोखरा उपमहानगरपालिकामा रहेका नेवार जातिले मनाउने विभिन्न जात्राहरूमध्ये बाघजात्रा पनि एक हो । यसै क्षेत्रका नेवारहरूले मनाउने बाघ जात्राको बारेमा पहिचान गराउने उद्देश्यले यसको अध्ययन गरिएको छ ।

यस अध्ययनलाई प्रमाणिक भरपर्दो र विश्वासनीय बनाउने क्रममा लागि विभिन्न जानकार व्यक्तित्वहरूसँगको अर्न्तवार्ता, जात्रामा पात्रभूमिका निर्वाह गर्ने व्यक्तिहरूसँगको अन्तर्वार्ताको माध्यमबाट प्राथमिक तथ्याङ्क तथा नेवार जातिसँग सम्बन्धित विभिन्न लेखरचना पत्रपत्रिका तथा पुस्तकहरूको सहायतामा सहायक स्रोतबाट सहयोग लिइएको छ ।

सर्वप्रथम मलाई प्रस्तुत शोधपत्र पोखरामा रहेका नेवार जातिले मनाउने 'बाघ जात्राः एक अध्ययन' नामक शीर्षकमा अध्ययन गर्ने सुअवसर उपलब्ध गराएकोमा त्रिभुवन विश्वविद्यालय मानविकी संकाय इतिहास तथा संस्कृति विभाग पृथ्वीनारायण क्याम्पसप्रति कृतज्ञता व्यक्त गर्दछु । यस शोधपत्रलाई अगाडि बढाउन सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु एवम् इतिहास तथा संस्कृति विभागका विभागीय प्रमुख श्री ज्योति भट्टचनप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा अत्यन्तै व्यस्तताका बाबजुद पनि पटक-पटक आफ्नो अमूल्य समयका साथै नीतिनिर्देशन, सुझाव, प्रेरणा दिएर हरतरहले सहयोग गरी शोधकार्यलाई वस्तुपरक र वैज्ञानिक, सत्य, तथ्ययुक्त बनाउनमा सहयोग गर्नुभएकोमा श्रदेय गुरु तथा शोधनिर्देशक चन्द्रकान्त पौडेलप्रति हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यलाई विभिन्न सामग्री र सरसल्लाह सुझाव दिई सहयोग पुऱ्याउनु हुने पुरानो बजारस्थित नेवार समुदायका संस्कृतिकर्मी मंगलमान माकाजू, भैरवटोल निवासी संस्कृतकर्मी सर्वज्ञमान प्रधानाङ्ग, अष्टमान प्रधानाङ्ग, बगर निवासी संस्कृतकर्मी तीर्थ श्रेष्ठ, आदरणीय गुरु वसन्त पराजुलीका साथै अन्य अग्रज संस्कृतिकर्मीहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो यस शोधपत्रलाई यथाशक्य शुद्धताका साथ बडो मिहेनतपूर्वक टाइप गरी समयमै काम पूरा गरिदिनुहुने अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखराकी वन्दना वि.क. लाई धन्यवाद दिन चाहन्छु । यस्तै शोधपत्र तयार गर्दा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबै महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

.....................................

**भगवती पराजुली**

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

रोल नं. ०/२/०६३

त्रि.वि. दर्ता नं. ६४७५-९४

# विषय-सूची


परिच्छेद-एक : परिचय १-८

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको सीमा ४

१.५ अध्ययनको महत्व ४

१.६ पूर्वकार्यको समीक्षा ५

१.७ अनुसन्धान विधि ६

१.८ अध्ययनको संगठन ७

परिच्छेद-दुई : कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय ९-१८

२.१ कास्की जिल्लाको भौगोलिक परिचय ९

२.२ कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि १३

२.३ कास्कीको नामकरण १४

परिच्छेद-तीन : पोखरा उपत्यकाको भौगोलिक तथा ऐतिहासिक पृष्ठभूमि १९-२९

३.१ पोखरा उपत्यकाको ऐतिहासिक पृष्ठभूमि १९

३.२. पोखरा उपत्यकाको ऐतिहासिक पृष्ठभूमि २४

परिच्छेद-चार : नेवारहरुको उत्पत्ति र आगमन ३०-४६

४.१ पोखरामा नेवारहरूको आगमन ३०

४.१.१ पोखराका प्रमुख नेवार बस्तीहरू ३३

४.१.२ नेवार शब्दको उत्पत्ति र विकास ३३

४.१.३ नेवारहरूको दक्षिण भारतको मालवा ३३

४.२ नेवार समुदायको बनावट र पृष्ठभूमि ३५

४.३ नेवार समुदायको परिचय ३६

४.४ नेवारहरूको संस्कृति ३८

४.४.१ पूजाहरू ३९

४.१.२ चाडपर्व, नाच र जात्राहरू ३९

परिच्छेद-पााच : बाघजात्राको सङ्क्षिप्त चर्चा ४७-५६

५.१ बाघ जात्राको उत्पत्ति ४७

५.२ बाघजात्राको शुरुवात र यसको पृष्ठभूमि ५०

५.३ बाघ जात्राको कथा ५१

५.४ बाघ जात्राका पात्रहरूको चर्चा ५२

५.५ बाघ जात्रा निकाल्ने प्रक्रिया ५४

५.६ गाईजात्रा र बाघजात्राको सम्बन्ध ५६

परिच्छेद छ : बाघजात्राको सामाजिक, सांस्कृतिक महत्त्व एवं संरक्षण तथा जीवन्तताको व्यवस्था ५७-६५

६.१ बाघजात्राको सामाजिक तथा सांस्कृतिक पक्ष ५७

६.२ बाघ जात्राको सामाजिक, तथा सांस्कृतिक महत्व ५७

६.३ बाघजात्राको ऐतिहासिक तथा पर्यटकीय महत्व ५९

६.४. बाघजात्राको ऐतिहासिक सन्देश ६२

६.५ बाघ जात्राका भावनात्मक पक्षहरू ६३

६.६ बाघ जात्राको संरक्षण तथा जीवन्तताको व्यवस्था ६४

परिच्छेद-सात : निष्कर्ष तथा सुझाव ६६-७०

७.१ निष्कर्ष तथा प्राप्ति ६६

७.२ सुझावहरू ६८

सन्दर्भसामग्रीहरू ७०

परिशिष्ट १ : अन्तर्वार्ताको लागि तयार पारिएका प्रश्नहरू ७४

परिशिष्ट २ : रत्नाकर पराजुलीसमेतलाई दिएको बिर्ता लालमोहरको प्रतिलिपि ७६

परिशिष्ट ३ : अध्ययन क्षेत्रसँग सम्बन्धित तस्वीरहरू ७७

# सङ्केत तथा सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| वि.सं. | विक्रम संवत् |
| ई.सं | ईश्वी सम्वत् |
| ढिकेग्वारा | शिकारी बाघलाई गिज्याउने व्यक्ति |
| रिसल्हा | बाघले दुःख दिएको ठाउँमा सिमाङ्कन गर्ने सेनाको नायक |
| पृ. | पृष्ठ |

# परिच्छेद : एक

# परिचय

## १.१. पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल सानो राष्ट्रको रूपमा देखिए तापनि नेपालको आफ्नै किसिमको पहिचान र विशेषताहरू छन् । भौगोलिक रूपले हिमाल, पहाड, तराई गरी तीन प्रदेशमा विभाजन गरिएको छ भने प्रशासनिक तथा राजनैतिक हिसाबले १४ अञ्चल, ७५ जिल्ला, पाँच विकास क्षेत्र विभाजन गरिएको छ । गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत रहेको पोखरा उपत्यका आजभन्दा करिब २ लाख वर्ष अघि भिमाद क्षेत्रबाट तालको पानी प्रवाहित भई बाहिर निकास हुन थालेपछि क्रमशः अस्तित्वमा आएको मानिन्छ । यस उपत्यकाको वर्तमान भौतिक संरचना भने आजभन्दा ई.पू. १००० वर्षदेखि ई.पू. ७०० वर्षअघिसम्मको धारण भूगर्वविदहरूको रहेको छ ।[१] यसो भएतापनि यस उपत्यकाको वर्तमान भूसतहको वास्तविक कालक्रम कुन हो भन्ने अझै गहन अध्ययनको आवश्यकता छ ।

जेहोस् यस उपत्यकाको अस्तित्वको इतिहास लामो भएतापनि यहाँ मानिसहरूको बसोबास क्रम भने धेरैपछि मात्र शुरु भएको देखिन्छ । सोह्रौं शताब्दीमा आई मिञ्चा खानका सातौं पुस्ताका जगति खानले घले गुरुङहरूलाई पराजित गरी कास्कीकोटमा आफ्नो राज्य स्थापना गरेका थिए ।[२] उनले कास्की राज्यलाई सबल तथा सुसंगठित गर्ने सन्दर्भमा लाहाचोक लाहाछाप र घाचोकमा घा (मित्रता) कायम गरेका थिए भन्ने भनाई पनि रहेको पाइन्छ ।[३] यिनै जगति खानका पालामा सर्वप्रथम

---

१ हरि श्रेष्ठ, “पोखराको सांस्कृतिक पृष्ठभूमिलाई नियाल्दा”, *मधुपर्क,* वर्ष ३२, अंक ८, २०५६, पृ. ३५ ।

२ जगमान गुरुङ, “कास्कीदेखि गोर्खासम्म” *माछापुच्छ्रे,* पोखरा : स्वविवि, पृथ्वीनारायण क्याम्पस, २०३५, पृ. १०१-१०२ ।

३ श्रेष्ठ, *पूर्ववत्,* पादटिप्पणी नं. १, पृ. ३५ ।

पोखरा उपत्यकाको उत्तरी कुनामा रहेको बाटुलेचौरमा कास्की राज्यको शीतकालीन राजधानी कायम भएको पाइन्छ । यसरी उनले बाटुलेचौरमा आफ्नो शीतकालीन राज्य कायम गरेपछि पोखरा उपत्यका र यसको सेरोफेरोमा मानव बसोबासको क्रमको शुरुवात हुन पुग्यो । शुरुमा खासै रूपमा स्थायी बस्ती नभएको भएतापनि कालक्रमसँगै यस उपत्यकामा बस्ती बढ्दै गयो शुरुमा कस्केली राजा जगति खानको दरबारमा क्षेत्रीहरूकै बाहुल्यता रहेतापनि पूजाआजा तथा धार्मिक कार्यका लागि ब्राह्मण तथा अन्य जातिका मानिसहरू पनि बसोबास गर्न थाले । यसै क्रममा कास्की राज्यका अन्तिम राजा सिद्धिनारायण शाहका समयताका सन् १७५२ तिर सर्वप्रथम यहाँ भक्तपुरे नेवारहरूको आगमन भएको देखिन्छ । अठारौं शताब्दीको उत्तरार्धदेखि मूलतः नेपालको एकीकरणपश्चात् मुलुकमा कायम भएको राजनैतिक स्थिरता र प्रशासनिक सुदृढीकरणको कारण पोखरा उपत्यका जस्ता ठाउँहरू अझै बढी आकर्षणको केन्द्र बन्दै गए । व्यापारको सुनिश्चितताका स्थानान्तरणमा सुगमता र सुरक्षा बढ्दै गएपछि पोखरा उपत्यकामा नेवार समुदायको आगमनमा तीव्रता आयो नेवार व्यवसायीहरूको उपस्थितिले पोखराका परम्परागत हटियाहरू स्थायी बजार बस्तीका रूपमा विकसित भए । मानिसहरू जुन ठाउँमा बसाई सरेर गएतापनि उनीहरूको आफ्नो संस्कार र संस्कृतिसँग गएको हुन्छ । स्पष्ट शब्दमा मानिससँगै उसको आफ्नो मौलिक संस्कार र संस्कृति पनि गएको हुन्छ नै ।

यहाँ यस सन्दर्भमा पनि नेवारहरू जब भक्तपुरबाट पोखरा उपत्यकामा आए उनीहरूको संस्कार र संस्कृति पनि आयो । नेपालीहरूमा पनि नेवार समुदायको मूलतः सांस्कृतिक क्षेत्रमा विशेष महत्त्वपूर्ण स्थान र विशेषता छ । नेवारहरूको यस उपत्यकामा आगमनसँगै उनीहरूको आफ्नै जातीय विशिष्टताका अनेकौं नृत्य, परम्परा, जात्रा र चाडपर्वहरू पोखराको शहरी संस्कृतिको आधारशीलाका रूपमा स्थापित भए । यिनै नेवारहरूको ऐतिहासिक पृष्ठभूमि समेत बोकेको “बाघ जात्राको” विशिष्ट परम्पराले पोखरामा लगायत अन्य नेवारी समुदायमा देखाइने जात्रा हो र मूलतः नेवार समुदायले मनाउने चाडपर्व जात्रा तथा नाचहरूमध्ये एक ऐतिहासिक जात्राको रूपमा मानिन्छ ।

## १.२ समस्याको कथन

पोखरा उपत्यकामा बसोबास गर्ने नेवार जातिको आगमन कहाँबाट कहिले भयो यिनीहरूको धर्म, संस्कृति, पर्व र जात्राका बारेमा सबै धर्म, संस्कृति, पर्व एवमं जात्राहरूको विश्लेषण गर्न सम्भव नभएकोले जात्राहरूमा पनि बाघ जात्राको मात्र अध्ययन गर्नु रहेको छ। यस्तो महत्त्वपूर्ण संस्कृतिको रूपमा रहेको बाघजात्रा किन र कसरी मनाउन थालियो, यस जात्रा निकाल्ने प्रक्रिया र मनाउने परम्परा एवम् यसको संरक्षणमा भए गरेका व्यवस्था र यथार्थताको खोजमूलक अध्ययन गरी जनसमक्ष ल्याउनुका साथै नेवार जातिको आगमन, उनीहरूको संस्कृति र जात्राहरूको बारेमा विभिन्न लेख, रचना, अन्तर्वार्ता अवलोकन जस्ता तथ्याङ्क सामग्रीहरूको संकलन गरी बाघ जात्राको सांस्कृतिक र सामाजिक महत्त्वका बारेमा एउटा ऐतिहासिकताबारे पहिचान गराउनु नै यस शोध अध्ययनको समस्या रहेको छ, जसलाई बुँदागत रूपमा निम्नानुसार औंल्याइएको छ :

(क) पोखरा उपत्यकामा बसोबास गर्ने नेवार जातिको आगमन कहिले र कहाँबाट भयो ?

(ख) नेवारजातिले मनाउने बाघजात्रा किन र कसरी मनाउन थालियो ?

(ग) बाघजात्रा मनाउनुका कारणहरू के के हुन् ?

(घ) बाघजात्रा धेरै वर्षको अन्तरालमा देखाउनुको कारण के-के हुन् ? र, लोप हुने स्थितिका कारणहरू के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

पोखरा उपत्यका होस् वा नेपाल अधिराज्यका अन्य जातिहरूको पहिचान भनेकै उनीहरूको धर्म, संस्कृति, संस्कार चाडपर्व र जात्राहरू नै हुन्। हरेक जातजातिको आआफ्नै मनोरञ्जन गर्ने तरिका हुन्छन्। त्यस्तैगरी यस शोध पत्रमा पनि पोखरा

उपत्यकामा बसोबास गर्ने नेवार समुदायमा मनाइने अनेकौं जात्राहरूमध्ये बाघ जात्राको विभिन्न पक्षको अध्ययन गर्नु यस शोध अध्ययनको उद्देश्य रहेको छ ।

१) पोखरा उपत्यकामा बसोबास गर्ने नेवार जातिको आगमनका बारेमा स्पष्ट पार्नु,

२) नेवार जातिले मनाउने बाघजात्राको उत्पत्ति, मनाउने प्रक्रिया र महत्त्व बारेमा उल्लेख गर्नु, अनुसन्धान गर्नु ।

३) बाघजात्राको सांस्कृतिक तथा धार्मिक महत्त्वमाथि प्रकाश पार्न उल्लेख गर्नु ।

## १.४ अध्ययनको सीमा

कुनै पनि विषय वा शीर्षकमा अध्ययन अनुसन्धान गर्दा निश्चित सीमा निर्धारण गर्न अति आवश्यक हुन्छ किनकि समय स्रोत, साधनको अभाव र तथ्यपूर्ण स्रोतको संकलन अपर्याप्ता भएमा अध्ययनको विश्वसनीयतामा शंका उठाउन सकिने हुन्छ । त्यसैले यो सानो शोधपत्रमा नेपालका अन्यत्र ठाउँमा बसोबास गरेका सम्पूर्ण नेवार समुदायले मनाउने बाघ जात्राका विविध पक्षको अध्ययन गर्न असम्भव भएकाले कास्की जिल्ला अन्तर्गत पोखरा उपत्यकामा बसोबास गर्ने नेवार, नेवारहरूको आगमन, नेवार धर्म र नेवार जातिले मनाउने जात्राहरूमध्येमा बाघ जात्राको मात्र कथा, उत्पत्ति, शुरुवात, निकाल्ने प्रक्रिया, सामाजिक तथा ऐतिहासिक महत्त्व, भावनात्मक पक्ष, पर्यटकीय महत्त्व, संरक्षण तथा जीवन्ततामा केन्द्रित रही अध्ययन अनुसन्धानमा मात्र यस शोधपत्रलाई सीमित गरिएको छ ।

## १.५ अध्ययनको महत्त्व

पोखरा उपत्यकामा बसोबास गर्ने नेवार समुदायका मनाइने बाघ जात्राको

ऐतिहासिक तथा सांस्कृतिक पक्षलाई भरपर्दो तथ्याङ्कका आधारमा बाघ जात्राको कथा, उत्पत्ति र निकाल्ने प्रक्रियाका बारेमा यथार्थताको उजागर गर्दै यस जात्रासँग सम्बन्धित ऐतिहासिक प्रमाणहरू जति सक्दो धेरै संकलन गरी विश्लेषण गर्दै सत्यतथ्यका साथ बढीभन्दा बढी जानकारी समक्ष ल्याउनु र आफ्नो परम्परा र संस्कृतिको मूल्य र मान्यतालाई निरन्तरता दिनुपर्ने यस्ता जात्रालाई निरन्तरता दिँदा अन्य जातजातिले पनि आफ्ना पहिचानका लागि आ-आफ्नै पहिचान गराउन आफ्नो जात्राहरू र संस्कृतिलाई जोगाउनु पर्दो रहेछ भन्ने भावनाको विकास गराउन सहयोग गर्नुका साथै आपसी मेलमिलापको वातावरण पैदा गराई सबै जातजातिका धर्म, संस्कृति, चाडपर्व, संस्कार, रहन, सहन नै सम्पूर्ण नेपालीको हो भन्ने धारणा बसाउन सक्नु नै यसका अध्ययनको महत्त्व रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

विभिन्न विद्वान्हरूले नेवार जातिले मनाउने चाडपर्व, धर्म, संस्कृति, जात्राहरूका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा लेखरचना प्रकाशित गरेका छन् तर ती पुस्तक अध्ययन गर्दा बाघजात्राको विविध पक्षको अध्ययन नगरिएको र तिनीहरूबाट  बाघजात्राको सामान्य उल्लेख बाहेक अरू खासै जानकारी पाउन सकिएको छैन । तिनै पुस्तक, पत्रपत्रिकालाई आधार मानेर सन्दर्भसामग्रीका रूपमा आधार मान्दा निम्न पुस्तकहरूलाई लिन सकिन्छ -

१) सूर्यरत्न शाक्यले मिति २०५२ मा अष्टकुमारी शाक्यद्वारा प्रकाशित पुस्तक *'ए ग्लिम्प्स अफ पोखरामा'* पहिलो संस्करणमा पोखरामा बाघजात्रा मनाइन्छ भनेर उल्लेख गरेका छन् र सामान्य परिचय मात्रै गराइएको छ ।

२) महेशकुमार आचार्यले मिति २०५८ मा आफ्नो अनुसन्धानात्मक प्रतिवेदनमा "पोखराका नेवार समुदायमा प्रचलित प्रमुख जात्राहरू एक विश्लेषणात्मक अध्ययनमा" बाघ जात्राको बारेमा बाघजात्राको उत्पत्ति,

नचाइने प्रक्रियाका बारेमा उल्लेख गर्नुभएको छ ।

३) राजेन्द्र भण्डारीले मिति २०६७/०८/१७ गते तयार पार्नुभएको शोधपत्रमा "नेवार जातिको सामाजिक, आर्थिक, धार्मिक र संस्कृति एक अध्ययनमा" पनि बाघजात्राको बारेमा उल्लेख गर्नुभएको छैन ।

४) किरण पन्थीले मिति २०६३ मा पैरवी प्रकाशनद्वारा प्रकाशित "नेपाल चाडपर्वहरू" नामक पुस्तकमा पनि जात्रा र पर्वका बारेमा उल्लेख गरिएतापनि बाघ जात्राको बारेमा उल्लेख गरिएको छैन ।

५) डा. दिलबहादुर क्षेत्री र विश्व श्रेष्ठले मिति २०६५ मा गगन श्रेष्ठ, पार्वती क्षेत्री र रवि सिग्देलद्वारा प्रकाशित पुस्तक "भ्याली अ जी ओ कल्चरल प्रेसपेपटिक्थमा" पनि बाघ जात्राको बयान गरिएको छैन ।

६) श्री रामप्रसाद उपाध्यायको मिति २०६२ मा तेस्रो संस्करण "नेपालको सामाजिक आर्थिक र प्रशासनिक इतिहास" मा दिइएका चाडपर्व जात्राहरूमा गाइजात्राको मात्रै नाम लेखिएको छ तर बाघ जात्राको नामसम्म लेखिएको छैन। बाघजात्राका बारेमा खासै उल्लेखनीय पुस्तकहरू पाइएका छैन । त्यस्तै कुनै खोज तथा अनुसन्धानमूलक कार्य नभएकोले यस शीर्षकमा यस अघि गरिएका पूर्वकार्यको समीक्षा गर्दा पर्याप्त लेख रचनाहरु नपाइएको कारणले यस शोधपत्रमा अझ बढी अन्तवार्ता र अध्ययन गरी बढीभन्दा बढी भरपर्दो तथ्य सत्य तथ्याङ्क खोजी गरिएको छ ।

यी माथि उल्लिखित पुस्तक शोधपत्र तथा पत्रपत्रिकाहरूमा सामान्य रूपमा बाघजात्राको बारेमा अध्ययन भए पनि समग्रमा अध्ययन अनुसन्धान भएको छैन, यही यथार्थतालाई आत्मसात गरी यहाँ बाघजात्राको विविध पक्षको अध्ययन गर्न लागिएको छ ।

## १.७ अनुसन्धान विधि

यो शोध कार्य मूलः निम्न विधिमा आधारित छ ।

१) प्राथमिक स्रोतहरूः बाघजात्रासँग सम्बन्धित विज्ञ व्यक्ति तथा गुठीसँग आबद्ध सदस्यहरूसँग सोधपुछ, अन्तर्वार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकनद्वारा प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

२) स्थलगत भ्रमण : गत साल २०६७ सालमा आयोजना गरिएको बाघजात्राको प्रत्यक्ष जानकारी लिइएको अथवा जात्राको निरिक्षण गरी तयार पारिएको छ ।

३) सहायक स्रोतहरू : अध्ययनका लागि निर्धारण गरिएका जात्राहरूको बारेमा निष्काशित प्रकाशनहरू, लेख, रचना र पुस्तकालय तथा अभिलेखालयमा रहेका रेकर्डहरूको अध्ययन गरिएको छ। उक्त शोधकार्य मूलतः मौलिक स्रोतमै आधारित भई विश्लेषणात्मक एवम् विवरणात्मक प्रकृतिको छ ।

४) अनुसन्धानको ढाँचा : यो शोधकार्य मौलिक स्रोतमै आधारित भई विश्लेषणात्मक र वर्णनात्मक दुवै प्रकृतिको छ ।

## १.८७ अध्ययनको संगठन

यस शोध प्रस्तावमा परिच्छेद एकमा परिचय, समस्याको कथन अध्ययनको उद्देश्य र अध्ययनको सीमा, अध्ययनको महत्त्व, पूर्वकार्यको समीक्षा, अनुसन्धान विधिका बारेमा उल्लेख गरिएको छ ।

त्यसै गरी परिच्छेद दुईमा कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि, कास्की नामकरण बारेमा चर्चा गरिएको छ ।

परिच्छेद तीनमा पोखरा उपत्यकाको पृष्ठभूमि, पोखरामा नेवारहरूको आगमन

र नेवार समुदाय परिचय, नेवारहरूको संस्कृति बारेमा विश्लेषण गरिएको छ ।

त्यस्तै परिच्छेद चारमा पोखरामा नेवारहरूको आगमन, नेवार समुदायको बनावट र पृष्ठभूमि, नेवार समुदायको परिचय, नेवारहरूको संस्कृति उल्लेख गरिएको छ ।

त्यस्तै परिच्छेद पाँचमा बाघजात्राको उत्पत्ति, बाघ जात्राको सुरुवात र यसको पृष्ठभूमि, बाघ जात्राको कथा, बाघ जात्राको पात्रहरूको चर्चा, बाघ जात्रा निकाल्ने प्रक्रिया, बाघजात्रा र गाइजात्राको सम्बन्धका बारेमा चर्चा गरिएको छ ।

परिच्छेद छ मा बाघजात्राको सामाजिक तथा सांस्कृतिक पक्ष, बाघ जात्राको धार्मिक तथा पर्यटकीय महत्त्व, बाघ जात्राका भावनात्मक पक्षहरूको उल्लेख गरिएको छ भने परिच्छेद सातमा निष्कर्ष तथा प्राप्ति सुझावहरू उल्लेख गरिएको छ । अन्तमा सन्दर्भ सामग्रीहरू, परिशिष्ट र तस्वीरहरू राखिएका छन् ।

# परिच्छेद : दुई

# कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

## २.१ कास्की जिल्लाको भौगोलिक परिचय

नेपालको पाँच विकास क्षेत्रहरूमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम समेत रहेको कास्की जिल्ला भौगोलिक सांस्कृतिक राजनैतिक तथा सामाजिक दृष्टिले समेत विशेष महत्त्व राख्ने जिल्ला हो ।[४] यसको तत्कालीन चौबिसे राज्यहरूमध्ये कास्कीको विशेष महत्त्व रहेको छ । अलौकिक प्राकृतिक सौन्दर्य तथा पवित्र संगम स्थलको रूपमा पनि कास्कीको विशेष महत्त्व रहेको छ । ज्यादै मनमोहक तथा आकर्षक माछापुच्छ्रे तथा अन्नपूर्ण हिमश्रृंखलाहरूको वक्षस्थलमा अवस्थित कास्की जिल्लाको सदरमुकाम पोखरा उपत्यका आफैमा एक मनोरम स्थल हो भने यहाँ फेवा, बेगनास, रूपा जस्ता तालतलैया एवम् महेन्द्र गुफा, गुप्तेश्वर महादेव तथा सिद्ध गुफाहरू एवम् विन्ध्यवासिनी, तालबाराही जस्ता मठमन्दिरका साथै विश्व शान्ति स्तुप लगायत कयौं गुम्बा विहारहरूले समेत युक्त यस उपत्यका धार्मिक तथा सांस्कृतिक दृष्टिले मात्र नभई पर्यटकीय दृष्टिले समेत त्यत्तिकै महत्त्वपूर्ण छ ।[५] पोखरा उपत्यका ऐतिहासिक दृष्टिले समेत त्यत्तिकै महत्त्वपूर्ण छ किन कि तत्कालीन चौबिसे राज्यमध्येको एक महत्त्वपूर्ण राज्य कास्की राज्यको गृष्मकालीन राजदरबार यसै उपत्यकाको बाटुलेचौरमा रहनु नै यसको ज्वलन्त प्रमाण हो । समग्रमा कास्की जिल्ला विगत तथा वर्तमानमै पनि धार्मिक, सामाजिक, आर्थिक, राजनैतिक तथा ऐतिहासिक

---

४ डा. दिलबहादुर क्षत्री, *सिद्ध शक्तिपीठ तथा श्री विन्ध्यवासिनी तथा पोखराका केही मठमन्दिरहरूको संक्षिप्त परिचय,* पोखराः श्री विन्ध्यावसिनी धार्मिक क्षेत्र विकास समिति, २०५७, पृ. १ ।

५ *ऐजन* ।

सबै दृष्टिले विशेष महत्त्व राख्ने जिल्लाका रूपमा लिन सकिन्छ ।[६] सिमानाको हिसाबले कास्की जिल्लाको पूर्वमा लमजुङ तथा तनहूँ र स्याङ्जा जिल्ला पर्दछन् ।[७] यो जिल्ला २८°२७' उत्तर अक्षाँशदेखि २८°३६' उत्तर अक्षांश र ८३'४६ पूर्व देशान्तरदेखि ८४°४६' पूर्व देशान्तरदेखि ८४°१२' पूर्व देशान्तरभित्र पर्दछ ।[८] यस जिल्लाको कुल क्षेत्रफल १,३२२ वर्ग किलोमिटतर अर्थात् १३२, २०० हेक्टर छ ।[९] यस जिल्लाको अधिकतम तापक्रम ३३.४/४ देखि ३४/६/४ र न्यूनतम तापक्रमण ४/१ देखि ४.८/२ सेन्टिग्रेड रहेको छ ।[१०] अर्थात् अधिकतम ३३० सेल्सेयिस र न्यूनतम तापक्रम ५.६० सेल्सियसको बीचमा रहेको छ ।[११] यो जिल्लाको औसत वर्षा ३,८८०३ मिलिमिटर रहेको छ ।[१२] यस जिल्ला अन्तर्गत एक उपमहानगरपालिकाका एक नगरपालिका तथा ४६ गा.वि.स. एवं तीन संसदीय निर्वाचन क्षेत्र छन् ।[१३]

नेपालको भौगोलिक क्षेत्रअनुसार विभाजन गर्दा हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । यी तीनवटै क्षेत्रमा हावापानी पनि फरक फरक पाइन्छ । हिमाली प्रदेशमा बाह्रै महिना हिउयक्त पर्वतमालाको उत्तरी भागमा अवस्थित मनाङ जिलासँग सिमानाको काम गरेको छ । विश्वप्रसिद्ध अन्नपूर्ण हिमालयकै श्रेणीको एक भागको रूपमा रहेको छ । यस हिमालय पर्वतमाला पूर्व पश्चिम लम्बिएर रहेको

---

६ *ऐजन* ।

७ *मेचीदेखि महाकाली,* भाग ३, काठमाडौंः श्री ५ को सरकार संचार मन्त्रालय, २०३१, पृ. ३०० ।

८ दीपक अर्यात र अरू, *नेपाल डिस्ट्रिक प्रोफाइल,* काठमाडौंः आर.एन.ए., १९८१, पृ. ४५५ ।

९ *ऐजन* ।

१० *डिस्ट्रिक डिभ्लोमेन्ट प्रोफाइल अफ नेपाल,* कास्की : इनफरम सेक्टर रिसर्च एन्ड स्टडी सेन्टर २०५५) पृ. ३८० ।

११ जिल्ला विकास योजना (आ.व. २०५६/५८) पृ. १ ।

१२ अर्यात, *पूर्ववत,* पादटिप्पणी नं. ५, पृ. ४५५ ।

१३ कास्की जिल्लाका वस्तुगत विवरण, वि.सं. २०५२, पृ. ९ ।

छ।[१४] यस क्षेत्रमा अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो र अन्नपूर्ण चौथो साथै माछापुच्छ्रे जस्ता प्रख्यात चुचुराहरू पनि यसै प्रदेशमा अवस्थित छन्। १६०० फिट भन्दा माथि उचाइमा अवस्थित यी प्रदेशहरू सधैं हिउँले ढाकिएका हुन्छन्। हिउँले ढाकिएको प्रदेश भएकाले यो प्रदेशमा उत्पादन भने हुँदैन।

हिमाली प्रदेशको दक्षिणतर्फ अवस्थित सातहजार देखि अग्ला र १६,००० फिट भन्दा होचा भू-भागलाई लेकाली प्रदेश भनिन्छ। यहाँ हिउँदभरि हिउँ पर्ने र गर्मीमा हिउँ पग्लन थालेपछि मसिना घाँस तथा रङ्गीविरङ्गी फूलहरू फुल्न थाल्दछन्। बस्तीका लाई स्थायी रूपमा बसोवास नभए पनि गर्मीयाममा भने भेडा, भैंसी, गाइ, गोठहरू लैजाने गरिन्छन्। यस प्रदेशमा गुराँस, भोजपत्र लेकाली वनहरू हुन्छन्। हिमालय पर्वत श्रेणीकै शाखाको रूपमा फैलिएको यस प्रदेशको दक्षिणतिर ज्यादै भिरालो परी प्रत्येक एक कोषमा ६७१ मिटर (२,२०० फिट होचिदै गएको छ।[१५] यो प्रदेश पशुपालन एवं चरनको निम्ति महत्त्वपूर्ण हुनुको साथै जडीबुटीका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ।

सात हजार फिटभन्दा तल र वेशी तथा उपत्यका भन्दा माथिको भू-भागलाई पहाडी प्रदेश मानिन्छ। कास्की जिल्लामा अवस्थित गाउँ बस्तीहरू यसै क्षेत्रभित्र पर्दछन् यस भूभागमा न ज्यादा गर्मी, न ज्यादा जाडो हुन्छ अर्थात् यो भू-भागमा समशितोष्ण मनसुनी हावापानी पाइन्छ।[१६] त्यसैले यो प्रदेश मानव बसोवासका लागि उपयुक्त मानिन्छ यस प्रदेशमा जनआवादी बढी पाइन्छ। पहाडी प्रदेश भएकै कारण आवतजावत गर्न निकै कठिन हुन्छ।

कास्की जिल्ला उपत्यका बेसी तथा टारयुक्त जिल्लाका रूपमा मानिन्छ। यस जिल्लाको उपत्यकाहरू मध्ये एक रमणीय उपत्यका छ जसलाई पोखरा उपत्यका

१४ *पूर्ववत्,* पादटिप्पणी नं. ४, पृ. ३०१।

१५ *ऐजन*।

१६ राजाराम सुवेदी, *कास्की राज्यको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तकभण्डार, २०६०, पृ. १२।

भनिन्छ।[१७] यो उपत्यका ६२५ वर्ग किलोमिटर भूभागमा फैलिएको छ यसको लम्बाइ पश्चिमबाट दक्षिणपूर्वबाट ४५ कि.मि. छ। जब कि मध्यभाग पूर्वबाट पश्चिम भागमा ८ किलोमिटर छ भने पूर्वभागमा १० कि.मि. छ।[१८] भौगर्भिक कालक्रमको क्वाटरनरी अवधिको उत्तरतिर सेतीका सहायक नदीहरू पुरीन गई बनेको जीवित तथा मृततालहरूले यस उपत्यकाका ताल, तलैया उपत्यकाको रूपमा स्थापित छ।[१९] यो उपत्यका पश्चिममा छोरेपाटन, फेवाफाँट, पूर्व कोत्रे, उत्तरमा भुर्जुङखोला, लाहाचोक, घाचोक, जोगीमारा, विजयपुर दक्षिणमा दोपरे, साम्मी र बाघमारासम्म फैलिएको छ। यो उपत्यका २८°०६ देखि उत्तरदेखि २८°२० उत्तर अक्षांश र ८३°५०' पूर्वदेखि ८४°१२' पूर्वसम्म फैलिएको एक विततनिक उपत्यका हो। यसको कूल क्षेत्रफल १२४ वर्ग किलोमिटर रहेको छ।[२०] यस उपत्यका प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएका कारण पर्यटकीय नगरका रूपमा स्थापित भएको छ भने सांस्कृतिक दृष्टिले पनि विशेष पहिचान र विविधतायुक्त यो उपत्यका उत्पादनको दृष्टिले पनि उर्वराभूमि भएकोले त्यत्तिकै महत्त्वपूर्ण छ। पोखरा उपत्यका कुनै उद्योगशील क्षेत्र नभई गाउँ-गाउँको बजार गर्ने ठाउँ भएकोले यसलाई विदेशीहरूले गाउँले बजार मात्र पनि भन्छन्।[२१] कास्की जिल्लाको लुम्ले काँडे भन्ने ठाउँमा नेपालको सबैभन्दा बढ्ता वर्षा हुन्छ त्यसैले पोखरालाई नेपालको चेरापुञ्जी भनिन्छ।[२२]

---

१७ *ऐजन,* पृ. १४।

१८ कृष्ण के.सी. तथा अन्य, *पोखरा उपत्यकामा विद्यमान स्रोत तथा साधनहरूको परिचालनमा देखापरेका समस्याहरू र तिनको प्रभाव,* कार्यपत्र (मिति नखुलेको)।

१९ क्षत्री, *पूर्ववत्,* पादटिप्पणी नं. १, पृ. ३।

२० के.सी., *पूर्ववत्,* पादटिप्पणी नं १५, पृ. ३।

२१ वासिल सी, हार्डरिक, *एन डिस्टोरिकल एण्ड कल्चरल डिस्नेरी अफ नेपाल,* मेटुचेनः द स्कारको प्रेस आइ.एन.सी., १९७२ ई, पृ. ७८ र १३०।

२२ सुवेदी, *पूर्ववत्,* पादटिप्पणी नं. १३, पृ. १५।

## २.२ कास्की जिल्लाको ऐतिहासिक पृष्ठभूमि

विद्वान्हरूले इतिहासलाई मानव उपलब्धिको रेकर्ड मान्दछन् ।[२३] यही मानव उपलब्धिको आँकडालाई इतिहास मान्ने हो भने नेपालको इतिहास रामापिथेकसको क्रियाकलापबाट शुरु हुन्छ । जसलाई मानवकै निकट मानिन्छ ।[२४] नेपालमा सन् १९८१ मा बुटवलको तिनाउ खोलाको किनारामा रामापिथेकसको अवशेष प्राप्त भएको छ । अमेरिकी र बेलायती पुरातत्वविद्हरूको संयुक्र टोलीले डा. जे.एच. हटचिसनको नेतृत्वमा गरिएको अन्वेषणको फलस्वरूपप्राप्त उक्त अवशेष १.१ करोड वर्ष पुरानो ठहऱ्याइएको छ ।[२५] यसले नेपाललाई पनि विश्वमानचित्रमा प्रागैतिहासिक मानवस्थलको रूपमा स्थापित गराइएको छ । प्रागैतिहासिक कालदेखि नै नेपाल तिर्थस्थल पुण्य क्षेत्र हिमवत् क्षेत्र, मुक्ति क्षेत्र, मुक्तिदाता स्वास्थ्य स्निग्ध राख्ने तपोभूमिको रूपमा मान्यता हुँदै आएको छ । नेपाललाई हिमवत हिमवत् क्षेत्र मानिने हुँदा हिन्दु पुराणमा यो क्षेत्रको गरिमामय वर्णन गरिएको छ ।[२६] त्यसो त यस देशको उल्लेख श्रुति,स्मृति, पुराण, धर्मशास्त्र, आयुर्वेद, अभिलेख, पाण्डुलिपि, कनकपत्र जस्ता स्रोतहरूमा पनि गरिएको छ । नेपालको वर्णन मानस खण्ड तथा हिमवत खण्डमा गरिएको छ । महाभारतमा गण्डकी, कोशी, कर्णाली, बागमती आदि प्रदेशको छुट्टाछुट्टै अध्यायमा वर्णन गरिएको छ ।[२७] महाभारतको उल्लेख भएको गण्डकी प्रदेशमा पर्ने एक महत्त्वपूर्ण जिल्ला (हाल) कास्कीको आफ्नै किसिमको ऐतिहासिक महत्त्व छ । ज्ञान र विद्याको समेत महत्त्व राख्ने यस जिल्ला छ “विद्या हराए कास्की जानु” भन्ने उखान यदाकदा सुनिन्छ । तर अचेल विद्या हराए काशी जानु भन्ने उखान प्रचलित भएको

---

२३ क्षत्री, *पूर्ववत्,* पादटिप्पणी नं. १, पृ. ४ ।

२४ *ऐजन* ।

२५ *ऐजन* ।

२६ मुक्तिराम खनाल, *नेपाल महात्म्य,* काठमाठौं: ने.रा.प्र.प्र., २०२८, पृ.  ।

२७ सुवेदी, *पूर्ववत्,* पादटिप्पणी नं. १३, पृ. २३ ।

समयदेखि कास्की पिछडिएको छ।[२८] बौद्धिक कालमा यहाँ कश्यप ऋषिले तपस्या गरेको कुटीको अवशेष हाल स्पष्ट देखिन्छ। उनले त्यही टाकुरीको कुटीमा बसी महत्त्वपूर्ण ग्रन्थहरू लेखी कास्कीलाई चारैतिरबाट प्रचलित गराएका थिए। हालको पोखरादेखि ११ किलोमिटर पश्चिममा पर्ने कास्कीको मस्थिष्कमा तपस्या गरी ती अषिले आयुर्वेदको अमूल्य ग्रन्थ काशयप संहिता रचना गरेका थिए।[२९] कासकीकै वक्षस्थलमा सिद्धाश्रम, शिवगोरक्ष मन्दिर, वैशम्पायन आश्रम, विन्ध्यवासिनी, भद्रकाली, फेवाताल, सिद्धबराह, पुष्करावति, पोखरा रामघाट, रामकोट शिवालय, सर्वणाश्रम, पञ्चकोशी सिद्ध हरपन सिद्धा, गंगाश्रम, काँडे बराह जसता पवित्रस्थल पर्दछन्।[३०] त्यसैगरी नारायण मन्दिर, गणेशस्थान, कास्कीकोटकी कालिका, लाहाचोकका भूमे, श्री शीतलादेवी, लक्ष्मीनारायण, बाबियातरो, तिव्रीकोटको सुनाझाँक्री, भैरवस्थान, रूपाकोट वायूदेवता, विश्वेश्वर महादेव स्थान, बराह स्थान, ओकारेशवर शिव मन्दिर, ढिकुरपोखरीको भूमेस्थान, ठूलाकोटकी कालिका मन्दिर अमरेश्वर महादेव, बाटुलेचौरकी कालिका मन्दिर, लुम्ले कान्छी बराह जस्ता प्रशस्त मठमन्दिरहरूले कास्कीको विगत इतिहासलाई जीवन्त पारेका छन्।[३१] उपयुक्त देवलस्थानहरूमा कास्कीकोट गुप्तकालिका देवीको महिमा महान् छ। कास्कीकोट करिब ८००० फुट उचाइमा रहेको छ।

### २.३. कास्कीको नामकरण

कास्की क्षेत्रका डाँडाकाँडा र उपत्यकाहरूमा पूर्वपाषणकालीन तथा उत्तर

२८ *ऐजन*।

२९ योगी नरहरिनाथ, *आध्यात्मिक नेपाल एवम् देव देशो हिमालय,* नेपाल: २०३८)। पृ. २।

३० *ऐजन,* पृ. ४९-५४।

३१ निर्मल शमशेर राणा, *गुठीप्रति आर्थिक, सामाजिक, धार्मिक पुरातात्विक तथा ऐतिहासिक सर्वेक्षण प्रतिवेदन,* काठमाडौं: गुठी संस्था केन्द्रीय कार्यालय रामशाह पथ, २०३५, पृ. ३६-१२०।

पाषाणकालीन मानवीय उपकरणहरू प्राप्त भएका छन् ।[३२] अझै व्यापक खोजी गरेमा धेरै सामग्री प्राप्त हुने कुरा निश्चित छ । त्यसको एउटा आधा संसारको सबैभन्दा अग्लो भन्ने सुमैर पहाड हालको कैलाश पर्वत हो र त्यसको उचाइ कालक्रमले उराल नदी, ब्रह्मपुत्र नदी, कर्णाली नदी, सिन्धु नदी त्यहाँबाट बग्दाबग्दै हिउँले काटेर कम भयो अनि सगरमाथा झोमोलोङ्गमा विश्वको सबैभन्दा अग्लो पर्वतमा गणना भयो । त्यसैले काकेशिया पहाड, सगरमाथा र काराकुरामका बीच भोला र गंगाबीच आदिम मानव चौतर्फी वितरीत हुँदा पहिले हाँगो उराल नदीको किनार पछ्याउँदै कृष्ण सागरको तटीय क्षेत्रमा बस्न पुग्यो । दोस्रो हाँगो बेबिलोनिया र मेसोपोटामियाको सभ्यता बढाउन फरात नदी समाउन पुग्यो तेस्रो हाँगो हाङ्हो नदीको किनार हुँदै भूगोल पहाडको सभ्यतालाई विकसित पार्न पुग्यो । चौथो हाँगोबाट चोइटिएर ब्रह्मपुत्र नदीको किनारैकिनार सभ्यताको विकास गऱ्यो । यसरी चार हाँगामा विभाजित मूल मानव, खस मानव हुनाले खस सन्तति जहाँ बसे त्यही खससँग सम्बन्धित नामहरू राखिए ।[३३] उदाहरणका लागि खासा, खसान, खकेशियन, खर्णली, खसमिहीर, खन्दाहार, खैवरघाँटी, खामश्प, खर्तपुर, खरसान, खपतल, खाँशी, खवदास्खस मण्डल, खसखोला, खसदेश, खस्यौली, खाण्डव, खानखवासे, खैशाला, खोजरनाथ, खोटान कास्की वा खास्की आदिलाई व्याख्या गर्न सकिन्छ ।[३४] संस्कृत वाङ्मय महाभारत आदि पर्वको ५० औं अध्यायमा अभिमन्यूका पुत्र परीक्षित महाराजलाई डसेर मार्ने भनी तक्षक बाटो लाग्दा त्यो कुरो पत्तो लगाई कश्यप ऋषि हस्तिनापुरतिर लाग्दा बाटोमा दुवैको भेट भयो परिचय र प्रयोजनका कुरा पनि भए कश्यप ऋषिको शक्तिसामु तक्षकको कुनै शक्ति उपयोगी नहुने र राजाको परमायुको पनि चर्चा गरी कश्यप ऋषिलाई बाटैबाट फिर्ता गरेपछि नै परीक्षितको प्राणन्त भएको कुराको उल्लेख छ । त्यस्ता शक्तिशाली कश्यप ऋषिले पोखरा उपत्यका विन्ध्यवासिनी मन्दिरदेखि पश्चिमतर्फ कास्कीकोटमा (

---

३२ राजाराम सुवेदी, "कास्की राज्यको इतिहास", *कास्की स्मारिका,* काठमाडौंः कस्केली प्रजातान्त्रिक समाज, २०५६, पृ. १-६ ।

३३ *ऐजन* ।

३४ *ऐजन* ।

कश्यपकुट्ट) बसी काश्यप संहिता नामक मूल्य आयुर्वेदीय ग्रन्थको रचना गरेका थिए । त्यसरी मानव सभ्यताको केन्द्र ऋषिहरूको केन्द्र कास्की रहेको कुरा थाहा हुन्छ ।[३५] कास्कीको पश्चिम दक्षिण क्षेत्र पञ्चकोशी क्षेत्र सभ्यताको केन्द्र पूर्व मध्यकालसम्म प्रख्यात रहेको कुराको पनि जानकारी भएको छ ।[३६]

यहाँ कास्कीको प्राचीनताको विषयमा माथि नै प्रसङ्ग उठाइएको छ। अब कास्की नाम कसरी रहन गयो भन्ने बारेमा केही उपयुक्त आधार दिइन्छ। जस्तैः कास्की जिल्ला, अधिकांश जलाशय, ताल नदी र खोलाहरू भएको ठाउँ हो । फेवाताल, बेगनासताल, रूपाताल यहाँ उल्लेखनीय, रमणीय एवम् स्थानीय प्राकृतिक जलाशयहरू हुन् । हिन्दु, बौद्धिक कालमा ताल तलाउ पर्याप्त हुने ठाउँलाई कासार भनिन्थ्यो । त्यही आधारबाट कसारः भन्दा भन्दै कालक्रमले कास्की भनिएको हुन सक्छ ।[३७]

कास्की क्षेत्र मानवताको वासस्थल भएदेखि नै पानी वर्षा राम्रो हुने हुँदा धन धान्य पूर्ण थियो। यहाँको उर्वरभूमि धनधान्यपूर्ण जनजीवन, जे खेती गरे पनि राम्रो फुल्ने, खोला, पहिरो, बदाम, मास, भुङ्गान नपर्ने, अनुकूल हावापानी भएकाले बसोबास योग्य तथा यहाँ नरनारी शान्तिप्रिय हुनाले त्यस्तो ठाउँलाई संस्कृतमा काश्यपी भन्ने हुनाले त्यही काश्यपी शब्दबाट कास्की नाम रहेको हुन सक्दछ ।[३८]

कास्कीको नामकरण सम्बन्धमा प्रागऐतिहासिक कालमा हिन्दु ऋषि-महर्षिहरूले कास्कीमा तपस्या गरी जीवन व्यतीत गर्न पाए भाग्यशाली ठान्दथे। त्यस्ता ऋषिहरूमा काश्यपको नाउ सर्वोत्कृष्ट रहेको छ। ऋषि कश्यप कास्कीकोटकै धुरीमा कुटी रचना गरी आफ्नो जीवनको उत्तरार्ध मानव सभ्यता, ज्ञान र स्वास्थ्यलाई लाभान्वित पुऱ्याउने उत्कर्ष गरेका थिए। उनकै स्मरण गर्ने ध्येयले सो ठाउँको नाउँ

---

[३५] *ऐजन*।

[३६] *ऐजन*।

[३७] *ऐजन ।*

[३८] सुवेदी, *पूर्ववत्*, पादटिप्पणी नं. १३, पृ. ६७।

कास्की रहेको हुन सक्दछ ।[३९] आज पनि सो टाकुरीमा ऋषि कश्यपको भग्न कुटीहरू र सानो पोखरी छँदैछ । कास्कीको उत्पत्ति र नामकरणको विषयमा ठोस प्रमाण प्राप्त नभए तापनि विभिन्न किंवदन्ती र जनश्रुतिअनुसार कास्कीकोटको नामकरण गरिएको पाइन्छ । पद्मपुराणअनुसार वर्तमान गुप्तकालिका मन्दिरदेखि केही पूर्वमा कश्यप नामक ऋषिको आश्रम थियो । इतिहासमा यस क्षेत्रलाई जम्बुदीपको मध्यक्षेत्र भनिन्थ्यो ।[४०] परापूर्वककालमा यस क्षेत्रमा पानीको अभावमा कारण काशयप ऋषिले पानीको माग गर्दै कालेशवर महादेवको तपस्या गर्न थाले ऋषिको तपस्याबाट महादेव खुसी भई कैलाशबाट हेर्दा दुईवटा नदी बगाइदिए । ती नदीहरूमध्ये एउटा शुक्ल गण्डकी र अर्को कृष्णगण्डकी हुन् । त्यसैले यस ठाउँलाई कश्यप भन्दा भन्दै काश्यपी र काश्यपीबाट सजिलोको लागि अपभ्रंस हुँदै कास्की भएको उल्लेख पाइन्छ । पहिलेदेखि वर्णाश्रम प्रणालीअनुसार ब्रह्मचार्य, गृहस्थ, वानप्रस्थपछि संन्यास आश्रम लिई तपस्या गर्ने स्थल विशेष कारणले पीताम्बर परिधान गरी बस्ने ठाउँ हुनाले कषाय भनियो र त्यसै आधारबाट कास्की बनेको हुन सक्छ । झिनो आधारस्वरूप कास्की जिल्लाकै कास्कीकोट गाउँ विकास समिति मान्द्रेढुंगा गाउँमा बसोबास गर्ने गेरुवस्त्र लगाई गाउँ-गाउँ भीक्षाटन गर्ने संन्यासीहरूलाई लिन सकिन्छ । भनिन्छ संन्यास आश्रम ग्रहण गरेपछि स्त्री प्रारागबाट पैदा भएका सन्तति सन्यासी भए । यस क्षेत्रमा पहेँलो कपडा लगाउने हुनाले काषायकी भनिएको हो ।[४१]

कास्की भेकमा प्रशस्त स्लेट र ढुंगा खानी हुनाले घरका पर्खाल, दाना छाउन तीखन उध्याउन र साँध लगाउन मिल्ने कडा ढुंगा खानी हुनाले त्यस्ता ठाउँलाई काष भनिन्थ्यो । त्यही काष शब्दको विकसित रूप कास्की हुन गएको कुरा धेरै चित्त बुझ्दो छ ।[४२]

कास्की क्षेत्रका पाटन, नदीका किनारपट्टि बाँझा क्षेत्रहरूमा यत्रतत्र सेतै काँस

---

३९ *ऐजन* ।

४० *ऐजन* ।

४१ *ऐजन*, पृ. ६७ ।

४२ *ऐजन* ।

फुलेका देखिन्छन् । काँस घाँसबाट छाना छाउन र गुन्द्री सुकुल बनाउन उपयोगी हुने हुँदा त्यही काँस शब्दबाट कास्की हुन सक्छ । किनभने काँस प्राचयम अव्यय “कि” उपसर्ग संयोजक वा निपात लागी कास्की बन्न सक्छ ।[४३] अर्को कुरा कास्कीमा काँस र तामाका खानी हुने र ती दुवै धातुहरू मिलाएर बलिया भाँडाकुँडा बन्ने हुनाले त्यस्तो ठाउँलाई “कसकुट” भनियो । त्यही कारणबाट पछि कास्की बन्न जाने कुरा अर्को आधारलाग्दो स्रोत हो ।

भाषाविद्हरुका आधारमा गुरुङ (तमु) भाषामा “कास” भन्नाले कछाड र खिव भन्नाले लगाउने अर्थात् “कास खिव” कछाड लगाउनेहरु बस्ने ठाउँ खिइदै कास्कीको नामाकरण हुन गएको कुरामा गुरुङ भाषाविद्हरुको भनाइ रहेको पाइन्छ ।[४४]

उपर्युक्त वर्णनबाट यो संकेत मिल्दछ कि कास्की-कासार, काश्यपी, काश्यप काषाय, काश, कास, कसकुट शब्द प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध राखी कालान्तरमा बन्न गएको स्थान विशेषको नाउँ हो । कास्की मध्यकालीन इतिहासमा महत्त्वपूर्ण ठाउँ रहेको हुनाले यसको नाउँ बन्नाका केही न केही आधारहरू हुनुपर्छ । महाभारत आदि पर्वमा भनिएको छ ।

“येन लिङ्गेन यो देशोयुक्तः समुपलन्यतः
ते नैव नाम्ना तं देश वाचय माहुर्मनीषिणं ॥[४५]

---

४३ *ऐजन* ।

४४ सुवेदी, *पूर्ववत्,* पादटिप्पणी नं. १३, पृ. २३ ।

४५ *महाभारत,* आदि पर्व २, १२ ।

২৭

## परिच्छेद : तीन

# पोखरा उपत्यकाको भौगोलिक तथा ऐतिहासिक पृष्ठभूमि

### ३.१. पोखरा उपत्यकाको भौगोलिक परिचय

विश्वमानचित्रमा पोखरा उपत्यका २८°१० देखि २८°१७ उत्तरी अक्षांश र ८३°५८'३० देखि ८४°२'३०° पूर्वी देशान्तरमा अवस्थित छ। पोखरा उपत्यका ६२५ वर्ग कि.मी क्षेत्रमा फैलिएको छ। यस उपमहानगरपालिकाको क्षेत्रफल भने ५४.४८ वर्ग किलोमिटर छ र यो समुद्र सतहबाट करिब ७५० मिटरको उचाइमा रहेको छ।[४५] पोखरा नेपाल दोस्रो महत्त्वपूर्ण शहर तथा प्राकृतिक सुन्दरताको भरिपूर्ण सुन्दर उपत्यका हो। यस उपत्यकाको पोखरा नामकरण कसरी भयो ? भन्ने बारेमा कुनै सबुत र सत्य प्रमाण पाउन सकिएको छैन। यसको नामकरणको बारेमा विभिन्न धारणाहरू पाएको छ। पोखरी शब्दबाट नै स्थानीय बासिन्दाहरू यो पोखरकिो पानी सुकेपछि मलिलो भूभाग वा बाली योग्य भूभागको निर्माण भएको हुनाले यसको नाम पोखरा रहन गयो भन्दछन्।

बाटुलेचौर कालिकाका पूजारी चोमनाथ तिमिल्सिनाको भनाइअनुसार पोखरीबाट बनेको हुनाले यस उपत्यकाको नाम पोखरा रहन गएको हो। हालको पोखरा शहरमा पहिले ठूलो पोखरी थियो र अहिले ८० फिट तथा १५० फिटको गहिराइमा बगेको सेती नदी पहिले माथिल्लो सतहमा नै बग्दथ्यो। त्यही नदीसित पोखरीको पानी बगेर गयो र एक उर्वरा मैदानको निर्माण भयो। यसरी पोखरीबाट बनेकाले यस उपत्यकाको नाम पोखरा रहन गएको हो।[४५]

भौगोलिक रूपमा हेर्दा लामो समय अगाडि पोखरा उपत्यकाको मैदानबाट हिउँको थुप्रो बहने गर्दथ्यो। यही हिउँको थुप्रो पानीमा परिणत भएपछि यसले भूक्षयको

संरक्षक तत्त्वहरूलाई पखाल्दै अति बेगले नरम जमिनलाई खोतल्दै गहिरो बनाई पानी यताउता नगई पाइपका नली जस्तै भएर उपत्यकाको मध्यभागमा लामो भई बस्यो। यसरी यही पानी पछि बाहिर गई पोखरामा भूमिको उत्पत्ति भयो भनी टोनी हेगनले पोखरा उपत्यकालाई पहिलेको काठमाडौं उपत्यकासँग दाँज्दछन्। नेपालको भूखण्डको निर्माण प्रक्रिया आजभन्दा ५७ करोड वर्षअगाडि शुरु भई ५० लाख वर्ष अघिसम्म कायम रहेको थियो। करिब ७ करोड वर्षअघि हिमालय पर्वत र १ करोड ४० लाख वर्षअघि महाभारत र चुरे पर्वत श्रृंखलाहरू उठान भए भौगर्भिक हलचलको उत्थानको बेला ठाउँ-ठाउँमा बनेका खाल्डोहरूमा पानी भरी तालहरूको निर्माण भयो। यसरी नेपालको मध्यपहाडी भागमा बनेको तालहरूमा पोखरा, काठमाडौं, बनेपा, खोपासी, पाँचखाल आदि उल्लेखनीय मानिन्छन्। यही कारणले गर्दा पोखरा उपत्यकामा त्यसबेला बनेको काललाई "प्राचनि पोखरा ताल" भन्ने गरिएको हो। यसबाट के स्पष्ट हुन्छ भने पोखरा शहरको नामकरण प्राचीन अस्तित्वमा रहेको त्यही विशाल जलाशय वा पोखरीको प्रसङ्गसँग गाँसिएको कुरा अत्यन्तै सान्दर्भिक देखिन्छ। नदी प्रवाहको कटान तथा भूखलनको परिणामले आजभन्दा करिब २ लाख वर्ष अघि भीमाद क्षेत्रबाट प्राचीन पोखरातालको पानी प्रवाहित भई बाहिर हुन थालेपछि पोखरा उपत्यका क्रमशः अस्तित्वमा आएको थियो। यस उपत्यकाको वर्तमान भौतिक संरचना भने आजभन्दा ई.पू. १,००० वर्षदेखि ७०० वर्ष अघिसम्मका भौगर्भिक हलचलबाट निर्माण भएको हो भन्ने भूगर्भवविद्हरूको अध्ययनको निष्कर्ष रहेको छ तर पोखरा उपत्यकाको वर्तमान भूसतहको वास्तविक कार्यक्रम कुन हो भन्ने सम्बन्धमा अझै गहन अध्ययन अनुसन्धानको खाँचो देखिन्छ।[४५]

गण्डकी प्रदेशका पहाडी भागहरूमा उत्तरतर्फका मंगोल जातिहरू गुरुङ, मगर आदिको प्रवेश प्राचीनकालमा नै भएको थियो। लिच्छवि राजा मानदेवले पशिचमतर्फ आफ्नो राज्यविस्तार गर्ने क्रममा मल्लपुरी पारीसम्म जाँदा कास्कीसमेत अधिनमा लिन सफल भएका थिए।[४५]

सोह्रौं शताब्दीमा आएर मिञ्चा खानका सातौं पुस्ताका कुलमण्डनले (जयन

खान) कास्कीको भूभाग पनि आफ्नो राज्यमा सम्मिलित गरे ।[४५]

बाटुलेचौर कालिकास्थानका पुजारीका अनुसार कुलमण्डन शाह कास्कीका राजा केही बढी शक्तिशाली भएको र आफ्नो शासन कालमा ६ महिना बाटुलेचौर दरबारबाट र ६ महिना कास्कीकोट दरबारमा बसेर शासन चलाएका थिए भन्ने अनुमान विन्ध्यवासिनीको लालमोहरमा १८७२ सालमा पुजारी नियुक्त गरेकोबाट गर्न सकिन्छ । यसबाट पोखरा त्यतिबेला आजको जत्रो ठूलो शहर त पक्कै थिएन तर पनि अस्थायी बस्ती चाहिँ पक्कै भएको थियो र बाटुलेचौर महत्त्वपूर्ण ठाउँ थियो भन्ने पुष्टि हुन्छ ।

नेपालको एकीकरण अभियानसम्म नेपालको अधिकांश मानवबस्तीहरू औलोबाट बच्नका लागि सुरक्षाको दृष्टिले र सामाजिक महत्त्वका कारणले उपत्यकामा नभई पहाडी थुम्काहरूमा केन्द्रित रहेको थियो किन भने स-साना राज्यको अस्तित्व देखिएसम्म यहाँ बारम्बार युद्ध भैरहने भएकाले पहाडी क्षेत्र महत्त्वपूर्ण नै थियो । विशाल नेपालको एकीकरण भई कास्की राज्य पनि विशाल नेपालमा समावेश भएपछि यहाँ निरन्तर युद्ध र भयको अवस्था समाप्त भयो जसले गर्दा यहाँ समथर भूमि वा उपत्यका माथिको आकर्षण बढ्न गयो । समय र परिस्थिति अनुकूल बन्दै गएपछि पहाडी पाखाहरूमा बस्ने मानिसहरूले विस्तारै उपत्यकाको समथर भूमि आवाद गर्दै जान थालेपछि यहाँ ब्राह्मण क्षेत्री, गुरुङ, मगर आदि जातका मानिसहरूको बसोबास हुन थाल्यो । यसपछि उपत्यकामा बस्ती बढ्दै जान थाल्यो । पृथ्वीनारायण शाहले उपत्यका आक्रमण गरेपछि सुरक्षाका लागि उपत्यकाका नेवारहरू पोखरा आएर बस्न थाले गोर्खाली आक्रमणबाट भक्तपुरका नेवारहरू इस्वी सम्वत् १७५५ तिर पोखरा आई व्यापार व्यवसाय गर्न थाले । कास्कीका राजा सिद्धिनारायण शाहले नेवारहरूलाई कुँडहर र अर्घौ पौवामा केही जमिन विर्ता पनि दिएका थिए ।[४५]

नेवार जातिको उपस्थितिले पोखरामा व्यापार व्यवसायको विकास भयो । यस भन्दा अगाडि पोखरामा रहेको परम्परागत हाट बजारको ठाउँमा स्थायी बजार नै विकसित भयो । जंगबहादुर राणा श्री ३ महाराज भएपछि उनले पोखरालाई कास्की

जिल्लाको प्रधान कार्यालय बनाएका थिए। राणाकालमा पोखरा एउटा महत्त्वपूर्ण प्रशासनिक क्षेत्रको रूपमा विकसित पनि भयो। मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङको व्यापारिक केन्द्र पनि भएको थियो। यसरी आधुनिक समयमा आउँदा पोखरा उपत्यका नेपाल राज्यकै एउटा महत्त्वपूर्ण शहरको रूपमा वा क्षेत्रको रूपमा विकसित भएको थियो। त्यसबेला पोखरामा रहेको संस्कृत विद्यापीठले गर्दा यो पश्चिम क्षेत्रको शिक्षा केन्द्रको रूपमा पनि थियो।

नेपालमा प्रजातन्त्र स्थापना भएपछि पोखरा उपत्यकाले विभिन्न क्षेत्रमा विकसित सन् १९५२ मा पोखरा र काठमाडौंका बीच हवाईमार्गको स्थापना भएपछि सोझै केन्द्रसँग यस उपत्यकाको सम्पर्क हुन थाल्यो। यातायातको साधनको रूपमा यहाँ सन् १९५७ मा जीप र सन् १९६१ मा गोरुगाडा भित्रिएको थियो। यातायातका यी सुविधाहरूले यहाँ बस्ती बढ्दै गयो। भारतीय र ब्रिटिस सेनामा कार्यरत जवानहरूले अवकाश लिएपछि आफूसँग रहेको पैसा यस उपत्यकामा जग्गा घडेरी किन्नमा लगाई गाउँबाट उपत्यकामा आउने परिपाटीको शुरुआत गर्न थाले सन् १९६० सालमा उच्च शिक्षाको लागि पृथ्वीनारायण बहुमुखी क्याम्पसको स्थापनापछि त यस क्षेत्रमा गाउँ-गाउँबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको पनि चाप बढ्न गयो। पोखरा पश्चिमाञ्चलको शैक्षिक केन्द्रको रूपमा पनि पोखरा केन्द्रबिन्दुका रूपमा रह्यो। यसरी दिनप्रतिदिन यहाँको बस्ती बढ्दै गयो। सन् १९६२ मा यस उपत्यकामा नगर पञ्चायतको रूपमा विकसित भयो। सन् १९६९ मा सिद्धार्थ राजमार्ग र सन् १९७४ मा पृथ्वीराजमार्गको निर्माण पोखरा उपत्यकालाई काठमाडौं र तराईको भैरहवासँग जोड्ने काम गऱ्यो।[४५] यी राजमार्गहरूले गर्दा पोखरामा व्यापार व्यवसाय द्रुततर रूपमा वृद्धि हुन थाल्यो भने देशका विभिन्न ठाउँमा रहेका व्यापारीहरूको आगमनलाई सजिलो बनायो र अस्पतालको निर्माणले पनि यहाँ बस्ती बढ्न गएको थियो।

वि.सं. २०१८ सालमा समानुपातिक रूपमा विकासका अवसरहरू सबै ठाउँ पुऱ्याउने उद्देश्यले ४ विकास क्षेत्रमा सम्पूर्ण देशलाई विभाजित गरियो। पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम पोखरा उपत्यकालाई बनाएपछि यहाँ विभिन्न क्षेत्रीय

प्रशासनिक र विकासका कार्यालयहरू खुल्न थाले भने त्यसका लागि आवश्यक पर्ने कर्मचारीहरूको बसोबास पनि यहाँ हुन गयो यसले गर्दा पनि यहाँको बस्ती ज्यादै बढ्न गई जनघनत्व वृद्धि भयो। सन् १९८५ मा यस उपत्यका चिकित्साशास्त्र अध्ययन संस्थान र सन् १९८७ मा इन्जिनियरिङ क्याम्पस तथा वनविज्ञान अध्ययन संस्थान खोलिएपछि पनि प्राविधिक शिक्षा लिनका लागि अधिराज्यका विभिन्न ठाउँबाट विद्यार्थीहरू यहाँ आउन थाले।[४५]

अन्तमा समयको परिवेशसँगसँगै पोखरा उपत्यकाले प्रशस्त मात्रामा विकास गर्दै गयो। यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सुविधाले गर्दा यहाँ उद्योग व्यापारको विस्तार भई यसले ठूलो बजारको रूप लियो भने उच्च शिक्षा प्राप्त गर्न आउनेहरूको केन्द्र पनि बन्यो। यसरी आज आएर यो उपत्यका नेपाल अधिराज्यको दोस्रो ठूलो र महत्त्वपूर्ण शहरको रूपमा विकसित हुन गएको छ।

### ३.२. पोखरा उपत्यकाको ऐतिहासिक पृष्ठभूमि

नेपालको दोस्रो ठूलो पर्यटकीय नगरका साथै पश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकाम पोखरा उपत्यका कास्की जिल्लामा अवस्थित छ। प्रारम्भमा यो उपत्यकाका बारेमा बुझ्नुपर्ने हुन्छ। पहिला शुरुमा यो उपत्यका तालको रूपमा थियो, त्यसै कारण यहाँ कुनै बस्ती योग्य ठाउँ नभएकाले यस उपत्यकामा मानवबस्ती थिएन। बस्तीयोग्य ठाउँ नभएकाले उपत्यकाको सेरोफेरोमा मानव बस्ती थियो। समयको अन्तराल पछि यस उपत्यकाको पानी तालको रूपमा थियो। निकास भएपछि यो उपत्यकाका मानवबस्तीयोग्य हुन गयो। यसरी पोखरा उपत्यकाको उत्पत्ति नै धेरै समयपछि भएकाले पोखरा उपत्यकामा मानवबस्ती पनि पछि हुन गएको थियो भन्न सकिन्छ। यसरी बस्तीयोग्य भएको पोखरा उपत्यकाको सामाजिक, सांस्कृतिक इतिहास छोटो चर्चा गर्नुपर्दा सर्वप्रथम यो उपत्यका बस्ती योग्य भएपछि के कस्ता मानव समुदायहरू यहाँ आएर बस्न थाले ?, बस्ने सिलसिलामा उनीहरू केकस्ता धर्म, संस्कृति, रहनसहन र परम्परा आदि अपनाउँदै समाजको विकास गर्दै गए ? भन्ने बारेमा अध्ययन गर्नुपर्ने देखिन्छ।

पोखरा उपत्यका बस्तीयोग्य भएपछि सर्वप्रथम यसै उपत्यका सेरोफेरोमा रहेका मानिसहरू यहाँ आएर बस्न थाले। यसपछि समय-समयमा विभिन्न जातिहरू धर्मावलम्बीहरू यहाँ आएर बसोबास गर्ने क्रम शुरु भयो। यहाँ बसोबास गर्न आएका विभिन्न मानव समुदायले आफूले पुर्ख्यौली थलोमा मनाउँदै आएका धर्म, संस्कृति, परम्परा र चाडबाडहरू यहाँ बसेर मनाउन थाले। आफ्नो सामाजिक र सांस्कृतिक पहिचानलाई जीवन्त राख्ने काम गरे। यसरी पोखरामा विभिन्न समूहका मानिसहरू आई आफ्नो जात, धर्म, संस्कृति, रहनसहन पनि क्रमशः विकसित हुँदै गयो।

यस उपत्यका क्षेत्रमा प्राचीनकालदेखि नै विभिन्न जातिहरू आएर बस्न थालेका थिए। प्राचीनकामा कर्णाली नदी पूर्व त्रिशुली गण्डकी पश्चिमको क्षेत्र ६ गुरुङ र ८ मगर सामन्त प्रमुखहरूको अधीनमा रहेको पाइन्छ।[४५] यसपछि मध्यकालमा आउँदा पोखरा भेगमा ९ घले गुरुङ, मगरातमा १२ मगरात र लमजुङ भेगमा ४ घले र गोरखा भेगमा ८ खसका राज्यहरू देखापरेका थिए।[४५]

सोह्रौं शताब्दीमा पोखरा भेगमा ९ घले गुरुङहरूलाई पराजित गरी शाह शासक जगति खानले कास्कीकोटमा आफ्नो राज्य स्थापना गरेका थिए। विचित्र खान जगतिखान र कुलमण्डन शाह एउटै व्यक्तिका भिन्न रूप थिए।[४५] यिनले दिल्ली सम्राटबाट शाह उपाधि प्राप्त गरेका थिए।

उपयुक्त तथ्यलाई हेर्दा शाह शासकहरूले यो क्षेत्र विजय गर्नुभन्दा अगाडि पोखरा भेगमा यिनै गुरुङ र मगरहरूको बाहुल्यता थियो। त्यसैकारण गुरुङ र मगरहरू यस भेगका आदिवासी थिए भन्न सकिन्छ तर उपत्यकामा नै यिनीहरू बसेबास भने थिएनन् कास्की राज्यको स्थापना गरेपछि कुलमण्डन शाहले यसै उपत्यकास्थित बाटुलेचौरमा हिउँदे राजधानी कायम गरेकोले यहाँ बस्ती बसाउने काम उनैबाट भएको हो कि ? भन्ने अनुमान गर्न सकिन्छ। कुलमण्डन शाहको दरबार भएकाले यहाँ क्षेत्रीहरूको बाहुल्यता रहेको थियो। तर पनि धार्मिक पूजाआजा गर्नाका लागि उनले ब्राह्मण र मनोरञ्जनका लागि गाइने जातिलाई लिएर आएका पनि थिए। राजा

कुलमण्डन शाहले जुम्लाबाट तिमिल्सिना ब्राह्मणलाई ल्याएर बाटुलेचौरस्थित दरबार नजिकै रहेको कालिकाथानको पुजारी बनाएका थिए । पुजारीलाई बस्नका लागि जग्गा पनि दिएका थिए, आज पनि हामी उनै राजाले बस्न दिएकै जग्गामा बसेका छौं भन्ने कुरा पुजारी चोमनाथ बताउनुहुन्छ ।[४५] तर पोखरा उपत्यकामा सबैभन्दा पहिले बस्ती बसाउने जातिको रूपमा पराजुली ब्राह्मणहरू रहेको भन्ने धारण पनि पाइन्छ । निलाम्बर पण्डित कास्कीका राजाको पुरोहित भएको र पुरोहित भएबापत् पोखरामा जमिनको कर तिर्न नपरेको लालमोहर र पछि उनका सन्तान कमलाकर पण्डितको नाममा गिर्वाणयुद्ध विक्रम शाहको समयमा १८६० मा उक्त जग्गा दर्ता भएको थियो । १८७७ मा उक्त जग्गा निलाम्बर पण्डितकै खलक रत्नाकर पण्डित पराजुलीको नाममा बिर्ता लालमोहर दिइएको थियो ।[४५] यसरी पोखरामा बस्ती बसाउने क्रमशः सर्वप्रथम यहाँ तिमिल्सिना, पौड्याल, पराजुली, कोइराला आइपुगेका थिए । पोखरा आएका यिनै ब्राह्मण र क्षेत्रीहरूले आफ्नो हिन्दु धर्म संस्कृति र परम्परालाई उपत्यकामा बसेरै मनाउन थाले । आफ्ना देवीदेवताका मन्दिरहरूको निर्माण र सरक्षण गर्न थाले । जातअनुसारको पहिरन र खानपिन शुरु गरे । धार्मिक कट्टरताका नियमहरू त्यसबेला भएकाले ब्राह्मण क्षेत्रीहरूले खेतीपातीका लागि कपडाका लागि उत्पादनमूलक औजार निर्माणका लागि दमाई, सार्की, कामी आदि जातिलाई पनि यहाँ ल्याउने काम अवश्य गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ । यसरी ब्राह्मण, क्षेत्रीका साथसाथै सार्की, कामी, दमाई आदिको बसोबास पनि पोखरामा हुन गयो । सेरोफेरोमा रहेको गुरुङ र मगरको उपत्यका झर्ने क्रम भने नगण्य थियो ।

पोखरा आउने क्रममा कास्कीका राजा सिद्धिनारायण शाहका समयताका ई.स. १७५२ तिर सर्वप्रथम भक्तपुरे नेवारहरूट आएर व्यापार गरी बस्न थालेका थिए । त्यसपछि काठमाडौं, बनेपा, पाटन, कीर्तिपुर आदि ठाउँका नेवारहरूको आगमन पनि पोखरामा भयो । पोखरामा आएका विभिन्न जात र धर्मका नेवारहरूले यहाँ रहेका ब्राह्मण-क्षेत्रीहरूसँग मिलेर बस्न थाले । पोखरामा आएपछि नेवारहरूले आफ्नो पुर्ख्यौली थलोमा मनाउँदै आएका जातीय संस्कृति, परम्परा, रीतिरिवाज, चाडपर्व,

जात्राहरू आदि पोखरामा नै मनाउन थाले, चलाउन थाले। विस्केट जात्रा, लाखेनाच, भैरवनाच, बाघ जात्रा, गाईजात्रा, घण्टाकर्ण, फागु पूर्णिमा आदि नेवारहरूले मनाउने प्रमुख चाडपर्वहरू थिए। पोखरा आउने क्रममा नेवारहरूले आफ्नै जातीय विशिष्टताका अनेकौं नृत्य, परम्परा जात्रा आदिलाई आफ्नो संस्कारको रूपमा भित्र्याए। नेवारहरूले मनाउने प्रमुख चाडपर्वहरू थिए। पोखरा आउने क्रममा नेवारहरू आफ्नो जातीय विशिष्टताका अनेकौं नृत्य परम्परा, जात्रा आदिलाई आफ्नो संस्कारको रूपमा भित्रयाए। नेवारहरूले मनाउने गरेका देवीदेवताको पूजा, जात्रा आदिमा यहाँ रहेको ब्राह्मण क्षेत्री आदि जातिले आस्था र विश्वास प्रकट गर्न थाले, मनाउँदै पनि आए। यहाँ बसोबास गर्न आउने नेवारहरूमा हिन्दु र बौद्ध दुवै सम्प्रदायका थिए। त्यसैगरी ब्राह्मण, क्षेत्रीहरूले मनाउँदै आएका देवीदेवताहरू, दशैं, तिहार, कृष्णजन्माष्टमी, जनैपूर्णिमा, शिवरात्रि आदि चाडपर्वहरू धार्मिक संस्कारहरू पनि यहाँका नेवारहरूले मनाउन थाले। यसरी यहाँ बसोबास गर्न आउने हरेक जाति र समुदायका बीच धार्मिक र सामाजिक सद्भाव बढ्दै गयो। अन्य जातिका तुलनामा नेवारहरूका मनोरञ्जनपूर्ण चाडपर्व जात्राहरू र नाचहरूले अन्य जातिलाई एक आपसमा मिलाएर सामाजिक अन्तरसमबन्ध कायम गर्ने साधन बन्यो भने यहाँ रहेका नेवारहरूले व्यापारका साथसाथै सामाजिक र सांस्कृतिक सम्पर्कलाई बढाउन पनि थाले। उनीहरूले आफ्नै मातृभाषा प्रचलनमा ल्याए।[४५]

तराईबाट माथि पाल्पा, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, बर्नी र मुस्ताङ जस्ता हिमाली र पहाडी क्षेत्रमा सामान पुऱ्याउने र उत्तरी क्षेत्रबाट तराईमा सामान ओराल्ने (खस्यौली, बुटवल-टुकुचे मार्ग) व्यापारिक केन्द्र भएकाले पोखरामा व्यापारिक गतिविधिहरू बढ्न थाले। मुक्तिनाथको दर्शन गर्न जाने पर्यटकका लागि पनि पोखरा संगमस्थल बन्न गयो। व्यापारिक गतिविधिहरू बढ्न थालेकाले हिमाली क्षेत्रका व्यापारी जाति थकालीहरू पोखरामा ओर्ली व्यापारिक गतिविधिमा (होटल व्यवसाय, घोडा, खच्चड, ढुवानी व्यवसाय, व्यापार व्यवसाय आदि) तल्लीन रहन थाले। थकालीहरू विशेष गरी होटल व्यवसाय र अतिथि सत्कारमा प्रसिद्ध छन्।

पोखरामा आएपछि थकालीहरूले आफ्नै संस्कृति, रीतिरिवाज, रहनसहन र परम्परालाई कायमै राखे यी थकालीहरू लामा धर्म र हिन्दु धर्मबाट प्रभावित भएको पाइन्छ। थकालीहरूले समाजमा बसेपछि समाजको कमजोर सदस्यलाई सहयोग गरी माथि उठाउन पर्दछ। सामूहिक विकास गर्नुपर्दछ भन्ने मान्यता अनुरूप चलाउँदै आएको "ढिकुटीप्रथा" लाई पोखरामा पनि भित्र्याए। सामाजिक र जातीय उत्थानका लागि यो प्रथा ज्यादै उपलब्धिजनक काम थियो। ढिकुटी प्रथाको प्रभाव यहाँ रहेका अन्य जातिहरूमा पनि पर्न गयो।[४५]

वि.सं. २००७ सालको परिवर्तनपछि पोखरामा हवाईमार्ग र अन्य यातायात वा सवारी साधन शुरुवात भएपछि र औलोको प्रकोप समाप्त भएपछि पोखराको आकर्षण झन् बढ्न गयो, काठमाडौं-पोखरा हवार्यसेवा राजधानीसँग पोखरालाई ज्यादै नजिक बनायो। यिनै सुविधाहरूले पोखरा उपत्यकाको सेरोफेरोका साथै बाहिरबाट पनि विभिन्न धर्म समुदायका मानिसहरूको आगमन तीव्र रूपमा हुन थाल्यो। यस अवधिमा पोखराको सेरोफेरोमा रहेका गुरुङ र मगरहरूको पोखरा झर्ने क्रम तीव्र भयो। यहाँ झरेका गुरुङ, मगर, तामाङ, भोटे आदि हिन्दु र बौद्ध धर्मका अनुयायी थिए। यहाँ बसोबास गर्न आएपछि मगर, गुरुङ, तामाङ अीदले आफ्नै धर्म, संस्कृति, परम्परा र चाडबाडहरू मनाउन थाले भने पोखरामा चलिरहेका दशैं, तिहार, बुद्धजयन्ती, शिवरात्रि आदि पनि उत्तिकै रूपमा मनाउन थाले। यसका साथै गुरुङहरूले ल्होसार पर्व, मगरहरूले वैशाख पूर्णिमा (चन्द्री पूर्णिमा) ताङ्वेहरूले तोरन्लोलाई आफ्नो जातीय महत्त्वको पर्वको रूपमा मनाउँदै आए। यसरी पोखरा विभिन्न धर्म, सम्प्रदाय, जातजातिहरूको बसोबासस्थल बन्दै गयो र यहाँ मानिसहरू बसाई सर्ने क्रम तीव्र भई जनसङ्ख्या प्रशस्त बढ्न गयो भन्न सकिन्छ।

अहिलेको यस उपत्यकामा जनसङ्ख्या बढ्दो चापकै कारणले गर्दा जनसङ्ख्या वृद्धि भई हरेक क्षेत्रमा यसको प्रभाव परेको पाइन्छ। यसरी हेर्दा विशेष गरेर शैक्षिक क्षेत्र र व्यापार क्षेत्रमा व्यापक प्रभाव परेको देखिन्छ। पोखरामा चारैतिरबाट आएका हरेक जातजातिहरू र धर्मावलम्बीहरूको आगमन पोखरामा भयो। यसरी विभिन्न

समयमा आएका यी विभिन्न धर्म र सम्प्रदायका मानिसहरूले एकातर्फ यहाँ रहेका विभिन्न जातिले मनाइँदै आएका चाडपर्व रीतिरिवाजप्रति आस्था र विश्वास देखाउन थाले भने अर्कातर्फ आफ्नो पुर्ख्यौली धर्म, संस्कृति, रीतिरिवाज, परम्परा र चाडपर्वहरूलाई यहाँ मनाउन थाले, जीवन्त राख्न थाले । समाजमा रहेका विभिन्न जाति र धर्मालम्बीहरूले एक अर्काको धर्म, संस्कृति र परम्पराप्रति सद्भाव देखाउन थाले । जसले गर्दा यहाँको सामाजिक जनजीवन एक आपसमा मेलमिलाप, सौहार्द्रता र सहयोगमा परिणत भयो । धर्म र सम्प्रदाय, रीतिरिवाज र परम्परामा विविधता भएतापनि पोखरा उपत्यकाका जनतामा सामाजिक एकता कायम हुन गयो ।

आफ्नो रीतिरिवाज, परम्परा र संस्कृतिलाई जीवन्त राख्नका लागि विशेष पूजाआजा समारोह तथा विभिन्न कार्यक्रम सम्पन्न गर्नाका लागि थकाली, गुरुङ, मगर, नेवार, ताङ्वे आदि जातिले कार्यक्रम गर्न योग्य भवन (समाजघर) को स्थापना गर्न थाले । यी समाजघर जुनसुकै धर्मसंस्कृतिका जनतालाई निश्चित रकम तिरेर उपभोग गर्न पाउने सुविधा पनि प्रदान गरेर यस्ता समाज घरको निर्माणले विभिन्न जातजातिलाई आफ्नो रीतिरिवाज, परम्परा अनुसारका कार्यक्रमहरू गर्न ज्यादै सजिलो पुग्न गएको छ ।

यस्तै गरी पोखरा उपत्यकामा रहेका विभिन्न धार्मिकस्थल, मठमन्दिर, बौद्ध स्तुप, गुम्बा आदिले यहाँको धार्मिक, सामाजिक र सांस्कृति इतिहासलाई स्पष्ट पारिदिएको छ । यस्ता मठमन्दिर, स्तुपहरूमा विन्ध्यवासिनी, गणेश, भैरव, भीमसेन, सरस्वती, शिव, कृष्ण, बाराही, भद्रकाली, अकलादेवी, शोभाभगवती, राममन्दिर, मैत्रीचैत्य, नारायणस्थान धर्मशाला, बुद्ध विहार नदीपुर कर्मसिद्ध परम्परा धर्मचक्र द्विपस्य विहार माटेपानी, विश्वशान्ति स्तुप अनदू महत्त्वपूर्ण छन् । यी मठमन्दिर बौद्ध, स्तुपहरूमा रहेका वसतुकला, चित्रकला, मूर्तिकला आदिले पोखराको सांस्कृतिक स्थितिलाई प्रष्ट देखाइदिने काम गरेका छन् । अर्कोतर्फ यहाँ रहेका मानव समुदायले चलाउँदै आएका जात्रा पर्व आदिले पनि पोखराको सांस्कृतिक इतिहासलाई जीवन्त राख्न मद्दत पुऱ्याएका छन् र यहाँ बसोबास गर्ने सबै जातजातिहरूले एक अर्का

धर्मसंस्कृतिलाई आदर गर्दै एक जातिले मनाउने जात्राहरूलाई अरू जातिले पनि सहयोग गरी हरेक जात्राहरूलाई भव्य रूपमा सञ्चालन गर्न सहयोग गरेका छन् भने एकआपसमा सुखदुःख बाँडेर अति मिलनसार भएर बसेका देखिन्छन् ।[४५]

# परिच्छेद : चार

# नेवारहरूको उत्पत्ति र आगमन

## ४.१ पोखरामा नेवारहरूको आगमन

पोखरामा नेवारहरूको आगमन वा प्रवेश कहिले भयो भन्ने सम्बन्धमा यस क्षेत्रका इतिहासविद्हरूमा एकमत पाइएको छैन । लिखित ऐतिहासिक स्रोतहरू पनि भेटाउन सकिएको छैन । वि.सं. १७१४ भन्दा अगाडि पुरानो नेवार बस्तीका रूपमा भीमसेनटोलबाट कुँडहर पूर्वमा बैदाम दक्षिण र पश्चिममा बाटुलेचौर, लामाचौर र हेम्जा उत्तरसम्म फैलिएको थियो । प्रमुख व्यापारिक केन्द्र रानीपौवा (साँगुको मुख) हाल विशाल बजार अगाडि, तेर्सापट्टी, नालाकोमुख, भीमसेनटोल, भैरवटोल ( लामाचौतारा), मोहरिया टोल र बागबजार आदि थिए । यी केन्द्रहरू सम्पर्कका रूपमा र समाजमा विनिमयको प्रमुख केन्द्रका रूपमा चिनिन्थे ।[४५]

मध्यकालीन नेपालको इतिहासमा पोखरा उपत्यकाको महत्व कम थिएन । पोखराले अठारौं शताब्दीमा राजनीतिक महत्व प्राप्त गऱ्यो । मध्य अठारौं शताब्दीभन्दा पहिले नेवार समुदायमा आ-आफ्नो विभिन्न सीप जस्तै धातु निर्माण, काष्ठकला, ढुङ्गा, लघु उद्योग, व्यापार लगायत प्रशासनिक कार्य र सांस्कृतिक क्रियाकलापसहित पोखरा उपत्यकामा पूर्णरूपमा वस्तुकलाको विकास हुन गयो, यसमा यिनै नेवार समुदायहरूको देन थियो । यी समुदायहरूको घरको निर्माण बनोट पिरामिड आकारको यसको अलावा भीमसेन मन्दिर, भैरव मन्दिर, गणेश मन्दिर शोभा भगवती मन्दिर, शिव मन्दिर, गोपालजी मन्दिर र बौद्धलाई एउटा प्रमुख देवताको प्रतीकका रूपमा मान्दछन् । यी समुदायहरूले चौतारा पोखरीहरूको पनि निर्माण गरेका थिए ।

यस तरिकाबाट समयको अन्तरालमा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा नेवारहरूले पोखराका सुनौलो इतिहास निर्माण गरेका छन् । नेवारबस्तीको बसाइसँगै शहरीकरण, बजारको विकास हुँदै गएको पाइन्छ । यसका साथसाथै शहरी संस्कृतिको

पनि विकास भएको पाइन्छ। पोखरामा नेवार समुदायको बसाइ तथा आगमनका सम्बन्धमा लिखित ऐतिहासिक सामग्रीको अपर्याप्तताको कारणबाट नेवारहरूको आगमन र नेवार समुदायको चाडपर्व, धर्म, संस्कृति र जात्राहरूको बारेमा प्रशस्त आधारहरू भेट्टाउन सकिएको छैन। ब्रुजुकहरू नेवार नागरिकहरूको भनाइ अनुसार करिब ४०० वर्षअगाडि नेवारहरूको एउटा सानो समुदायको समूह पोखरामा आएको अनुमान गरिन्छ।[४५] व्यापार र लघु उद्योग फैलाउने उद्देश्यले उनीहरू पोखरालाई एउटा कृषि कार्यको लागि सुहाउँदो ठाउँको रूपमा मान्दथे। सफा र स्वास्थ्य वातावरण उनीहरूले यस ठाउँमा प्राप्त गरे प्रशस्त मात्रामा पानीका स्रोतहरू सुनौलो भू-बनोट, प्रशंसनीय छिमेकी समुदाय र भविष्यका धेरै सम्भावनाहरूलाई उनीहरूले देखेर पोखरामा स्थायी रूपमा बसोबास गर्न थालेको अनुमान गर्न सकिन्छ। यसरी पोखरामा नेवार समुदायको बसोबास भएको पाइन्छ।[४५] हालको भीमसेन टोलबाट पोखराको बस्तीको विकास भएको भन्ने कुराको प्रमाण भीमसेन टोलमा रहेको भीमसेन मन्दिरभित्रको ताम्रपात्रमा उल्लेख भएकोलाई लिन सकिन्छ।

पोखरामा नेवारहरूको जनसङ्ख्याको चर्चा गर्नुपर्दा भौगोलिक र सांस्कृतिक दृष्टिकोणबाट यो शहर अत्यन्तै महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ। पोखरा प्राकृतिक सौन्दर्यतामा मात्र धनी शहर हो भने यो शहरमा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक रूपले पनि सम्पन्न शहरको रूपमा चिनिन्छ। यो शहरमा परापूर्वकालदेखि विभिन्न जातजाति र जनजातिहरू बसोबास गर्दै आइरहेको पाइन्छ। यहाँ बसोबास गर्ने जनसङ्ख्याको आधारमा हेर्ने हो भने अत्यन्तै विविधता रहेको पाइन्छ।

**तालिका नं. १ पोखरामा बसोबास गर्ने समुदायहरूको विवरण[४५]**

| क.सं. | समुदायहरू | जनसङ्ख्या प्रतिशत |
|---|---|---|
| १. | ब्राह्मण | २२.८३% |
| २. | गुरुङ | २१.६२% |
| ३. | मगर | ८.२०% |

| | | |
|---|---|---|
| ४. | क्षेत्री | १५.३५% |
| ५. | नेवार | १.०५% |
| ६. | तामाङ | २.६५% |
| ७. | मुस्लिम | १.२१% |
| ८. | थकाली | १.०८% |
| ९. | राई | ०.८४% |
| १०. | ठकुरी | १.५५% |
| ११. | दलित | ८.७१% |
| १२. | सन्यासी | ०.९६% |
| १३. | नाम उल्लेख नभएका | १.५२% |
| १४. | अन्य | ११.३२% |

करिब ५,५६५ कि.मी. क्षेत्रफलमा रहेको यस पोखरा उपमहानगरपालिका क्षेत्रमा ३७, ३०५ घरमा ३,२४९ (८.७१) नेवार समुदायहरू बसोबास गर्दै आएको पाइन्छ । कुल १५,७१० नेवार जनसङ्ख्यामध्ये महिला जनसङ्ख्या ७,७१० नेवार जनसङ्ख्यामध्ये महिला जनसङ्ख्या ७,७२४ पुरुषको सङ्ख्या ७,९८६ जना रहेको पाइन्छ । नेवारको जनसङ्ख्या वृद्धिदरलाई हेर्ने हो भने ३.०८% रहेको पाइन्छ ।[४५]

४.१.१ पोखराका प्रमुख नेवार बस्तीहरू

यी विभिन्न जाति तथा जनजातिहरूको सम्मिश्रणको रूपमा पोखरा उपत्यका रहेको छ । यस उपत्यकाभित्र बसोबास गर्ने अनेक जातिहरूमध्ये सबै जातिको विश्लेषण गर्न सम्भव नभएकाले यस अध्ययनमा नेवार जातिहरू विशेषत: निम्न क्षेत्रमा छरिएर रहेको पाइन्छ । मोहरिया टोल, भैरवटोल, भीमसेन टोल, गणेशटोल, रामकृष्ण टोल, बगालेटोल, तेर्सापट्टी, पोडेटोल, रानीपौवा, न्यूरोड, सिमचौर, नयाँबजार, बागबजार, ठाडोपसल, गौंडाकोमुख र कुँडहर क्षेत्रमा लामो समयदेखि नेवारहरूको

बसोबास गर्दै आएका छन् ।[४५]

### ४.१.२ नेवार शब्दको उत्पत्ति र विकास

नेपाल नामको सृजना एवम् विकासका सन्दर्भमा नेवार शब्दका उत्पत्रि र विकासको बारेमा विभिन्न विचारहरू र सिद्धान्तहरू विकास भएको छ ।

### ४.१.३ नेवारहरू दक्षिण भारतको मालवा

समुन्द्री किनारमा अवस्थित नायर भन्ने स्थानबाट नेपाल उपत्यकामा आएको र नायर भन्ने स्थानवाचनक शब्दको अपभ्रंश भई नेवार भन्ने शब्दको सृजना भएको हो भन्ने भनाई रहेको पाइन्छ । यस्तै वंशावलीमा पनि "नायर भन्याको देशको निवासी नेवारहरू भया" भनी उल्लेख गरिएको पाइन्छ । यो सिद्धान्त धेरै समय अघिदेखि बौद्धिक वर्गमा चर्चाको विषय बन्दै आएको छ ।[४५]

- नेवार भन्ने शब्द देशवाचक र जातिवाचक शब्द नेपारबाट अपभ्रंश भई क्रमशः नेवार भएको र नेवार शब्दले भने जातिवाचक शब्दको रूप लिइएको पाइन्छ । तामाङ भाषाको न्यावी शब्द नेवार शब्दकै संक्षिप्त रूप हो ।

- नेवारहरू (विशेषतः हिन्दू वर्ग) राजस्थानको "निवाड" भन्ने स्थानबाट आएको र कर्णटकवंशी नान्यदेव यिनीहरूको पुर्ख्यौली रूप हो भन्ने विचार शिवराज श्रेष्ठ मल्ले व्यक्त गर्नुभएको छ । त्यस्तै कुलचन्द्र कोइरालाले पनि नेवार राजा जयस्थिति मल्लका सन्तानहरू कर्णटकवंशी नान्यदेव वंशजहरूको पुत्रिका पुत्रहरू भएको र उनीहरू रघुवंशी माण्डव गोत्र भएको कुरालाई स्वीकार गर्नुभएको पाइन्छ ।

- नेवार कुनै जात मात्रै होइन ब्राह्मण, क्षत्री, वैश्य, शुद्र जस्ता चार वर्णहरू सहितको एउटा समुदाय हो । नेवार नेपाल राष्ट्रसित अति घनिष्ट

रूपले प्राचीनकालदेखि नै सम्बन्धित रहिआएको आदिवासी एवम् भूमिपुत्र हो यसको आफ्नो स्वतन्त्र पहिचान रहिआएको छ ।

- नेवार कुनै समयमा नेपाल उपत्यका बस्ने जुनसुकै जातजातिका लागि प्रयोग गरिने शब्द थियो । नेपाल उपत्यकाबाट सन् १६०५ मा राजा राम शाहको समय व्यापार गराउने उद्देश्यले गोर्खा लगिएका नेवारहरूले नै सबैभन्दा पहिले उपत्यका निवासीहरूलाई जातिवाचक शब्दको रूपमा नेवार शब्द प्रयोग गरेका थिए भन्ने मत पनि रहेको पाइन्छ ।[४५] तत्पश्चात् सन् १६५४ मा राजा प्रताप मल्लले आफ्नो लायकु (राजदरबार) मा राख्न लगाएको शिलालेखमा नेवार भाषा- नेपाल भाषाको लिपिको सन्दर्भमा नेवार भन्ने शब्दको प्रयोग हुनुपूर्व तत्कालीन नेपालको निवासीहरूलाई क्रमशः “नेपार” र नेपाल शब्दहरू नै जातिवाचक शब्दको रूपमा प्रयोग गरी सम्बोधन गरिन्थ्यो भन्ने कुराको अनुमान गर्न सकिन्छ ।
- नेवार एउटा भूमिपुत्र आदिवासी जनजातिको समुदाय मात्र होइन वास्तविक रूपमा यो आफैमा एउटा राष्ट्र पनि हो यस तथ्यलाई डिल्लीरमण रेग्मीले स्वीकार गर्नुभएको छ । यसलाई पुष्टि गर्न मुख्यतया तीनवटा कुराहरू छन् जुन साझा भाषा, साझा आर्थिक सम्बन्ध र साझा संस्कृति छन् ।

## ४.२ नेवार समुदायको बनावट र पृष्ठभूमि

नेवार समुदायको बनावट र पृष्ठभूमिको चर्चा निम्न बुँदाहरूलाई आधार मानेर गर्न सकिन्छ । जसअनुसार -

क) आदिम पुर्खाहरू

ख) किराँत नेवारहरू

ग) लिच्छविहरू

### क) आदिम पुर्खाहरू

प्राचीनकालमा तलाउका रूपमा रहेको नेपाल उपत्यकाको पानी चोभारको गल्छीबाट निकास पाएपश्चात् करिब ३ हजार वर्षपहिले यहाँ मानव बस्तीको विकास भएको थियो। त्यसरी मानव बस्तीको विकास गर्ने गोपाल र महिषालहरू नै (नेपाल भाषामा क्रमशः सापरमे पु भनिने) वर्तमान नेवार समुदायका आदिम पुर्खाहरू हुन्। यो गोपाल र महिषपाल वंशका राजाहरूले नै नेपाल उपत्यकाको इतिहासको शुरुवातको अवधिमा नै राज्य सञ्चालन गरेका थिए। उनीहरूबाट नेवार समुदायको बनावटको क्रम शुरुवात भएको थियो।

ख) किराँत नेवारहरू : प्राचीनकालमा गोपाल र महिषपालहरूबाट किराँतीहरूले शासनभार आफ्नो हातमा लिएका थिए। काठमाडौं उपत्यकाका किराँतहरूले आर्यावर्तको आर्यहरूबाट सभ्यताको प्रकाश पार्न सफल भएकाले अन्य किराँती समूहहरूको तुलनामा उनीहरू निकै सभ्य र विकसित अवस्थामा पुगेका थिए। यी किराँतीहरूलाई नै बाबुराम आचार्यले “किराँत नेवारहरू भन्नु भएको छ। उनीहरू पनि नेपालका आदिम जाति हुन् भन्ने विचार बाबुराम आचार्यले व्यक्त गर्नुभएको छ।[४५]

ग) लिच्छविहरूः विक्रम सम्वत्पूर्वको दोस्रो शताब्दीतिर नेपाल उपत्यकामा बौद्ध धर्मको निकै मात्रामा प्रचारप्रसार भएको थियो। यो बुद्ध धर्मको पहिलो प्रवाह थियो। यसबाट तत्तकालीन किराँत नेपार/नेवारहरूको संस्कृति शान्तिमय हुन गएको थियो। फलस्वरूप वैशालीबाट पलायन भई नेपाल उपत्यका प्रवेश गरेका लिच्छविहरूले किराँती नेपार/नेवारहरूलाई सजिलैसित पराजित गरी शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए। यी लिच्छविहरूसँग अन्य समूहहरू (विशेषतः विदेह) पनि उनीहरूकै सहयोगीका रूपमा आएका थिए। लिच्छविहरू क्षेत्रीय थिए भने विदेहहरू विशेषत ब्राह्मण वर्गका थिए। जे भएतापनि अल्प संख्यामा रहेका लिच्छविहरूले बहुसंख्यामा रहेका स्थानीय किराँत नेपार/नेवारहरूको भाषा बोल्न र उनीहरूको संस्कृतिलाई अपनाउन बाध्य भएका थिए। फलस्वरूप कालान्तरमा यी लिच्छविहरू पनि नेवार समुदायमा विलिन हुन पुगे।[४५]

## ४.३. नेवार समुदायको परिचय

वि.सं २०५८ सालको जनगणनाको तथ्याङ्कमा नेवार समुदायको जनसङ्ख्या १२,४५,२३२ देखाएको छ। यो नेपालको जम्मा जनसङ्ख्या ५.५% हुन आउँछ। तीन लाख वा सो भन्दा बढी जनसङ्ख्या भएका जातजातिहरूमध्ये नेवार समुदाय छैटों स्थानमा पर्दछ। विकास क्षेत्रका दृष्टिकोणबाट भन्ने हो भने मध्यमाञ्चल विकास क्षेत्रका सबैभन्दा बढी ७,६१,८४८ (६१.१८) नेवारहरूले बसोबास गर्दै आएको पाइन्छ। जिल्लास्तरीय दृष्टिकोणबाट भन्ने हो भने काठमाडौंमा सबैभन्दा बढी ३,२०,२४४ नेवारहरूको बसोबास रहेको छ भने हुम्लामा सबैभन्दा कम अर्थात् जम्मा १४ जना नेवाहरू बसोबास गरेको पाइन्छ। कुल १२,४५,२३२ जनसङ्ख्यामध्ये उनीहरूको आफ्नो पुर्ख्यौली थलो काठमाडौं उपत्यका हो। नेवारहरू नेपाल अधिराज्यभरि छरिएर बसोबास गर्दै आएका छन्। विशेषतः विराटनगर, धनकुटा, धरान, राजविराज, चयनपुर, पोखरा, बन्दीपुर, नारायणगढ, बागलुङ, डोटी, नुवाकोट, वीरगञ्ज आदि नगर तथा गाउँघरमा बसोबास गरेको पाइन्छ। अन्य समुदायहरूका तुलनामा शहरी क्षेत्रमा बसोबास गर्ने नेवाहरूको सङ्ख्या बढी नै रहेको पाइन्छ। यसरी विभन्नि नगर एवम् ग्रामीणभित्र अन्य जातजातिहरूको तुलनामा अझै पनि बढी भएको पाइन्छ। त्यस्तै इतिहासको कालखण्डमा धार्मिक द्वेषका कारण तत्कालीन शासकहरूबाट देश निकाला गरिएको नेवारहरूको बाक्लो समुदाय हालसम्म पनि भारतको बेतिया र रामनगरमा देख्न पाइन्छ। त्यस्तै अन्य विभिन्न कारणहरूबाट विभिन्न समयमा नेपालबाट निर्वासित भई गएका नेवारहरूको सन्तानहरूको बस्तीहरू हालसम्म अन्य बस्तीमा पनि पाइन्छ।

नेपाल बहुजातिको साझा फूलबारी हो। नेपालको ५९ वटा जनजातिमध्ये नेवार जाति पनि एक हो। नेवार जातिको पनि आफ्नै मौलिक पहिचान र विशेषता रहेका छन्। करिब दुई करोड पैतीस लाख जनसंख्या भएको सानो मुलुक बहुजातिको साझा फूलबारी हो। यहाँ अनेकथरिका भाषा बोलिन्छन्। अनेकथरिका धर्मप्रति आस्था राखिन्छन्, अनेक थरिका चाडपर्व र जात्राहरू मनाउने थुप्रै जातजातिहरू हिमालको

अति विकटदेखि तराईका सुगम फाँटहरूमा बसोबास गर्दै आएका छन्। नेपालका ६१ वटा जनजातिहरूमध्ये हिमालमा २० वटा पहाडमा २३ वटा र तराईमा १८ जातिहरू बसोबास गर्दै आएको पाइन्छ। यीमध्ये आफ्नै किसिमको मौलिक संस्कृति पहिचान बोकेका परम्परागत जात्रा, भाषा, धर्म, रीतिरिवाजले ओतप्रोत भएको परम्परागत भौगोलिक क्षेत्रको आफ्नै लिखित वा अलिखित इतिहास भएको एक उन्नत तथा चेतनशील जातिको रूपमा नेवारहरूलाई मान्न सकिन्छ। यो जातिका मौलिक संस्कृति छुट्टै पहिचान भाषा धर्म रीतिरिवाज परम्परागत सामाजिक संरचना लिखित वा अलिखित इतिहास आदि भएको कारणबाट नेपालभित्र यो जातिले एक छुट्टै परिचय बनाएको पाइन्छ।[४५]

नेवारहरू को हुन् भन्ने सन्दर्भमा लुसियानो पेटेजका अनुसार नेवारहरू मंगोल हुन्। यसै गरी यम यान्डर्फको विचारमा यो जाति तिब्बत या चीनतर्फबाट नेपाल आएका मानिसको समिश्रणबाट उत्पत्ति भएको हो। डा. राजेश गौतमको भाषा वंशावलीमा यिनीहरूलाई ब्रह्मपुत्र क्षेत्रीय भनिएको छ। यिनीहरूको आदिम स्थल भनिएको छ। यिनीहरूको आदिम स्थल भारतको नायर प्रदेश हो। यिनीहरू कर्नाटक वंशीय राजा नान्य देवका साथ नेपाल आएका हुन्।[४५]

गोपालसिंह नेपालीका भनाइअनुसार “नेवार जाति दक्षिण भारतबाट नान्यदेवसँग आएका नायरहरू पछि गएर नेवार भएका हुन्” उनका भनाइअनुसार दक्षिण भारतमा बसोबास गर्ने नायरहरू करिब एघारौं शताब्दीतिर नेपाल पसेका हुन्।[४५]

यस्तै ओल्ड फिल्डका अनुसार “नेवारहरू कुनै उच्च जाति, जनजाति वा दलित होइनन् सबै जाति वा वर्गहरू खास गरी भारतीय र तिब्बती मूलको समिश्रणबाट बनेको एक किसिमको नयाँ समुदाय हो” नेवारहरूको आदिम नयाँ समुदाय हो” नेवारहरूको आदिम पुर्खा किराँत र लिच्छविहरू अनि विभिन्न समयमा यहाँ आकर्षित भएर विभिन्न दिशाबाट आएका अनेक जातिका सबै मानिस कालान्तरमा नेवार भएर गए त्यसै नेवार जातिमा आर्य, मंगोल र केही मात्रामा यहाँका अस्ट्रेलाई र आदिवासी

मिसिएका छन् भन्ने विश्वास गरिन्छ । त्यसैले नेवार भन्ने एउटा जात वा जाति होइन यसभित्र धेरै जात र धेरै दिशाबाट आएर मिसिएकालाई कालान्तरमा सबैलाई नेवार भनिन् थालेका हुन् ।[४५]

## ४.४ नेवारहरूको संस्कृति

नेपालमा बसोबास गर्ने नेवारहरू पनि बौद्ध धर्म र हिन्दु धर्म मान्ने दुई थरिका नेवारहरू पाइन्छन् । यी दुवै नेवारहरूका आ-आफ्नै संस्कृति रहेका छन् र यस अध्ययनमा हिन्दु धर्म मान्ने नेवारहरूका संस्कृतिलाई विश्लेषण गरिएको छ । ती निम्नलिखित रूपमा उल्लेख गर्न सकिन्छ :

### ४.४.१ पूजाहरू

(क) गणेश तथा भीमसेन थापा (निम पूजा)

नेवार समुदायहरूले हरेक बिहान घर लिपपोत सफा-सुग्घर गरिसकेपछि घरको मुख्य महिला वा जेठी बुहारीद्वारा गणेश तथा भीमसेनको धूप बत्ती बाली पूजा गर्दछन् यस्तो पूजालाई निमपूजा भनिन्छ । यस पूजाको सबैभन्दा पहिलो मूल ढोका, कन्तु आदिमा पूजा गरी परिवारका सदस्यहरूलाई टीका लगाई दिन्छन् ।

साँझमा घरमा धूपबत्ती बाल्दछन् गणेश तथा भीमसेनको मूर्तिमा धूप बत्ती राख्दछन् । यो नेवारहरूको परम्परादेखि चल्दै आएको रीत हो ।

(ख ख्याक पूजा

घरबाहिर पूजा गर्न जाँदा होस् वा घरभित्र कुनै किसिमका काटमार गर्न परेमा नेवारहरूले घरभित्र भूतप्रेत नपसोस् भनेर घरको आँगनमा पूजा गर्ने कार्यलाई ख्याक पूजा भनिन्छ । यो पूजा सेतो ख्याक र कालो ख्याक गरी दुई किसिमको हुन्छ ।

(ग) गौडी पूजा

गौडी पूर्णिमाको दिनमा आफ्नो गोठमा भएका गाईवस्तुहरूलाई रोग नलागोस्, गोठ सधैं भरीभराउ होस् भनी गौडी पूजा गर्ने चलन यस क्षेत्रका नेवार समुदायमा रहेको छ ।

४.४.२ चाडपर्व, जात्रा तथा नाचहरू

| | | |
|---|---|---|
| १. सिठी नखः | २. गठेमंगल | ३. नागपञ्चमी |
| ४. रक्षाबन्धन | ५. वडादशैं | ६. तिहार |
| ७. म्हपूजा | ८. फागुवर्ष | ९. विस्केट पर्व |
| १०. तयामचा नाच | ११. कृष्ण लिला | १२. भजन हरिकीर्तन |
| १३. बाह्र भैरव | १४. बाघजात्रा | १५. गाईजात्रा |

विशेष गरेर बाघ जात्रा, वालन जात्रा विभिन्न संस्कृति बोकेका चाडपर्व, जात्राहरू मनाउँदै आफ्नो संस्कृतिलाई निरन्तरता दिने काम अरू जातजातिमा भन्दा नेवार जातिमा बढी पाइन्छ र बाघजात्राको बारेमा भने पोखराका नेवार समुदायमा सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक शीर्षक शोधपत्रमा त बाघ जात्राको नामसमेत उल्लेख गरेको छैन । त्यसैगरी ईश्वर सुवेदीको अर्को शोधपत्रमा पनि वालननाच अन्तर्गत विभिन्न जात्राहरूको नाम उल्लेख गरेतापनि बाघ जात्राको भने उल्लेख गरेको पाइएन ।

माथि उल्लेख गरेका चाडपर्व, पूजा र जात्राको सामान्य परिचय क्रमशः गरिएको छ ।

१) सिठी नखः

यो पर्व यस क्षेत्रका नेवार समुदायले मनाउने एक प्रमुख चाड हो । “सिठीको संस्कृत” षष्ठीको शब्दको परिवर्तित रूप हो नेवारीमा नखः को अर्थ चाड भन्ने बुझिन्छ । ज्येष्ठ शुक्ल षष्ठीको दिनमा सिठी चाड मनाइन्छ । यस पर्वपछि नेवार

समुदायको चाडपर्वहरू प्रारम्भ हुन्छन् । यस पर्वको दिनमा पूजाआजा गरी भट्ट, चिउरा, रोटी, सिन्कामारी मासु आदि खानेकुराहरू खान्छन् । उक्त दिन गणेश र भीमसेनको पूजा गरिन्छ । यसै दिन षडानन्द कार्तिकेयको पनि जन्म भएको हो । यसको भोलिपल्ट अर्थात् सप्तमी सिठीको चाडकै पृष्ठभूमिमा कुमारको खटजात्रा सम्पन्न हुन्छ । यो पर्व वर्षैपिच्छे मनाइन्छ । यस पर्वले सफासुग्घर राख्नुपर्दछ । मानिस मिहिनेत र परिश्रमले ठूलो बन्छ भन्ने कुराको सन्देश दिन्छ ।[४५]

२) गठेमङ्गल

रोपाइपछिको पहिलो चाड गठेमङ्गल (घण्टाकर्ण चतुदर्शी) । यस क्षेत्रका नेवार समुदायहरूले दोबाटोमा र चौबाटोमा नर्कटको निङगाकृत तीन खुट्टे गठेमङ्गल ठड्याई मनाउँदछन् । साउन कृष्ण चतुदर्शीका दिन बिहान गठेमङ्गल बनाई केटाहरूले “घण्टाकर्णको जगातले” भन्दै बटुवाहरूसँग जगात अर्थात् कर माग्ने परम्परा रहेको छ । गठेमङ्गलमा फलामका औठी लगाउने गरिन्छ । यस चाडमा महिलाहरू हातमा मेहन्दी (लैचा) लगाउने र स-साना नानीहरूले आफूले खेल्ने पुतलीहरू गठेमङ्गलमा नै झुण्ड्याई राख्ने गर्दछन् । घाम आस्ताएपछि कुनै एकचण्डाल (होलाहुल) हातमा छवालीको चिराग समात्न लगाई गठेमङ्ग्गललाई तीनपटक टोल परिक्रमा गराएर ढालेपछि नजिकको नदमिा पुऱ्याई विर्सजन गर्दछन् । त्यसपछि टोलका मानिसहरू आफ्नो घरबाट माटोको पालामा चिउराको ढुटो, कट (जाँडको छोक्रा), राँगाका फोक्सोका टुक्रा, रगत, लसुन, छयापी र एउटा सिङ्गै काँचो अण्डा राखी चिकधालाबछा कचा र वौस्वा (फूलका प्रकारहरू) ले सिँगारे वौ राखी भूत पन्छाउँछन् । त्यसरी भूत पन्छाउन लग्नु अघि सिगारिएको बौलाई बीचमा राखी चारैतर्फ परिवारका सबै सदस्य बसेर लसुन छ्यापी साथै समेबाजी खाने परम्परा छ । मौन रहेर वौ राखेपछि घरको मुल ढोकाको ठेलोमा (लुखाखक) तीन खुट्टे किला ठोकिन्छ ।

३) नागपञ्चमी

नेवार समुदायहरूले परापूर्वकालदेखि मनाउँदै आएका पर्वहरूमध्ये नाग पञ्चमी पनि एक हो। यो पर्व नागलाई पानी र वर्षाका देवताका रूपमा मानिन्छ। समयमा वर्षा होस् र वर्षायाममा बाढी पहिरो नजाओस्, धनजनको विनाश नहोस् भन्ने उद्देश्यले "नागपञ्चमी मनाउँदै आएको पाइन्छ। यस क्षेत्रको उत्तरतर्फ रहेको कमल पोखरीबाट कमलका पात ल्याई घरको मूल ढोकामा विधिपूर्वक पूजाआजा गरी नागका तस्वीरहरू टाँसिन्छ।[४५]

४) रक्षाबन्धन

हिन्दुहरूको धार्मिक तथा सांस्कृतिक पर्व जनैपूर्णिमा नयाँ यज्ञोपवित्र धारण तथा रक्षाबन्धन गरी धुमधामका साथ मनाउँछन्। हिन्दुदर्शन अनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् ज्ञानको धागो भनिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहेको तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीनयोग मानिन्छ। यस पर्वमा यस पोखरा उपत्यकामा बसोबास गर्ने नेवार समुदायहरूले आफ्नो कुल ब्राह्मण पण्डितहरूबाट "ताओ" (एकप्रकारको धागो) लगाउने चलन रहेको छ। त्यस बापत् पण्डितहरूलाई दान पनि दिने गर्दछन्। आजभोलि बजारमा आएका कृत्रिम तथा आधुनिक प्रकारका डोरीहरू बाँध्ने चलन रहेको पाइन्छ। यस पर्वलाई अत्यन्त सकारात्मक तथा विश्वासपूर्ण वातावरणमा मनाउने गर्दछन्। यसलाई नेवारी समाजमा ब्याँजा नकेगुको नामले चिनिन्छ। प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका विशेष उत्साह श्रद्धा र स्नेहपूर्वक रक्षाबन्धन पर्व मनाइन्छ। यो पर्व विभिन्न नामबाट पनि चिनिन्छ। उक्त दिनमा सम्पूर्ण नजिकका आफन्तहरूलाई निमन्त्रणा गरी विभिन्न प्रकारका खानेकुराहरू खुवाउने तथा टीका लगाई दक्षिणा दिने चलन छ। खास गरी यस दिन क्वाटी खाने प्रचलन छ।[४५]

५) बडादशैं

समग्र नेपालीहरूको महान् पर्व बडादशैं हो। नेवार समुदायले बडा दशैं पर्व

धूमधामसँग मनाउँछन्। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिनदेखि कोजाग्रत पूर्णिमासम्म नेपालमा बडादशै. राष्ट्रिय समन्वय र एकताका लागि राष्ट्रिय चाडका रूपमा मनाउँदै आइरहेको पाइन्छ। संस्कृतिको दशमी शब्दबाट अपभ्रंश भई दशैं शब्द भनेको हो। नेपालमा मनाइने विभिन्न चाडपर्वहरूमध्ये प्रमुख चाड भएकाले यसलाई बडादशैं भनिएको हो। यसको धार्मिक महत्व पनि धेरै भएकाले पनि बडादशैं हर्षोल्लासमय तरिकाले मनाउने गर्दछन्। किनभने असत्यमाथि सत्यको विजय भएकोले दशैंलाई विजयादशमी पनि भनिन्छ।[४५]

६) तिहार

काग, कुकुर, गाई, गोरु तथा दाजुभाइलाई पूजा गरेर सबै प्राणीहरूलाई सम्मान गर्न सिकाउने, अँध्यारोबाट उज्यालोतिर लिएर जाने प्रकाशको उत्सव हो जडतारूपी, औंसीका अँध्यारो रातलाई चेतनारूपी बत्ती बालेर चुनौति दिने हुनाले यस चाडलाई दीपावली दीपमालिका, ज्योतिपर्व, प्रकाशपर्व आदि नामबाट चिनिन्छ। कार्तिक कृष्णपक्षका त्रयोदशी, चतुदर्शी औंसी र शुक्लपक्षका प्रतिपदा र द्वितीया गरी पाँचवटाहरू तिथिहरूमा क्रमशः कागतिहार, कुकर तिहार, गाई तिहार, गोरुतिहार र भाइतिहार मनाइने हुँदा "तिहार" नामले चिनिन्छ। यस पर्वलाई यमपञ्चक पनि भनिन्छ। यस तिहारलाई यस पोखरा उपत्यकाका नेवारहरूले अत्यन्त उत्साहपूर्ण तवरबाट मनाउने गर्दछन् देउसी, भैलो र रोटेपिङ खेली सेलरोटी र मिठाई खाई खुवाई औंसीको अँध्यारोमा झिलिमिली बत्ती बालेर तिहार मनाउने गर्छन् भने तिहारमा नेवारहरूको नयाँ वर्ष पनि मनाउने गर्छन् जसलाई नेपाल सम्वत् पनि भनिन्छ।[४५]

७) म्हपूजा

यमपञ्चकको चौथो दिन अर्थात् कार्तिक शुक्ल पक्षको प्रतिपदा तिथिमा मनाइने म्हपूजा नेपाली राष्ट्रिय चाडपर्वहरूमा अद्वितीय र विशिष्ट रहिआएको छ। नेवार समुदायमा म्हपूजा चाडपर्वहरूको राजा हुन गएको छ। विभिन्न जातिहरूमा बाँडिएको नेवार समुदायमा सबै चाडपर्वहरू समान रूपमा मान्य छैनन् तर म्हपूजा सबै

नेवारहरूद्वारा मान्य हुन गएको पर्व हो। नेवारहरूले सामूहिक सांस्कृतिक र मौलिक पहिचानको संवाहक म्हपूजाको दिनदेखि नै नेवार जातिको सम्वत् अर्थात् नेपाल सम्वतको शुभारम्भ भएको पाइन्छ। म्हपूजा पर्वका नामकरण नेवार भाषाको "म्ह" र "पूजा" यी दुईवटा शब्दबाट म्हपूजा हुन गएको मानिन्छ। "म्ह" को अर्थ शरीर हो भने पूजा शब्दको पूजनम अर्थात् अर्चना आराधना आदि अनेकौ अर्थ छन् अतः म्हपूजाको सामान्य अर्थ हो शरीर पूजा आफ्नो शरीरको पूजा आफैले गर्ने हुनाले म्हपूजा भनिन्छ।[४५]

८) फागु पर्व

जातीपाती, छुवाछूत, सानोठूलो, धनी गरिबको भेदभावलाई भुलाई सबैलाई एउटै रङमा रंगाउने "फागु" पर्व नवचेतना, समता र सद्भावनाको प्राकृतिक स्रोत यो पर्वपोखरा उपत्यकाका नेवारहरूले पनि मनाउँदै आएका छन्।[४५]

९) विस्केट पर्व

यस क्षेत्रका नेवारहरूले प्रत्येक चैत्र महिनाको अन्तिम दिन र नयाँ वर्षको पहिलो दिन गरी दुईदिन विस्केट पर्व मनाउने गर्दछन्। यस पर्वको पहिलो दिन लुखापिखा पूजा गरिन्छ (लुखा भनेको ढोकाको पूजा र पिखा भनेको ढोका बाहिरको पूजा गर्ने कार्य)। त्यस पश्चात् घरभित्र निमपूजा गरी भीमसेन भगवान्लाई कुखुराको भाले बलि दिइन्छ। यस पर्वको अर्को दिन आफ्ना सम्पूर्ण आफन्तहरूलाई घरमा बोलाएर टीकाटाला गरी दानदक्षिणा दिने र भोज खुवाइन्छ विस्केट पर्वको उपलक्ष्यमा पहिले पहिले जात्रा निकालिने गरिन्थ्यो तर आजभोलि भने निकालिँदै यस पर्वपछि नेवार समुदायको यस वर्षको चाडपर्वहरू समाप्त भएको मानिन्छ।[४५]

१०) तयामचा नाच (गाईजात्रा)

गाईजात्रा नेपाली समाजको एक महत्वपूर्ण सांस्कृतिक पर्व हो। यो नेवार

संस्कृतिबाट शुरु भएको जात्रा हो। नेपाली समाजमा गाईजात्रा व्यङ्ग्य गर्ने दिनको रूपमा समेत परिचित छ। गाईजात्रा नेवार समुदायहरूमा पितृगणको सम्झनामा गाई तथा गोरुको रूपमा धारण गरी टोल-टोलमा घुमाउने गर्दछन्। विशेष गरी पितृ उद्धारका लागि यो जात्रा मनाइन्छ। गाईजात्रा भाद्र शुक्ल पूर्णिमाको भोलिपल्ट मनाउँछन्। यही गाईजात्राको उपलक्ष्यमा तयामचा नाचको आयोजना गर्दछन् आफ्नो पितृहरूको सम्झनामा नाचिने नाच हो।

११) कृष्ण लिला

नेवार समुदायको महत्वपूर्ण अर्को सम्पदा कृष्ण लिला नृत्य हो। कृष्णलीला नृत्य प्रत्येक वर्ष कृष्ण जन्माष्टमी पर्वको उपलक्ष्यमा नचाइन्छ। यो नृत्यमा राति १२ बजे काल्पनिक सुन्दरबालकलाई कृष्णको रूपमा धारण गराई जन्माइन्छ। मारुनीहरू कृष्णलाई घेरेर वरिपरि नाच्छन् भने जोकरको रूपमा लखाखाँडेले कृष्णलाई चोर्ने प्रयास गर्दागर्दै चोरी गर्दछ तर ऊ असफल हुन्छ। यसरी दुईघण्टा जति कृष्णलीला नृत्य हुन्छ।

१२) भजन (चौमास हरिकृतन)

यस क्षेत्रका नेवार समुदायहरूले हरिशयनीदेखि हरिबोधनी एकादशीसम्म हरिकृतन भजन पनि गर्ने चलन रहेको पाइन्छ। यस किसिमको भजन गणेशको स्तुति गर्दै विभिन्न देवदेवताहरूको नाममा भजन गर्ने चलन रहेको छ। प्रायः गरेर साँझमा टोलका युवा, अधवैंशे तथा वृद्धहरू जम्मा भई राधाकृष्ण मन्दिरको प्राङ्गणमा यस किसिमको भजन गर्दछन् तबला, हर्मोनियम, रिबन, झ्याली आदि वाद्यवादनको पनि प्रयोग गर्दछन्।

१३) बाह्र भैरव नाच

बाह्र भैरव नाच पनि नेवार समुदायमा नचाइने नाच हो बाह्र वर्षको

अन्तरालमा नचाइने नाच भएकाले नामै बाह्र भैरवनाच पनि भन्ने गरिन्छ। यस नाच निकाल्ने कुनै तिथिमिति तोकिएको हुँदैन। बाह्र भैरव नाचमा विभिन्न देवताका साथै विशेष गरी देवीहरूको रूप धारण गरेर प्रायः रातमा यो नाच देखाइने गरिन्छ। यो नाच सम्पन्न गर्न धेरै जनधनको आवश्यकता पर्ने हुनाले धेरै वर्षको अन्तरालमा मात्रै यो बाह्र भैरव नाच देखाइन्छ।

# kl/R5]b M kfFr

# af3hfqfsf] ;ª\llfKt rrf{

## %=!= af3 hfqfsf] pTklQ

बाघ जात्राको उत्पत्ति कसरी भयो र नेवारहरूले यो जात्रा किन मनाउँदै आइरहेका छन् भन्ने बारेमा एउटा महत्त्वपूर्ण जनधारणा, लोकविश्वास र किंवदन्ती प्रचलनमा रहेको छ। जसअनुसार प्राचीन कालमा एउटा शक्तिशाली बाघले नेवार किसानहरूको बस्तीमा पसेर दिनहूँ जस्तो पशुवस्तुको विनाश गर्दथ्यो र मानिसहरूलाई पनि आतंकित गर्ने गर्दथ्यो। अलौकिक शक्ति सम्पन्न उक्त बाघलाई कसैले पनि मार्न सकेनन्। शिकारमा दक्ष मानिएका (ढिर्केग्बार) मानिस पनि बाघ मार्न असफल भएपछि किसानहरूले बाघ मार्न सहयोग पाऊँ भनी राजासँग बिन्ति गरे। गाउँलेहरूको बिन्तिलाई स्वीकार गर्दै राजाले आफ्नी रानी मन्त्रीहरू, भारदारहरू तथा हातहतियारले सुसज्जित भएर सैनिकहरू साथ लिएर बाघ मार्न गाउँमा आए सरकारी यस अभियानमा धनुकाँड तथा भाला लिएर गाउँलेहरूले पनि सहयोग गरे। सेना, गाउँले तथा शिकारीको सहयोगले बाघलाई घेरामा पारेपछि राजा स्वयम्ले गोली चलाई उक्त बाघलाई मारे। यस घटनापछि फेरि कहिल्यै बाघले गाउँलेलाई दुःख दिएनन्। यसरी राजा र जनताको प्रयासबाट बाघलाई मार्दा बाघको मनोबल घट्ने र बाघको अलौकिक शक्ति क्षीण हुन्छ भन्ने धारणा विकसित हुँदै गयो र बाघको भय उत्पन्न हुन थालेपछि राजारानी, मन्त्री, भारदार, सैनिक एवम् गाउँलेको भेष धारण गरी नक्कली बाघलाई घेरा हाली मार्न थालियो। यसरी यो जात्राको उत्पत्ति हुन पुग्यो।[४५] देवीको शक्तिशाली वाहन तथा अलौकिक शक्ति प्राप्त भएको बाघ पनि

उसका कुकर्मको कारणले जीवित रहन सकेन। उसको मृत्यु भएरै छाड्यो अर्थात् बाघको मृत्युमा देवता यमराजको पनि परोक्ष सहयोग रहयो त्यसैले यस जात्रामा यमराजको पनि सहभागिता गराइन्छ। यसरी यो जात्राको उत्पत्ति हुन गएको विश्वास गरिन्छ।

यो जात्रा पोखरा लगायत पोखराका अन्य क्षेत्रका नेवार समुदायले बाघ जात्रा मनाउँछन् तर उत्पत्ति भने पोखरामा नभएर नेवारहरूको पुरानो पुर्ख्यौली थलो काठमाडौंमै भएको कुरा तथ्यहरूले संकेत गर्दछन्। पहिलो कुरा पोखरामा नेवारहरू व्यापारका लागि आएका थिए। यहाँ आएर स्थायी रूपमा बसोबास गर्न थालेपछि तर पशुपालन र उनीहरूका पशु बाघले पनि खाएन। दोस्रो कुरा पोखरामा बाघ मार्ने उद्देश्यले राजा आएको कुरा पुष्टि गर्न सकिँदैन। त्यसैले यो जात्रा राजदरबारको नजिकैको गाउँ अर्थात् काठमाडौं उपत्यकाको कुनै गाउँमा भएको हुनुपर्दछ भन्ने जनविश्वासका साथै अनुमान गर्न सकिन्छ। अर्को कुरा सन् १८१८ मा नेपालसम्बन्धी पुस्तक लेख्ने इतिहासकार एच.ए. ओल्डफिल्डले काठमाडौं जात्रा प्रसङ्गमा पहिले गाईजात्रा बाघनाचसँग सम्बन्धित थियो पछि यो गाईजात्राको रूपमा मात्र रूपान्तरित भयो भन्ने कुरा उल्लेख गर्नुभएको छ। यसबाट काठमाडौं उपत्यकामा कुनै समय गाईजात्राको आसपासमा यो बाघ जात्रा मनाउने परम्परा जीवित रहेको पाइन्छ।[४५] शहरीकरण र बाघको विनाशसँगै सायद काठमाडौं उपत्यकाबाट यो जात्रा लोप भयो होला तर पोखरा उपत्यकामा साठीको दशकसम्म पनि व्यापक शहरीकरण भैसकेको थिएन र यहाँ पछिसम्म पनि बाघको भय व्यापक थियो। त्यसैले यो जात्रा पोखराको नेवारहरूले पुनः जीवित गरे फलस्वरूप यहाँ यो जात्रा हालसम्म पनि जीवित रहन पुग्यो।[४५] वि.सं. २०५७ सालमा बाघजात्राको आयोजना गरेपछि हालसम्म बाघजात्रा निकालिएको छैन तर वि.सं. २०६७ सालको गाईजात्रा महोत्सवमा बाघजात्राको झलक मात्रै देखाएको थियो।[४५]

काठमाडौं उपत्यकामा यसको उत्पत्रि कहिले भयो र कहिलेदेखि लोप भयो भन्ने बारेमा कुनै तथ्य प्राप्त भएको छैन। पोखरामा पनि यसको प्राचीनताबारे

कसैलाई थाहा छैन र यसको पुरातात्विक वा लिखित प्रमाण पनि उपलब्ध छैन तर कम आवादी भएको र आसपासमा व्यापक जंगल भएको प्रारम्भिक अवस्थामा यो जात्रा आजभन्दा बढी आवश्यक थियो। त्यसैले यो जात्रा आजभन्दा पोखरामा नेवारहरूको आगमनसँगै अर्थात् अठारौं शताब्दीको अन्त्यदेखि शुरु भएको अनुमान गर्न सकिन्छ। सायद आरम्भमा सामान्य रूपमा र नेवारहरूको संख्यात्मक वृद्धि भएपछि यो जात्रालाई भव्यरूपमा प्रचलनमा ल्याइएको हुनुपर्दछ।[४५]

पोखराका नेवार समुदायका जात्राहरूमध्ये बाघ जात्रा विशेष महत्व बोकेको जात्रा हो। अत्यधिक मानिसहरूको सहभागिता हुने दृष्टिबाट विविध खालको झाँकीहरूप्रदर्शन गरिने अति नै मनोरञ्जनात्मक तरिकाले जात्रा प्रदर्शन गरिने भएकाले पनि यो जात्रा हेर्नका लागि टाढाटाढाबाट मानिसहरूको ओइरो लाग्ने गर्दछ। यो जात्रा मानिसहरूको सहभागिता धेरै र जात्रा सञ्चालनको खर्चको दृष्टिबाट तथा पोखरेली नेवारहरूको यस जात्राप्रतिको आस्था विश्वास तथा रुचिको दृष्टिबाट समेत यो जात्रा विशिष्ट र महत्वपूर्ण छ। नेपालका कमै ठाउँमा मात्रै यो जात्रा अस्तित्वमा रहेकाले पनि यो जात्राको महत्व अझै विशिष्ट छ। यस्तो विशिष्ट र मौलिक जात्रा भएर पनि यसको राम्रो खोज र अध्ययन हुन नसकेको अवस्थामा यही अभाव पूरा गर्न यस अनुसन्धान गर्न आवश्यक ठानेर केही मात्रामा भए पनि प्राप्त तथ्याङ्क र जनविश्वास, किंवदन्ती, संस्कृतकर्मीका अन्तर्वार्ताका आधारमा तथ्याङ्क सङ्कलन गरी पर्याप्त जानकारी गराउने जमर्को गरिएको छ।

## %=@ af3hfqfsf] z'?jft / o;sf] k[i7e"ld

बाघजात्राको शुरुवात भने नेवाहरूको पुर्ख्यौली बस्ती काठमाडौंबाट भएको र पछि काठमाडौंका शहरीकरणका कारण बाघले दुःख दिन छोडेका कारण काठमाडौंमा उक्त जात्रा विस्तारै लोप हुन पुग्यो। काठमाडौंबाट आएका नेवारहरू पोखरामा

व्यापारको सिलसिलामा आए पनि केही समयपछि स्थानीय रूपमा बसोबास गर्नुका साथै पशुपालन पनि गर्न लागेका थिए। त्यतिबेलासम्म शहरीकरण नभएका बस्ती एकदमै पातलो वरिपरि जङ्गल भएका कारण बाघको भय व्यापक भएकाले पनि काठमाडौंबाट आएका नेवारहरूले बाघ जात्रालाई निरन्तरता दिइरहेका छन्।

यो जात्रा प्राचीन समयका कृषि र पशुपालनबाट जीविका चलाउने नेवारहरूले आफूहरू बाघको भयबाट मुक्त हुनको लागि बाघ जात्रा मनाउने गरेका छन्। कृत्रिम बाघलाई विधिपूर्वक मार्नु र वर्षभरि बाघबाट हुने मानसिक भयबाट मुक्त हुनु नै यो बाघ जात्राको मुख्य पक्ष हो। बाघ र यसको मृत्युसँग सम्बन्धित रहेकाले यो जात्राको नाम बाघ जात्रा रहन गएको विश्वास गरिन्छ। यो जात्रा परिवार वा टोल विशेषको आधारमा नभएर सिंगो पोखरा बजारका नेवारहरूको सहभागिता र सक्रियतामा मनाइन्छ। यो जात्रा विविध खालको भेषभूषामा सिँगारिएर धेरै किसिमका झाँकी प्रस्तुत गर्नुपर्ने भएकाले निकै खर्चिलो हुन्छ। खर्चकै कारण र जनसहभागिता धेरै जुटाउनुपर्ने भएकाले पनि बाघ जात्रा वर्षपिच्छे मनाइँदैन। बाघको प्रकोप र खर्चको बन्दोबस्तको आधारमा ३ वा ४ वर्षमा यो जात्रा मनाइन्छ। तर हाल आएर नेवार समुदायका विभिन्न धार्मिक संस्था नेवाः खल कास्की र ल्याम्हः पुच कास्कीका संस्थाहरूले अबदेखि हरेक तीन वर्षमा यो जात्रा मनाउने अठोट गरेका छन्।[४५] यो जात्रा मनाउन कुनै निश्चित दिन नतोकिए पनि सामान्यतया यो जात्रा भाद्र कृष्ण प्रतिपदाको तीनचार दिनपछि शुरु गरेर कृष्ण जन्माष्टमी भन्दा अघि नै समाप्त गरिन्छ यो जात्रा सिंगो शहरभरि प्रदर्शन गरिन्छ। त्यसैले तीन चार दिनसम्म लगातार मनाउने परम्परा रहेको छ। नेवारहरूको मुख्य बस्ती रहेको पूर्वनिर्धारित टोलहरूको भ्रमणपछि मात्रै यो जात्रा सकिन्छ। यसरी बाघ जात्राको शुरुवात भएको पाइन्छ।

## %=# af3 hfqfsf] syf

विभिन्न जात्राहरूसँग एउटा-एउटा पृष्ठभूमिबाटै जात्रा, पर्वहरूको कथासँग सम्बन्धित हुन्छ। त्यस्तै गरी बाघजात्राको कथा र उत्पत्तिसँगै गाँसिएको हुनाले यसको छुट्टै कथा त पाइँदैन तैपनि बाघ जात्रा किन मनाउनुपऱ्यो ? भन्ने सन्दर्भमा लोक विश्वास वा किंवदन्ती प्रचलनमा रहेको छ। जसअनुसार प्राचीनकालमा बस्ती पातलो

जतातातै घनाजङ्गलका कारण बाघहरूको बिगबिगी थियो तर किंवदन्ती अनुसार एउटा अलौकिक शक्तिशाली बाघ थियो त्यो बाघले नेवार किसानहरूको बस्तीमा पसेर दिनहुँ जस्तो पशुवस्तुहरूको विनाश गर्दथ्यो भने मानिसहरूलाई पनि मार्ने आतंकित फैलाउने गर्दथ्यो । अलौकिक शक्ति सम्पन्न उक्त बाघलाई कसैले पनि मार्न नसकेपछि नेवार समुदायहरू धेरै चिन्तित हुन थाले । त्यसपछि त्यस बाघलाई त जसरी भए पनि मार्नुपर्छ भनेर शिकार योग्य मानिएका ढिकेग्वारा पनि बाघ मार्न असफल भएपछि त झनै चिन्तित हुन थाले एकदिन किसानहरू जम्मा भएर बाघ मार्न सहयोग पाऊँ भनी राजाकहाँ गएर बिन्ति चढाए राजाले पनि किसानहरूको उक्त दुःख देखेर उक्त बिन्तिलाई स्वीकार गर्दै राजाले आफ्नी रानी मन्त्री, भारदारहरू तथा हातहतियारले सुसज्जित सैनिकहरू साथमा लिएर बाघ मार्न गाउँमा आए राजाको यस कार्यलाई सहयोग गर्न सबै किसानहरू धनुकाँड र भाला लिएर गए भने सिपालु शिकारीले पनि सक्दो सहयोग गरे सबैको सहयोगले बाघलाई घेरामा पारेपछि राजा स्वयम्ले गोली चलाई बडो हर्षोल्लासका साथ उक्त बाघलाई मारेपछि सबै किसानहरू राजाको उक्त कार्यबाट खुसी भए ।

उक्त घटनापछि फेरि कहिल्यै बाघले गाउँलेलाई दुःख दिएन । यसरी राजा र जनताको प्रयासबाट बाघलाई मार्दा बाघको मनोबल घट्ने र बाघको अलौकिक शक्ति क्षीण हुन्छ भन्ने धारणा विकसित हुँदै गयो । यही मान्यता अनुरूप त्यसपछि पनि त्यसै कथामा आधारित भएर बाघको भय उत्पन्न हुन थालेपछि राजा, रानी, मन्त्री, भारदार, सैनिक एवम् गाउँलेको भेष धारण गरी नक्कली बाघलाई भए पनि घेरा हाली मार्न थालियो । जसले गर्दा बाघको अलौकिक शक्ति क्षीण हुने हुनाले बाघ जात्रा यसै कथामा आधारित भएर अझै पनि यही विधिको प्रयोग गरेर बाघ जात्रा मनाइने गर्छन् । यसै कथासँग सम्बन्धित र सान्दर्भिक भएकाले पनि आजसम्म यही कथामा आधारित बाघ जात्रा देखाइने गरेको पाइन्छ ।[४५]

## ५.४ बाघ जात्राका पात्रहरूको चर्चा

बाघजात्रा निकाल्दा विभिन्न पात्रहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। बाघ जात्रामा मुख्य पात्र भनेको बाघ नै हो र दोस्रो पात्र भनेको बाघलाई मार्ने राजा। त्यसैले यदि बाघ नभएको भए राज्यमा रहेका सम्पूर्ण जनतालाई दुःख नै हुने थिएन। त्यसैले गर्दा यस बाघ जात्राको मुख्य पात्र बाघलाई मान्नुपर्छ र बाघको अभिनय गर्ने व्यक्ति साँच्चिकै बाघको गुण, स्वभाव र शक्ति प्रवेश गर्दछ भन्ने विश्वास गर्दछन्। जात्राको अवधिमा जात्राको विधि पूरा गर्न सकिएन भने बाघ बन्ने मानिस साँच्चिकै हिंस्रक हुन्छ भन्ने भनाई पनि रहेको छ। त्यसैले जात्रा विधिपूर्वक निकाल्न त्यत्तिकै आवश्यक हुन्छ। बाघको भेषमा सिँगारिएको व्यक्ति अघि लगाइन्छ त्यसपछि तालिम प्राप्त शिकारी हिँड्छन् जसमा शिकारीमा हुनुपर्ने गुणाहरू प्रदर्शन गर्दै हिँड्नुपर्दछ। त्यसैगरी शिकारीपछि हतियारयुक्त सैनिकहरू हिँड्दछन्। बाघ मार्नको लागि प्रयोग गरिने हातहतियारले सुसज्जित भएर लावालस्कर भएर हिँड्दछन्, आफ्नो पोशाक लगाएर हतियारयुक्त सैनिकहरू पछि प्रधानमन्त्री हिँड्छन्। त्यसै गरी मन्त्री, विशेष प्रकारको भेषभूषा र हातहतियार लिएर तडकभडक गरी हिँड्छन् भने मन्त्रीहरूपछिका गाउँका सम्पूर्ण जनताहरू हातमा धनुकाँडा भाला लिएका जनताहरू बडो खैलाबैला मचाउँदै हिँड्छन्। बूढाबूढी र केटाकेटी हेर्नका लागि टोल-टोलमा जम्मा हुने गर्दछन्। जात्रालाई थप मनोरञ्जन प्रदान गर्नका लागि विभिन्न भेषभूषाका हास्य पात्रहरूले आ-आफ्नो कला पनि प्रदर्शन गरी हेर्ने जनतालाई थप मनोरञ्जन प्रदान गर्दछन् भने यसरी सम्पूर्ण शिकारी दल आदि राँगोमाथि चढेका मृत्युका देवता यमराजलाई हिँडाइन्छ। सम्पूर्ण सिँगारिएका विभिन्न पात्रहरूको झाँकीको अघिल्तिर फूर्तिलो बाघ भाग्दै हिँड्दछन् बाघ शिकारीलाई छल्ने वा भाग्ने प्रयास गर्छ। शिकारीले बाघलाई घेरामा पार्न खेल खेले जस्तै वा मनोरञ्जन प्रदान गर्न बाघलाई घेरामा पार्न विभिन्न प्रयास गर्दै अगाडि बढ्दछन् र यो शिकारी दलपछि लाग्दै जान्छ यसरी यो समूहले शहर परिक्रमा गर्दै अघि बढ्दछ। एकै दिनमा सबै शहर घुम्न नभ्याए सिमा बाँधिएको क्षेत्रमा जात्रा अघि बढाइन्छ।

यसरी तीन चार दिनमा सबै शहर घुमिसकेपछि जात्राको अन्त्य गर्ने तरिका आफ्नै किसिमको हुन्छ जब सबै शहर घुमिसकेपछि जात्राको अन्त्य गर्न कुनै चउरमा

बाघलाई घेरा हाल्दै ल्याइन्छ। शिकारी र सैनिकले बाघलाई घेरा हालिसकेपछि बाघ बनेको मानिसले बाघको छालालाई फ्याँक्दछ र त्यसमा राजाले गोली प्रहार गर्दछन्। यसपछि सबैजना मिलेर हामीलाई दुःख दिने बाघ हैनस् भन्दै सबै मिलेर बाघलाई मारेर बाघ मृत्युपछि यो बाघ जात्रा समाप्त भएको घोषणा गरिन्छ।[४५] केही वर्षका लागि बाघले दुःख नदिने विश्वास गरिन्छ संक्षेपमा भन्नुपर्दा बाघ जात्रामा बाघदेखि लिएर राजा, शिकारी, सैनिक, मन्त्री, जनता र यमराजको भूमिका अति नै महत्वपूर्ण मानिएको छ। यी सबै पात्रहरू अनुसार आ-आफ्नो पोशाक, हातहतियार, यमराज अन्य पात्रहरू अनुसार नै भेषभूषाको पनि उत्तिकै महत्व रहन्छ। भेषभूषाअनुसार परिचय दिने भएकाले राजाले राजाको रानीले रानीको, शिकारीले शिकारी, सैनिक हातहतियारयुक्त उही अनुसारकै पोशाक, मन्त्रीहरूले पनि आफ्नो पोशाक र सर्वसाधारण जनताहरू आफूसँग भएका धनुवाण र भाला लिएर सम्पूर्ण राजादेखि जनता सबैको सहभागी रहने भएकाले यो जात्रा अति नै जनसहभागिताको खाँचो पर्दछ र त्यस्तै गरी खर्चको पनि त्यत्तिकै बन्दोबस्त गर्नुपर्ने त्यही अनुसार हातहतियार, भेषभूषा, गरगहना सबै जुटाउनुपर्ने र कलाकारहरू पनि तालिम प्राप्त हुनुपर्ने हुन्छ। तर हाल आएर सबै आ-आफ्नो व्यस्तताका कारण यी तालिम लिने र दिने व्यक्तिलाई नै फुर्सद छैन र युवा वर्ग पनि अध्ययन गर्ने र रोजगारका लागि विदेशिएका कारणहरूले गर्दा पनि जति पछि भयो त्यति नै यस्ता जात्राहरू देखाउन धेरै गाह्रो हुने कुरा संस्कृतिकर्मी श्री गोपालकृष्ण लिगलले बताउनुभयो। त्यस्तै गरी जति पछि भयो त्यति सबै कुराको लोप हुँदै जाँदा यस्ता मौलिक संस्कृत बोकेका जात्राहरूलाई निरन्तरता दिनका लागि विभिन्न तालिम लिने र दिने निश्चित समय तोकेर मात्र त्यही अनुसारको तालिम दिन लगाए मात्रै निश्चित समयमा यो जात्रा देखाउने र पात्र अनुसारको अभिनय राम्रो हुन सक्छ। नत्र बाघ जात्रा बाघ जात्रा जस्तै हुने गरी देखाउनुपर्छ भने संस्कृतिकर्मीहरू पनि यही कुरामा विचार विमर्श गर्दै आफ्ना कला संस्कृतिलाई निरन्तरता दिने कुरामा एकमत व्यक्त गर्दै अगाडि बढिरहेका कारण नै अन्य समुदायमा भन्दा नेवार समुदायमा चाडपर्व, उत्सव, नाच, जात्राहरू बढी देखाइने र मनाइने गरिन्छ।[४५]

## ५.५. बाघ जात्रा निकाल्ने प्रक्रिया

यो जात्रा मनाउने तरिका वा निकाल्ने प्रक्रिया प्रायः सबै ठाउँ एउटै खालको हुँदैन । पोखराका नेवारहरूले आफ्नै प्रकारले वा विधि निर्धारण गरेका छन् । जात्रा मनाउने विषयमा आम पोखरेली नेवार समुदायको सहमति भएपछि एक महिनादेखि नै जात्राको तयारी प्रारम्भ हुन्छ । यस्तो तयारी खासगरी बाघ, शिकारी, राजा, रानी, प्रधानमन्त्री र मन्त्री आदिको अभिनय गर्ने व्यक्तिको चयन तथा उसले गर्नुपर्ने भूमिका अनुसार तालिम लिनुपर्छ । त्यसैगरी यमराजको अभिनय गर्ने व्यक्तिले आफ्नो भूमिकाअनुसार राँगामाथि बस्ने तालिम लिनुपर्छ । त्यसबाहेक बाघ जात्रामा सहभागी हुने सबै सहभागीहरूले आफ्नो भूमिका अनुसारकै वस्त्र, आभूषण, सवारीको लागि चाहिने घोडाहरू, तामदानहरू, उनीहरूले धारणा गर्ने हतियारहरूको खोजी र संकलनका लागि पनि अग्रीम तयारी गर्नुपर्दछ । त्यस बाहेक सैनिक पोशाक हतियार, गाउँलेको पोशाक धनुकाँड आदिको पनि तयारी गरिन्छ । यसरी सम्पूर्ण तयारी पूरा भैसकेपछि जात्रा प्रारम्भ गर्न एकदिन अगाडि नै शहरमा बाघले दुःख दिएको क्षेत्र र बाघलाई फेला पार्न सकिने सम्भावित क्षेत्रको सिमाङ्कन गर्ने काम गरिन्छ । यसको लागि घोडा चढेका रिसल्लाहरू शहरको चारैतर्फ पठाइन्छ । उनीहरूले टोल-टोलमा भोलि बाघको शिकार गर्न राजा आउने कुरा बताउँदै उक्त टोलमा बाघले कुख दिएको भए जानकारी गराउन अनुरोध गर्दछन् । यसरी बाघको शिकार गर्न भ्रमण गरिने ( बाघजात्रा देखाइने) क्षेत्रको अन्तिम सिमानामा झण्डा गाडेर रिसल्ला फर्कन्छन् ।

जात्रा प्रारम्भ हुने दिनमा सबैभन्दा अगाडि बाघको भेषमा सिँगारिएको मानिसलाई अगाडि लगाइन्छ । त्यसपछि चारजना शिकारीलाई (जसलाई स्थानीय भाषामा ढिकेग्वारा भनिन्छ) हिँड्न लगाइन्छ त्यसपछि हतियारयुक्त सैनिकहरू हिँड्छन् । त्यसपछि प्रधानमन्त्री, मन्त्रीहरू हिँड्दछन् त्यसपछि गाउँलेहरू हातमा धनुकाँड र भाला लिएर लाभालस्कर हिँड्दछन् र यसको बीच-बीचमा जात्रालाई मनोरञ्जन प्रदान गर्नका लागि विभिन्न भेषभूषामा सिँगारिएका हास्य पात्रहरू पनि

रहेका हुन्छन् यी सबै शिकारी दलको अघि राँगो माथि चढेका मृत्युका देवता यमराजलाई हिँडाउँदछन् ।

यसरी सिँगारिएका विभिन्न पात्रहरूको यस झाँकीको अघिल्तिर फूर्तिलो बाघ भाग्दै हिँड्छ शिकारीले बाघलाई घेरामा पार्दै अगाडि बढ्छन् र यो शिकारी दलपछि लाग्दै जान्छ यसरी यो समूहले शहर परिक्रमा गर्दै अघि बढ्दछन् । एकदिनमा घुम्न नसकिएका ठाउँमा भोलि पर्सिपल्ट गरी सिमाना छुट्याएको क्षेत्रमा जात्रा अघि बढाइन्छ । यो जात्रा सकेसमम शक्ति पीठको आसपासमा नलगाउने चलन छ । किनभने बाघ देवीको वाहन भएको र देवीकै वाहनलाई मार्ने यो जात्रा मनाइने भएकोले शक्तिपीठबाट जात्रा अघि बढाउँदा अनिष्ट हुन सक्ने विश्वास भएकोले त्यसो गरिएको हो ।

यसरी तीनचार दिनमा सबै शहर घुमिसकेपछि जात्राको अन्त्य गर्न कुनै चउरमा बाघलाई घेरा हाल्दै ल्याइन्छ । शिकारी र सैनिकले बाघलाई घेरा हालिसकेपछि बाघ बनेको मानिसले बाघको आवरणलाई फ्याँक्दछ र त्यसमा राजाले गोली प्रहार गर्दछन् । यसपछि सबैले बाघलाई मार्दछन् र बाघको मृत्युपछि यो बाघजात्रा समाप्त भएको घोषणा गरिन्छ ।[४५] जनताहरू खुसी भएर आ-आफ्ना घर फर्कन्छ र त्यो वर्षभरि नै बाघले दुःख नदिने कुरामा विश्वास गर्दछन् ।

यसरी बाघ जात्रा समाप्त भएपछि त्यस गाउँका जनता र राजाहरू पनि खुसी भएर जनता वा गाउँलेहरूलाई बाघले दुःख दिँदैन भनेर ढुक्क भएर आफ्ना गाईवस्तु चराउने गर्दछन् र मानिसलाई पनि दुःख नदिने कुरामा विश्वास राख्दै बाघको प्रकोप फैलिएपछि त्यो सालमा बाघ जात्रा निकाल्ने गरिन्थ्यो । तर अहिले आएर जतातत्तै बाघको विनाश हुनुका साथै शहरीकरणका कारणले गर्दा बाघ जात्राको महत्व घट्न गएको होला । तर प्राचीनकालमा त बाघ जात्राको महत्व अति नै थियो । शहरीकरण नहुँदासम्म सम्पूर्ण नेपाली कृषिमा आधारित थिए र पशुपालन गर्ने गर्थे र कम आवादी भएका कारण जंगलमा धेरै बाघ थिए । बाघको बिगबिगीको कारण जनधनको र पशुचौपायको हानी हुन्थ्यो यस्ता घटना भइरहँदा गाउँले निकै चिन्तित हुने गर्थे र बाघको शक्तिलाई क्षीण बनाउनका लागि पनि बाघ जात्राको ठूलो महत्व थियो ।

## ५.६ गाईजात्रा र बाघजात्राको सम्बन्ध

बाघ जात्रा र गाईजात्राको पनि एकआपसमा सम्बन्ध रहेको पाइन्छ। हाम्रो हिन्दु शास्त्र अनुसार जुनसुकै शुभकार्य गर्नुअघि पितृहरूलाई खुसी पारेरै गरेको कार्यमा मात्र सफलता पाउन सकिन्छ भन्ने धार्मिक मान्यताअनुसार राजाको आज्ञाले ज्योतिषहरूका अनुसार भाद्र कृष्ण तृतीयाको दिनदेखि शुरु गरी श्रीकृष्षजन्माष्मीको राती शक्तिशाली बाघलाई मार्न सकिन्छ भनेर उक्त दिनलाई शुभ दिन ठह¥याए । ज्योतिषहरुले शुभदिन निकाले जसका सल्लाह अनुसार गाईजात्रा अर्थात् भाद्र तृतीयाका दिनदेखि राजा र जनता सबै मिलेर बाघलाई घेरा हाल्ने कार्य शुरुवात गरे । बाघलाई घेरामा पारिसकेपछि जन्माष्टमीको राती राजाद्वारा उक्त बाघलाई मार्न सकियो । यसरी उक्त बाघलाई मारिसकेपछि राजा र जनता खुशी भए । यसै खुशीयालीमा राजाको जयजयकार गर्दै सिन्दूर जात्रा गरे । यो कुरा स्पष्ट हुन्छ कि एउटा दुष्ट बाघको नाश गर्दा होस् वा अन्य शुभ कार्य गर्दा पितृ उद्धार गर्नुपर्ने रहेछ । पितृ उद्धार नगरी कुनै कार्य सफल हुँदोरहेनछ भन्ने धार्मिक विश्वास पनि पाइन्छ । यसरी गाईजात्रा र बाघजात्राको सम्बन्ध रहेको पाइन्छ ।

## परिच्छेद : छ

# बाघजात्राको सामाजिक, सांस्कृतिक महत्त्व एवं संरक्षण तथा जीवन्तताको व्यवस्था

### ६.१. बाघजात्राको सामाजिक तथा सांस्कृतिक पक्ष

बाघ जात्रा मनाउनका पछाडि पोखराका नेवार समुदायमा विद्यमान केही सामाजिक र सांस्कृतिक पक्ष विशेष जिम्मेवार देखिन्छ। यी नै तत्वले आजसम्म पनि यो जात्राले निरन्तरता पाएको छ। यस्ता जात्राले गर्दा बाघ मार्ने सिलसिलामा राजा एक्लैले बाघ मार्न सकिँदैनथ्यो। सबैको सहयोगले मात्र बाघ मारी गाउँले सबैलाई आनन्द भयो भने त्यसैगरी सबैको हित हुने कुरामा सबैले सहयोग गरे मात्रै सफल भइन्छ भन्ने सन्देश दिएको छ भने अर्कोतर्फ यस्ता जात्राले सबै जनतालाई एकै ठाउँमा भेला गरी मनोरञ्जन दिनुका साथै एकआपसमा भेटघाट आदानप्रदान गर्ने माध्यम हुनुका साथै धार्मिक विश्वासलाई हामी सबैले मान्नुपर्छ र यस्ता कार्य गर्नका लागि सबै एकजुट भए मात्रै सम्भव हुन्छ भन्ने सन्देश दिनुका साथै एकआपसमा सहयोग, सद्भावका साथ बस्न सिकाउनु र सधैँभरि सामाजिक कार्यमा समाजका सबै व्यक्तिहरूको सहयोग चाहिने र समाजबिनाको जीवन कठिन हुन्छ। त्यसैले समाजमा आइपरेका दुःख सुख सबैको एकै ठानी एकले अर्कोलाई सहयोग गर्नु पनि समाजका हरेक व्यक्तिको कर्तव्य हुन आउँछ भन्ने जस्ता सुकार्य गर्न सिकाएको छ।

### ६.२ बाघजात्राको सामाजिक, तथा सांस्कृतिक महत्त्व

पोखरामा रहेका सबै धर्म र सम्प्रदायका मानिसहरूले जात्राहरूलाई विशेष महत्व दिएको पाइन्छ। हरेक जात्रामा सबै जातजातिहरूको सहभागिता उत्तिकै पाइन्छ भने उत्तिकै सहयोग पनि गरेको पाइन्छ। पहिले-पहिले फलानो चाडपर्व फलानो जातको भन्ने गरेको पाइन्थ्यो भने अहिले आएर सबै नेपालीहरूमा चेतनाको लहरले छोएको छ। जसले गर्दा यो जातको यो पर्व भन्ने शब्दलाई हटाएर हामी सबै

नेपालीको मौलिक चाडपर्व र जात्राहरूलाई सम्मान गरी सहभागिता जनाई हरेक जात्रा, पर्वहरूलाई भव्य र सभ्य रूपमा मनाउने परम्परा पनि चलेको छ। यस्तो परम्पराले गर्दा हाल आएर जात्रा भन्ने बित्तिकै धेरै व्यक्तिहरूको जमघट हुने जात्रामा जुनसुकै जातिको भए पनि तर जात्रासम्बन्धी जानकारी लिनु र सहभागिता जनाउनका लागि र जात्रालाई भव्यरूपमा मनाउन सहयोग गर्दछन् र हरेक जात्रामा सहभागी बढाई समाजमा पारस्परिक एकता र सद्भावना बढाउन निकै मद्दत पुऱ्याएको छ। जुनसुकै जात्रा वा उत्सवलाई धुमधामसँग मनाई भव्य र सभ्य बनाउन सकिने कुरा प्रष्ट हुन्छ।[४५] त्यसैगरी जात्रा भन्ने बित्तिकै मनोरञ्जन दिनुका साथै धार्मिक आस्थाप्रति जनताको चासो बढाउनका लागि यस्ता जात्रा देखाइने गरिन्छ। जसले गर्दा जात्रा हेर्नका लागि पोखरा आसपासका सम्पूर्ण मानिसहरू एकआपसमा समन्वय गराउने मिलेर बस्ने प्रत्येक जातजातिको संस्कृतिलाई सारा नेपालीको सं.स्कृति भन्ने भावनाको विकास गराएकोले पनि यस जात्राको सामाजिक क्षेत्रमा बढी महत्वपूर्ण योगदान छ।

यस्ता जात्रा हेर्नका लागि पोखरा आसपासका ग्रामीण भेगबाट प्रशस्त मानिसहरू बजार क्षेत्रमा झर्ने गर्दछन्। पोखरा बजारमा बसेर बाघ जात्रा हेर्ने शिलशिलामा ग्रामीण क्षेत्र र शहरीक्षेत्रका मानिसहरू एकात्मकता र सौहार्द्रता कायम हुने गरेको छ भने धेरै समयसम्म भेटघाट हुन नसकेका आफन्तहरूको भेटघाट पनि यो जात्राले गराउने गर्छ। आपसीसहयोगबाट नै हरेक जात्रा सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने भावनाको विकास समाजमा भएको पाइन्छ। यसरी पोखरा उपत्यकामा रहेका विभिन्न जातजाति धर्मावलम्बीहरूको विश्वास बोकी उनीहरूका बीच सद्भावना र एकता कायम गर्ने जस्तो महत्वपूर्ण कार्य यस जात्राबाट भएकाले पनि सामाजिक रूपमा यस जात्राको बढी महत्व देखिन्छ। यस्ता जात्राहरूले मनोरञ्जन मात्रै नदिई धार्मिक आस्थाप्रति मानिसहरूको ध्यान केन्द्रित पनि गर्दछ। अर्कातर्फ एक आपसमा एकले अर्को जातको जात्रा पर्व नभनी सबैले सबै चाडपर्वलाई हामी सबैको भनी सहभागी जनाई हरेक जातजातिका संस्कृतिक नै सारा नेपालीको

संस्कृत भन्ने नारा बनाउन यस्ता जात्राहरूले सहयोग गर्दछन्। सबै नेपालीले आ-आफ्ना संस्कृति जोगाउनका लागि पनि यस्ता जात्राहरू आयोजना गर्नुपर्दछ र आयोजना गरिएका हरेक चाडपर्व, उत्सव र जात्रालाई भव्य रूपमा सफल बनाउनको लागि सबैको आवश्यकता उत्तिकै महत्वपूर्ण हुन्छ भन्ने सन्देश दिनु महत्वपूर्ण सामाजिक पक्ष मानिन्छ। एकआपसमा सबै मानिसहरू मिलेर बस्न र सहयोग गर्न पनि यस्ता जात्राले मार्गनिर्देश गरेको हुन्छ।

प्राचीन नेपालको सांस्कृतिक भेषभूषा कस्तो रहेको थियो ? गरगहनाहरू कस्ता थिए। यस बाघ जात्रामा राजा, रानी, शिकारी, मन्त्री र अन्य जनताको पात्रहरू रहने भएकाले त्यस बेला भेषभूषा गरगहना कस्ता लगाउँथे भन्ने जानकारी पनि यस जात्राले दिने हुँदा सांस्कृतिक क्षेत्रको दृष्टिले पनि यस जात्राको ठूलो महत्व रहेको छ। प्राचीन नेवारी संस्कृति कस्तो थियो भन्ने जानकारीका साथै यस जात्रामा कसको के, कस्तो विशेषतः शिकारी, सैनिक, राजा, रानी, प्रधानमन्त्री, मन्त्रीहरू पनि हुँदा रहेछन्। यिनीहरूको भेषभूषा कस्तो रहेछ भन्ने कुरा देखाउनु अर्को सांस्कृतिक पक्ष रहेको छ अर्कातर्फ बाघजात्रामा हाँस्य कलाकारहरूले पहिरने मुकुट लगाउँथे ती मुकुटमा बाघको चित्रहरूले प्राचीन नेपाली कला पनि झल्काउने हुनाले अर्को महत्व रहेको छ। त्यसैगरी यस्ता जात्राले नेपालको प्राचीनकालको भेषभूषा, कला, संस्कृति र हातहतियार जगेर्ना गरी निरन्तरता दिनु नै यस जात्राको महत्वपूर्ण भूमिका रहेको छ। यस जात्राले पोखरालाई प्राकृतिक सुन्दरताको शहरमा मात्र नभई सांस्कृतिक रूपमा नेपालकै दोस्रो महत्वपूर्ण शहरको रूपमा उभ्याउने काम गरेकाले पनि सांस्कृतिक क्षेत्रमा बाघ जात्राको महत्वलाई प्रष्ट पार्न सकिन्छ। नेपाली सांस्कृतिक जात्राहरूलाई कालान्तरसम्म बचाई राख्न पनि यस्ता जात्राको उत्तिकै योगदान रहेको पाइन्छ।[४५]

## ६.३ बाघजात्राको पर्यटकीय तथा ऐतिहासिक महत्त्व

पोखराका नेवार समुदायले मनाउने जात्रालाई यहाँ सबै धर्म र सम्प्रदायले उत्तिकै आस्था र विश्वास गर्ने गरेको पाइन्छ। हिन्दु र बौद्ध धर्मावलम्बीहरूले त

बाघजात्रालाई देखाउँदा बाघहरू तर्सिने घरका मानिस र घरपालुवा जनावरहरूको बाघको भयबाट मुक्त हुने धार्मिक विश्वास रहेको पाइन्छ। बाहिरी पक्ष जे भए तापनि यो जात्रा शत्रु संहारमा जनताको दुःख हरणमा सक्रिय रहने नेपाली राजा र सरकारप्रति नेवारी जनताहरूबाट गरिएको सम्मानको निरन्तरता हो। यो जात्रा जनता र राज्यको एकीकृत प्रयासबाट राष्ट्रकै प्रमुख शत्रुलाई पनि पराजित गर्न सकिन्छ। यस्ता सामाजिक कार्यमा सबैको महत्व उत्तिकै महत्वपूर्ण हुन्छ। बाघ मार्नले सबैको रक्षा भएको कारणले गर्दा सबै जातिको सहयोग र सहभागिता उत्तिकै पाउनु धार्मिक महत्वकै कारणले गर्दा पनि यो जात्राको विशेष धार्मिक महत्व बोकेको जात्रा मानिन्छ।[४५]

नेपाल कला संस्कृतिको धनी मानिने देशका रुपमा अझ बढी चिनाउनका लागि पोखरा उपत्यकामा रहेका नेवार समुदायले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। पोखरा उपत्यका प्राकृतिक सौन्दर्यले भरिपूर्ण हुनाका साथसाथै कला, संस्कृति र यहाँ रहेका समुदायले आयोजना गर्ने जात्रा, नाच, चाडपर्व र महोसत्वहरूले गर्दा पर्यटकहरूको मन जित्न सकेको पाइन्छ। पर्यटकहरू पनि यस्ता जात्रा, नाच, चाडपर्व र महोत्सवहरूप्रति बढी जिज्ञासा राख्ने भएकाले पनि यस्ता जात्रा नाच, चाडपर्व र महोत्सवहरूलाई निरन्तरता दिन सकेमा अझ धेरै पर्यटकहरूलाई पोखरा भित्र्याउन सकिन्छ। पर्यटन व्यवसाय पनि फस्टाउन सक्छ। त्यसैले गर्दा नै पोखरा उपत्यका प्राकृतिक मात्रै नभई सांस्कृतिक रुपले चिनाउनका लागि नेवार समुदायमा देखाउने जात्राहरू बाह्रभैरव नाच, गाईजात्रा, बाघजात्राले पनि सहयोग पुऱ्याएको देखिन्छ। यस्ता जात्राहरू आयोजना गर्दा पर्यटकहरूले आफ्नो बसाईलाई लम्ब्याउने हुनाले यस्ता जात्रा, महोत्सव, नाचहरू र अन्य सांस्कृतिक कार्यक्रमहरूले ठूलो महत्व छ। यस्ता कार्यक्रमहरु गरी बढी भन्दा बढी पर्यटक भित्र्याउनु पर्यटन व्यवसायीहरूको लक्ष्य पनि यही रहेको पाइन्छ। नेवारी सांस्कृतिक क्रियाकलापमध्ये बाघजात्रा ठूलो महत्व र पर्यटकहरुका लागि आश्चर्यमय ऐतिहासिक संस्कृतिको धरोहरको रुपमा प्रस्तुत गर्न सकिन्छ।

बाघजात्राको मुख्य पात्र भनेको बाघ हो। बाघ कम्तीमा पनि दुईतीन वटा हुन्छन्। मान्छे नै नक्कली बाघ भएका हुन्छन्। बाघलाई बाघको जस्तै भेष धारण गर्न लगाइन्छ

जसमा बाघको छाला ओढ्ने र कपडामा बाघको अनुहार पेन्टिङ गरेको मुकुन्डो लगाउँछन् यिनीहरू प्रायजसो गरेर चारखुट्टाले उभिन्छन्। प्रायजसो गरेर चारखुट्टाले हिँड्ने गर्छ यो जात्रामा बाघहरू लुकेर बस्छन् र ढिकेग्वारामाथि आक्रमण गर्छन् भने बाघजात्राको पात्रहरूमध्ये ढिकेग्वाराको भूमिका पनि बाघको जस्तै महत्वपूर्ण ऐतिहासिक महत्वको रहन्छ। ढिकेग्वाराहरूको भेष भने झुत्रे झाम्रै कपडा लगाउँछन्। यसको मतलव प्राचीन आदिम मान्छेहरु रुखका बोक्रा लाउने गर्थे भन्ने संकेत दिन्छ। टाउको र कम्मरमा रुखका स-साना हाँगाहरू घुसारेका हुन्छन् भने हातमा लाठो पनि लिएका हुन्छन्। ढिकेग्वाराहरू कराउँदै लुकिरहेको बाघलाई खोज्ने र सबै मिली लाठोले हिर्काउने प्रयास गर्दछन्। खोज्ने क्रममा बाघलाई गिजाउँछन् पनि र बाघले पनि ढिकेग्वारा माथि अपर्झट निस्केर आक्रमण गर्छ ढिकेग्वारा बाघबाट मारिएको अभियन गर्दै भुइँमा पल्टिन्छन् त्यसपछि बाघले पनि रगत चुसेको अभिनय गर्छन् बाघ फेरि अर्को ढिकेग्वारातिर आक्रमण गर्न दौडन्छ। ढिकेग्वाराहरु दलबलसहित बाघलाई लखेट्ने, लाठोाले हान्ने प्रयास गर्छन्।

बाह्र तेह्र वर्षका केटाकेटीहरूको समूह हुन्छन्। जसलाई धनुकाड दिएर मृदङ्गको तालमा बाटोभरि नचाई हिँड्दै गरेको हुन्छ। यो धनुर्धारीहरूको भेष भने माथितिर भोटो जस्तो कपडा र तल कछाड जस्तो बेरेका रंगीन कपडा हुन्छन्। धनुकाँड लिएका केटाकेटीहरु अगाडि र बाजा बजाउने झ्याली छ, म्वाली (सहनाई) मृदङ्गाको टोली भने धनुधारी केटाकेटीहरू पछाडि हुन्छन् र त्यही बाजाको तालमा ती धनुकाड लिएका केटाकेटीहरू नाच्छन्। यस्तो नाच बाघ जात्रा व्यक्तिहरुले घरमा बोलाएर नचाउने पनि गरिन्छ। त्यसरी नचाउँदा हातमा धनुकाँड लिएका केटाकेटी गोलो भएर नाच्छन् भने बीचमा घरी-घरी बाघ हुनेहरू केटाकेटीको घेराभित्र आएर नाच्छन् सँगसँगै ढिकेग्वारा पनि नाच्ने गर्छन्। त्यही क्रममा बाघले ढिकेग्वारालाई आक्रमण गर्ने र ढिकेग्वाराले त्यही मरेको अभिनय गर्ने गर्छन्। बाघ र ढिकेग्वारा घेराबाट गएपछि पनि केटाकेटीहरू बाजाको तालमा नाचिरहन्छन्। यस्तै प्रक्रिया दोहोर्‍याइन्छ र मनोरञ्जन प्रदान गरिन्छ।

बाघजात्राको अन्त्य गर्ने ठाउँ र समय निर्धारित गरिएको हुन्छ। केटाकेटीहरू नाचेका हुन्छन् भने ढिकेग्वारा आएर बाजाको तालमा धेरै बेर नाच्छन्, बाघ हुनेहरू पनि आउँछन् नाच्दै जाने क्रम चलिरहन्छन्। समाप्त गर्ने क्रममा जब बाजाको तालको इशारा हुन्छ, त्यहीअनुसार बाघ हुने व्यक्तिले ओढेको बाघको छाला फ्याँकेर भाग्छन् र त्यही

छालालाई ढिकेग्वाराहरूले लाठोले पिटेर बाघ मारेको अभिनय गर्छन् । बाघको मृत्युपछि बाघजात्रा समाप्त भएको घोषणा गरिन्छ। पछिपछि राजा वा समूहको नेताले बन्दुकले हानेर बाघलाई घायल गराए जस्तै गरी बाघ मारेको चलाएको बुझिन्छ।

## ६.४. बाघजात्राको ऐतिहासिक सन्देश

काठमाडौंको नेवारहरूमा किराँतकालको बेला वा त्यसभन्दा अगाडि यो घटना घटेको अनुमान गरिन्छ । काठमाडौं उपत्यका सबैभन्दा पहिला शासन प्रशासन चलेको अवस्थामा यो ऐतिहासिक बाघ मार्ने परम्परा शुरु भएको अनुमान गरिन्छ। बाघ मार्ने परम्परा किन शुरु भयो भन्दा मानिसलाई बाघले सताउने एक पटक मान्छेलाई मारेर खाएपछि त्यो बाघले मान्छे मात्रै खान थाल्छ । यसरी आदिम मान्छेको बस्तीमा धेरै सताएका कारणले समूह नै मिलेर बाघ मार्ने गरेको सम्भावना लगाउन सकिन्छ। अर्को कुरा ढिकेग्वाराहरूले लगाएको झुत्रे झाम्रे कपडा र टाउको र कम्मर सिउरेको रुखको हाँगाले आदिम मान्छेहरू शिकार गर्न वा बस्दा रुखपातको हाँगा वा बोक्रा लाउने गरेको कुरा सम्भव भएको देखिन्छ । यसबाट आदिम मान्छेको समूहगत विकासक्रमको संकेत गरे देखिन्छ । केटाकेटीका लुगा पनि त्यस्तै हुनुपर्नेमा हिजोको बाघजात्रा निकाल्दा आधुनिक युगको कपडा लगाएको हुनुपर्छ । बुढाबुढी, केटाकेटी सबैले एउटा मुखिया नेताको निर्देशनमा बाघ मार्न गएको हुनसक्छ। यसरी बाघ जात्राको प्राचीनतम कुराहरू अनुमान गर्न सकिन्छ। तर आजकल आधुनिक भएकाले रुखको बोक्राको संकेतमा झुत्रे झाम्रै कपडा लाउँछन् र रुखको हाँगा पनि टाउको र कम्मरमा सिउरन्छन्।

यो जात्रा आजकल हराउनुको सम्भाव्य कारणहरूमा यो जात्रा विशेष गरेर धार्मिक पक्षसँग सम्बन्धित नभएकाले र ऐतिहासिक पक्षसँग मात्र सम्बन्धित रहेको छ। धर्मसँग वा देवीदेवतासँग सम्बन्धित नभएको हुँदा यो बाघजात्रा हराएको बुझिन्छ। आजका मानिसहरू धर्मप्रति धेरै नै सजग भएको हुनाले अति नै चासो राख्ने कारणले गर्दा, धर्मसँग सम्बन्धित नाच, गीत, पर्वहरूले मात्र निरन्तरता पाएको छ जस्तै, पोखरा भैरव जात्रा । यो जात्रा ऐतिहासिक कुरासँग सम्बन्धित भएकाले चासो राखेन फलस्वरुप बाघजात्राले हाल आएर निरन्तरता पाएको छैन।

उपसंहार : यस्तो महत्वपूर्ण बाघजात्रालाई पोखराका नेवार समुदायले निरन्तरता

दिन सक्नुपर्छ । यसले पर्यटकहरुलाई बाघ जात्राले निकै मनोरञ्जन दिन सक्ने कुरा निश्चित छ । त्यसकारण पर्यटकीयस्थल पोखरामा बाघजात्राको महत्व बढेको छ । यो बाघ जात्रा अरु जात्राहरू भन्दा फरक ढंगले प्रदर्शन गरिने हुँदा यो जात्रालाई पर्यटकहरूले मन पराउने स्पष्ट छ । अतः यो जात्रालाई पोखराका नेवार समुदायले निरन्तरता दिनुपर्छ ।

## ६.५ बाघजात्राका भावनात्मक पक्षहरू

बाघ जात्रा मनाउनका पछाडि पोखराका नेवार समुदायमा विद्यमान केही भावनात्मक वा मनोवैज्ञानिक पक्ष विशेष जिम्मेवार देखिन्छ । यी नै तत्वले आजसम्म पनि यो जात्रालाई जीवित राखेका छन् यीमध्ये पहिलो हो यस जात्राको अवसरमा बाघको अभिनय गर्ने व्यक्तिमा साँच्चिकै बाघ गुण, स्वभाव र शक्ति प्रवेश गर्दछ भन्ने विश्वास छ जात्रा अवधिमा जात्राको विधि पूरा गर्न सकिएन भने बाघ बन्ने मानिस साँच्चिकै हिंस्रक हुन्छ भन्ने विश्वास रहेको छ। त्यसरी दोस्रो भावनात्मक वा मनोवैज्ञानिक विश्वास के छ भने जात्राको अन्त्यमा बाघलाई विधिपूर्वक मारिएन भने त्यो वर्ष साँच्चिकै बाघले शहरबासीलाई दुःख दिन्छ भन्ने साँच्चिकै बाघले शहरबासीलाई दुःख दिन्छ भन्ने भावना पनि यहाँ विद्यमान रहेको छ ।[४५] विगत वर्षको बाघ जात्रामा सुरक्षाको कारण देखाई त्यसमध्ये नेपाल अधिराज्यको १४ अञ्चल ७५ जिल्लामध्येको गण्डकी अञ्चलभित्रको कास्की जिल्लामा अवस्थिति पोखरा उपमहानगरपालिकामा रहेका नेवार जातिले मनाउने विभिन्न जात्राहरूमध्ये बाघ जात्रा पनि एक हो । यसै क्षेत्रका नेवारहरूले मनाउने बाघ जात्राको बारेमा पहिचान गराउने उद्देश्यले यसको अध्ययन गरिएको छ ।

## ६.६ बाघ जात्राको संरक्षण तथा जीवन्तताको व्यवस्था

प्राचीनकालदेखि नै नेपालमा प्रतिस्थापित भएका जात्राहरूलाई नेवार समुदायले

कुनै जात्रालाई पितृ उद्धार गर्नका लागि गाईजात्रा मनाउने गर्छन् भने त्यस्तै गरी बाघको भयबाट मुक्त हुनका लागि बाघ जात्रा मनाउने गरेको पाइएको छ। यस्तै थुप्रै धार्मिक मूल्यमान्यता बोकेका जात्राहरूलाई जीवन्त राख्नका लागि यहाँका नेवार समुदायबाट ठूलो प्रयास गरिएको छ जुन ज्यादै सह्रानीय कार्य हो।

केही समय अगाडिसम्म यस्ता जात्राहरूलाई निरन्तरता दिनका लागि कुनै संस्था थिएन। जसले गर्दा यस्ता जात्रा निकाल्दा साहु महाजनबाट चन्दादाताबाट सहयोग मागी पैसा संकलन गर्ने गरिन्थ्यो। निश्चित संस्था वा गुठी नहुँदा जात्रा निकाल्न धेरै खर्च लाग्ने जनसहभागी पनि धेरै चाहिने भनेका समयमा सबै व्यक्तिहरू नजुट्दा समस्या आउने भएकाले पनि बाघजात्रा धेरैको अन्तरालमा देखाउने गरिन्थ्यो। जात्रा सम्पन्न गर्न पनि धौधौ हुन्थ्यो तर अहिले जुनसुकै काम एउटा जिममेवार समूह भए मात्रै कुनै कार्य सफल हुन सक्छ। नत्र सम्पन्न गाह्रो हुने महसुस गरी अहिले आएर यस्ता जात्राहरूसँग सम्बन्धित समिति बनाएर समितिको पदाधिकारीहरूले आ-आफ्नो जिम्मेवारी वहन गर्दै समितिले विभिन्न जात्राहरूलाई जीवन्तता राख्नका लागि यति-यति वर्षमा यसरी जात्राहरू मनाउने भनेर योजना अनुसार सबै सम्बन्धित व्यक्तिहरूलाई जानकारी गराएर सहयोग गर्न अनुरोध गर्दै "संस्कृति जोगाउ आफ्नो परिचय दिऔं" भन्ने नारा राखेर अगाडि बढेका यस्ता संस्था नेवा खलः कास्की र ल्याम्ह पूच कास्की जस्ता संस्था अगाडि बढेका छन्। जुन संस्थाले लोप हुन लागेका जात्राहरू चाडपर्वहरूलाई आफ्नो समुदायबीच बढी भन्दा जानकारी दिन यस्ता जात्राहरूलाई निरन्तरता दिनुपर्छ भन्ने धारणाको विकास गराई नयाँ पुस्तालाई यस्ता कार्यमा सरिक गराउने काम समेत गर्दै आएको छ। अझै यस्ता संस्थाले प्रभावकारी रूपमा परिचित गराउनका लागि हरेक धार्मिक, चाडपर्व, जात्रा सम्बन्धि कार्यहरू गर्न नयाँ पुस्तालाई सहयोग र उत्साह बढाउनका लागि विभिन्न प्रतियोगिता राखी पुस्तकारको समेत व्यवस्था गरी युवावर्गको ध्यानाकर्षण समेत गरेको पाइएको छ। यस सम्बन्धमा सानुकाजी लिगलको भनाइअनुसार यस्ता जात्राहरूलाई निरन्तरता संरक्षण र जीवन्तता राख्नका लागि प्रत्येक टोल-टोलमा धार्मिक कार्यक्रमसम्बन्धी छलफल गर्नका लागि एउटा समिति निर्माण गरिन्छ। हरेक चाडपर्व, जात्राहरूको

महत्वका बारेमा जानकारी गराउनका लागि समय-समयमा यस्ता गुठीहरूले विभिन्न कार्यक्रम गर्छन्। आफ्ना संस्कृति जोगाउनका लागि युवावर्गलाई प्रोत्साहन गर्नका लागि विभिन्न तालिमको समेत व्यवस्था गरेको छ।[४५] यस्तै गरी अर्का समाजसेवी प्रकाशमान गुभाजूका अनुसार विभिन्न समयमा मनाइने जात्राहरूको संरक्षण गर्नाका लागि नेवार समुदायकै मान्ने गन्ने व्यक्तित्वहरूले आफ्नो-आफ्नो टोलमा संस्कृति जगेर्ना गर्ने उद्देश्यले एउटा कोषै खडा गरी प्रत्येक चाडपर्वलाई भव्य र सभ्य रूपमा मनाउनका लागि आफ्नो समुदायलाई अपील गर्दै धार्मिक मूल्य र मान्यता बोकेका विभिन्न चाडपर्व, धर्मसंस्कृति र जात्राहरूको संरक्षण गर्न कुन टोलमा अगाडि रहेको छ भनेर मूल्याङ्कन समितिले मूल्याङ्कन गर्छ। जस्तै गाईजात्रा मनाउने क्रममा गाईजात्रा प्रतियोगिता राखी युवावर्गलाई बढी भन्दा बढी सहभागी गराउनलाई प्रोत्साहन गर्न उचित पुरस्कारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ।[४५]

# परिच्छेद : सात

# निष्कर्ष तथा सुझाव

## ७.१ निष्कर्ष तथा प्राप्ति

प्राचीनकालदेखि नै नेपाल एक सुन्दर बहुजातीय, बहुभाषिक, बहुधार्मिक सहिष्णुता र बहुसंस्कृति भएको मुलुक हो। राष्ट्रिय एकतामा शरीर बलिदान दिने बीरवीरङ्गानाहरूको थलो र ऋषिहरूको तपोभूमिको रुपमा नेपाल प्राचीनकालबाटै चिनिदै आएको छ। चार वर्ण छत्तिस जातको फूलबारी नेपालमा प्राचीनकालबाटै चिनिँदै आएको छ। चार वर्ण छत्तिस जातको साझा फूलबारी नेपालमा बसोबास गर्ने मानिसहरूको सबै एकै मूलका छैनन्। नेपाली समाजको विविध समुदायहरूमध्ये विकसित समुदायमध्ये नेवार समुदाय पनि एक हो।

नेपाल अधिराज्यको गण्डकी अञ्चल कास्की जिल्ला जुन नेपालको मध्यभागमा अवस्थित छ। पोखरा उपत्यका एउटा छुट्टै विशेषता भएको महत्वपूर्ण प्राचीन ऐतिहासिक स्थल हो। पोखरा शहरको उत्पत्ति धेरै समय पछि भएकाले यहाँ मानव बस्ती पनि पछि बसेको अनुमान गर्न सकिन्छ। कास्कीका राजा कुलमण्डन शाहको समयतिर पोखरामा बस्ती बसिसकेको थियो भन्ने कुरालाई हिउँद वा शरद ऋतुमा बाटुलेचौरमा बसेर उनले राज्य सञ्चालन गरेबाट स्पष्ट हुन्छ। पोखरामा शुरुमा गुरुङ, मगर, ब्राह्मण, क्षेत्री आदि जातिहरू बसोबास गर्दथे भने धेरै समय अगाडिदेखि नै पोखरा व्यापारिक र धार्मिक केन्द्रको रुपमा रहिआएको पनि पाइन्छ।

यहाँ अलग धार्मिक, सांस्कृतिक परम्परालाई पछ्याएका बासिन्दाहरूको बीचमा एउटा भिन्न र पृथक् मूल्य र मान्यताको बीचमा रहेका नेवार समुदायको बस्ती रहेको छ। दक्षिणतर्फबाट नेपाल प्रवेश गरेका नायरहरू नै नेपालका नेवारहरू हुन्। यिनै नेवारहरूका पुर्खाहरू नेपाल एकीकरण अगाडि र पछाडि राजनीतिक कारण, डरलाग्दो रोगको कारण व्यापारको कारण कठिन र जटिल नयाँ कार्यमा नेवार संस्कृतिलाई

अपनाउन नसक्दा उपत्यका छाडेर आउने क्रममा पोखराको भीमसेन टोलमा आइबसेका थिए। उनीहरू आई स्थायी रुपमा बसोबास गरेपछि उनीहरूले आफ्नो रहनसहन, रीतिरिवाज, धर्मसंस्कृति, संस्कार, चाडपर्व र जात्राहरू पनि मनाउन थाले। सबैभन्दा धेरै चाडपर्व र जात्राहरू मनाउने जातहरूमा नेवार जाति नै पहिलो नम्बर आउँछन्। नेवारहरूका आ-आफ्ना विभिन्न चाडपर्व, धर्म र जात्राहरू मनाउने क्रममा विभिन्न जात्राहरूमध्ये पोखरा उपत्यका मनाउने प्रख्यात बाघजात्रा निकै हर्षोल्लासमय तरिकाले मनाउने गर्दछन्। यो जात्रा विशेषत हिन्दुधर्म मान्ने नेवारहरूले जात्रा देखाउँछन् भने बौद्ध धर्म मान्ने नेवारहरूले पनि सहयोग गर्छन् र जात्रालाई भव्य, सभ्य बनाउन सम्पूर्ण उपत्यकाबासीले सहयोग गरेको पाइन्छ।

यसरी आफ्नै संस्कृति, परम्परा, जात्रा, चाडपर्व आदिलाई जीवन्त राख्ने क्रममा पोखरामा रहेका भक्तपुरे नेवारहरूले भक्तपुर मात्रै नभई पाटन अन्य नेवारी समुदायमा देखाई गाईजात्रा देखाउने समय आसपासमा बाघ जात्राको शुरुवात गरे।

यो जात्रा प्राचीन समयमा कृषि र पशुपालनबाट जीविका चलाउने नेवारहरू आफू बाघको भयबाट मुक्त हुनको लागि मनाउन प्रारम्भ गरेको जात्रा हो। कृत्रिम बाघलाई विधिपूर्वक मार्नु र वर्षभरि बाघबाट हुने मानसिक भयबाट मुक्त हुनु यो जात्राको मुख्य पक्ष हो भने। बाघ र यसको मृत्युसँग सम्बन्धित रहेकाले यो जात्राको नाम पनि बाघजात्रा रहन गएको विश्वास गरिन्छ।

बाघजात्रा प्राचीन समयमा जति लोकप्रिय थियो हाल आएर यो जात्राको लोकप्रियता घट्न गएको देखिन्छ। किनभने पहिले-पहिले बस्ती पातलो र घना जङ्गलका कारण जङ्गली जनावरहरूको डर धेरै हुन्थ्यो। बाघको भयबाट बाँच्नको लागि हरेक ३ वा ४ वर्षको अन्तरालमा यो बाघजात्रा देखाइने गरिन्थ्यो बाघजात्राको लोकप्रियता बढी थियो भने अहिले आएर धेरै समय भयो बाघ जात्राको आयोजना गरिएको छैन किनभने बस्ती जताततै बाक्लो भएको अहिले मानिसहरूको पशुपालनभन्दा व्यापार व्यवसायमा लागेका हुनाले पशुपालन निकै कम भएको कारणले पशुहरूको नाश बाघले नगरेको कारण पनि बाघजात्रा आयोजना निरन्तर रूपमा हुन

नसकेको एउटा कारण भेटियो भने बाघजात्राको लोकप्रियता घट्न गएको अर्को कारण समय परिवर्तनका साथै साथै जीवनशैली जिउने आधार फरक-फरक भएकाले अहिले हरेक समुदायमा अध्ययन, रोजगार, व्यापार व्यवसायमा लागेका र प्रायः मानिसहरू बढी व्यस्तताका कारणले गर्दा पनि यो बाघ जात्रालाई निरन्तरता दिन नसकेको पाइयो भने आर्थिक दृष्टिकोणले पनि यो जात्रा अलि बढी खर्चिलोको कारण र अन्य धेरै कारणहरू रहेको पाइयो यस जात्रामा धेरै पात्रहरू आवश्यक पर्ने र धेरै पात्र अनुसारका गरगहना, पोशाक र अन्य धेरै सामग्री जुटाउनुपर्ने भएकाले पनि यो जात्रा ओझेलमा पर्न गएको छ। तर यस्ता जात्राहरूले नेवार जातको पहिचान गराउने भएकाले यस्ता जात्राहरूलाई निरन्तरता दिनका लागि नेवाः खल कास्की र ल्याम्हः पुच कास्कीका नेवारहरू पहिले सक्रिय भएका हाल आएर बाघ जात्रालाई निरन्तरता नदिँदा संस्कृतिकर्मीहरुले चासो नदेखाएको अनुमान गर्न सकिन्छ।

## ७.२ सुझावहरू

नेपाली समाजको अभिन्न अङ्गको रूपमा रहेको र परम्परादेखि नेपालमा बसोबास गर्दै अलग धर्म, भाषा र संस्कृति अपनाउँदै आएका नेवार समुदायको बारेमा इतिहास लेख्नमा केही अध्ययन र अनुसन्धान भएका छन्। यसमा पनि पोखरा उपत्यकामा बसोबास गर्ने नेवार समुदायले मनाउने विभिन्न जात्राहरूमध्ये बाघ जात्राका बारेमा कलम चलाउने इतिहासकार, अनुसन्धानकर्ता तथा अध्ययनकर्ता ज्यादै कम मात्रामा छन्। नेपालको विविध संस्कृति तथा राष्ट्रिय संस्कृति निर्माण गर्न टेवा पुऱ्याउने यी समुदायमा मनाउने अत्यन्तै महत्वपूर्ण जात्रा बाघ जात्रा हो हरेक पक्षको अध्ययन नागरिएको अवस्थामा ज्यादै दुःखदायी कुरा हो। त्यसैले सबै संस्कृतिको जगेर्ना गर्नुपर्दछ। यिनै सांस्कृतिक जात्राहरू नै देशका अमूल्य सम्पदा हुन्। यी जात्राहरूको संरक्षण तथा सम्बर्द्धन गर्न सके राष्ट्रको कला संस्कृतिको उन्नति हुन्छ। तसर्थ यस अध्ययनको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छन्।

१) यस्ता जात्राहरूलाई जीवन्त राख्नुपर्छ भन्ने कर्तव्य, उत्साह र ज्ञान नयाँ

पुस्ताका नेवार युवाहरूमा आउन सकिरहेको छैन। जात्राका लागि आवश्यक पर्ने सामग्रीहरू जुटाउने काममा ज्यादै गाह्रो मानेका र धार्मिक कार्यप्रति कम आस्था राख्ने प्रवृत्ति बढिरहेको छ। यस्तो अवस्थामा नयाँ पुस्ताका युवाहरूलाई यस्ता जात्राहरूको महत्व पहिचान गरी यस्ता जात्रालाई जीवन्त राख्नका लागि सक्रिय रुपले भाग लिनका लागि सांस्कृतिक प्रशिक्षण दिइनुपर्दछ।

२) यस्ता जात्राहरू सम्बन्धी रेकर्डहरू ऐतिहासिक महत्वपूर्ण वस्तुहरू, जात्रामा प्रयोग गर्ने हातहतियार, भेषभूषा, राजादेखि जनतासम्मका भेषभूषा संकलन गरेर राखी यस्ता जात्राहरूप्रति अभिरुचि राख्ने अनुसन्धानकर्ताहरूलाई सजिलैसँग उपलब्ध गराउने व्यवस्था नेवाः खल कास्की र ल्याह्मः पुच कास्कीले गर्नुपर्दछ।

३) यस जात्रामा बाघको भय कम हुँदै गएको र यो जात्रा एकदमै धेरै वर्षको अन्तरालमा प्रदर्शन गर्ने हुँदा दर्शकहरूको उपस्थिति घट्दै गएको यथार्थतालाई ध्यानमा राखी यस्ता जात्रालाई कसरी स्तरीय र लोकप्रिय बनाउन सकिन्छ भन्ने बारेमा यस्ता जात्रासँग सम्बन्धित संस्कृतिकर्मीहरूले समयमा नै विशेष ध्यान दिनुपर्ने देखिन्छ।

४) आफ्ना पुर्खाहरूले मनाउँदै आएको आफ्नो संस्कृति र परम्परालाई जीवन्त राख्नका लागि पोखराका नेवार युवापुस्ताहरूले सक्रिय रुपमा भूमिका खेली आफ्नो संस्कृति र परम्पराको पहिचान दिलाउनुपर्ने आवश्यकता आइरहेको यस बारेमा उनीहरूले सोच्नुपरेको छ।

५) पोखरामा रहेका नेवारहरूले आफ्नो सांस्कृतिक, ऐतिहासिक परिचय दिने खालका सामग्रीहरू लाखेनाच, भैरवनाच, तायमचा, बालननाच, बाघजात्रा आदिका भेषभूषा, गरगहनाहरू, मुकुटहरू, ताम्रपत्रहरू, लालमोहरहरू आदिलाई एकै ठाउँमा संकलन गरी एउटा संग्राहलयको स्थापना गर्नुपर्ने देखिन्छ।

६) यस्तै गरी यस्ता जात्राहरू प्रदर्शन गर्दा विशेष गरी युवावर्गलाई सहभागी गराउनका लागि युवाहरूलाई विशेष खालका तालिमहरू दिई प्रोत्साहित गराउन पुरस्कारको समेत व्यवस्था गरी युवावर्गलाई यसता जात्रासम्बन्धी जानकारी दिन सके नयाँ पुस्तामा हस्तान्तरण गर्न सहयोग मिल्ने हुनाले यस्ता सांस्कृतिक कार्यक्रममा युवावर्गलाई बढीभन्दा बढी सहभागी गराई प्रशिक्षण दिनुपर्ने आवश्यकता देखिन्छ ।

७) मौलिक संस्कृति बोकेका जात्रा देखाउँदा सम्पूर्ण धर्मालम्बीहरूलाई सहयोग र समर्थन गर्नाका लागि सबैलाई हाम्रो संस्कृति जोगाऊँ भन्ने नारा लिई अगाडि बढाउन अनुरोध गर्दै सहयोग गर्ने संस्थाहरूलाई सम्मान आकर्षित गरी जात्राहरूलाई भव्य सभ्य रुपमा सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

८) पोखरामा रहेका विभिन्न सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरूको जगेर्ना गर्नाका लागि विभिन्न गुठी संस्थान लगायत यस्ता जात्रासँग सम्बन्धित अन्य सरकारी निकायहरूले प्रोत्साहन दिनुपर्ने र यस बारेमा ध्यान दिनुपर्ने देखिन्छ ।

९) ऐतिहासिक धार्मिक, सांस्कृतिक पहिचान बोकेका जात्राहरूसँग सम्बन्धित विविध जानकारी गराउनका लागि सम्बन्धित संस्कृतिकर्मीहरूले युवावर्गलाई अन्तर्क्रियात्मक कार्यक्रम गरी यस्ता आफ्नो धर्म, संस्कार, पर्व, जात्रासम्बन्धी लेखहरू समेत लेख्न लगाई आफ्नो संस्कृतिलाई बचाइराख्न सहयोग गर्नेलाई बेलाबेलामा पुरस्कृत गर्दै नयाँ पुस्तालाई यस्ता कार्य गर्न उत्साही बनाउनुपर्ने आजको आवश्यकतालाई ध्यानमा राख्दै संस्कृतिकर्मीहरूले बेलैमा ध्यान दिनुपर्ने देखिन्छ र यस्ता कुरामा बेलैमा ध्यान दिन नसकेमा यस्ता मौलिकता बोकेका जात्राहरू यतिकै अस्तित्वविहीन रहने कुरामा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

# सन्दर्भसामग्रीहरू

## मौलिक स्रोत

### अन्तर्वार्ता

गुभाजू, प्रकाशमान (६५), संस्कृतिकर्मी, मोहरियाटोल, पोखरा ।

तिमिल्सिना, सोमनाथ (७०), शिक्षक, विन्ध्यवासिनी उच्च मा.वि., पोखरा ।

नापित, टङ्कमान (७०), संस्कृतिकर्मी, भीमसेनटोल, पोखरा

प्रधानाङ्ग, अष्टमान (६५), अध्यक्ष, ल्याम्ह पुचः, कास्की ।

प्रधानाङ्ग, सर्वज्ञमान (९१), अग्रज संस्कृतिकर्मी, भैरवटोला, पोखरा ।

माकाजू, दीपक (५०), संस्कृतिकर्मी, सिद्धार्थचोक, पोखरा ।

माकाजू, मंगलमान (६०), संस्कृतिकर्मी, रामकृष्णटोल, पोखरा ।

लिगल, गोपालकृष्ण (७०), संस्कृतिकर्मी, रामकृष्णटोल, पोखरा ।

लिगल, सानुकाजी (५५), शिक्षक, जनप्रिय उच्च मा.वि., पोखरा ।

शाक्य, शम्भु (७०), संस्कृतिकर्मी, महेन्द्रपुल, पोखरा ।

श्रेष्ठ, अमृत (६०), संस्कृतिकर्मी, गणेशटोल, पोखरा ।

श्रेष्ठ, तीर्थ (५२), वरिष्ठ संस्कृतिकर्मी, बागबजार, पोखरा ।

प्रकाशित पुस्तकहरू

आचार्य, बाबुराम, *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौंः श्रीकृष्ण आचार्य, २०५४ ।

उपाध्याय, श्रीराम, *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास* (ते.सं.), काठमाडौंः रत्न पुस्तक भण्डार, २०५६ ।

-------, *नेपालको प्राचीन तथा मध्यकालिन इतिहास,* काठमाडौंः रत्नपुस्तक भण्डार, २०५१ ।

केन्द्रीय तथ्याङ्क विभाग, "वार्षिक तथ्याङ्क पुस्तक", काठमाडौं ।

क्षत्री, डा. दिलबहादुर, *डकुमेन्ट्स अन नेपाल,* पोखराः पार्वती क्षत्री, ई. १९९८ ।

बज्राचार्य, रञ्जना, *नेवा बौद्ध संस्कार,* काठमाडौंः नेपाल एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६५ ।

बज्राचार्य, धनबज्र, *लिच्छविकालका अभिलेख* (दो.सं.), काठमाडौंः नेपाल र एशियाली अध्ययन अनुसन्धान केन्द्र त्रि.वि., २०५३ ।

विष्ट, डोरबहादुर, *सबै जातको फूलबारी,* ललितपुरः साझा प्रकाशन, २०५५ ।

मुकारुङ, बुलु, *हाम्रो जाति हाम्रो थर,* काठमाडौंः साथी प्रकाशन, २०६६ ।

शर्मा, डा. ऋषिप्रसाद, *नेपालका राष्ट्रिय चाडपर्व,* काठमाडौंः रत्न पुस्तक भण्डार, २०६३ ।

शाक्य, सूर्यरत्न, *ए ग्लिम्पस अफ पोखरा,* पोखराः श्रीमती अष्टकुमारी शाक्य, ई. १९९५ ।

श्रेष्ठ, तुलसीनारायण, *नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि,* काठमाडौंः अनुसन्धान तथा विकास संस्था, नेपाल, २०६६ ।

सुवेदी, राजाराम, *कास्की राज्यको इतिहास,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, नेपाल,

२०६० ।

पत्रिकाहरू

गुरुङ, जगमान “कास्कीदेखि गोर्खासम्म”, *माछापुच्छ्रे*, पोखराः स्ववियु, पृथ्वीनारायण क्याम्पस, २०३५ ।

नेपाल राष्ट्र बैंक, “पोखरामा पर्यटन व्यवसाय समस्या, चुनौति र उपलब्धि विशेष अध्ययन २०५७” बैकिङ विकास तथा अनुसन्धान इकाइ पोखरा शाखा ।

श्रेष्ठ, हरि, “पोखराको सांस्कृतिक पृष्ठभूमिलाई नियाल्दा” *मधुपर्क* (वर्ष ३२, अंक ८, वि.सं. २०५६ पुस) ।

## अप्रकाशित शोध-पत्र

आचार्य, महेश, “पोखराका नेवार समुदायमा प्रचलित प्रमुख जात्राहरु एक विश्लेषणात्मक अध्ययन”, शोध प्रतिवेदन, त्रि.वि.वि. २०५८ ।

डंगोल, रविन्द्र, “इम्म्युलेशन अफ नेवार सेटलमेन्ट इन पोखरा” स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., २०६४ ।

पराजुली, वसन्त, “पोखराको प्रख्यात भैरवनाच एक अन्वेषणात्मक अध्ययन” शोध प्रतिवेदन, त्रि.वि.वि. २०५८ ।

भण्डारी, राजेन्द्र, “कास्की जिल्ला अन्तर्गत कुँडहर क्षेत्रका नेवार समुदायको संक्षिप्त अध्ययन”, स्नातकोत्तर, त्रि.वि.वि. शोधपत्र २०६७ ।

## परिशिष्ट १

## अन्तर्वार्ताको लागि तयार पारिएका प्रश्नहरू

१) नेवार जातिको मूल थलो कहाँ मान्नुहुन्छ ?

२) पोखरामा नेवारहरूको आगमन कहिले र कहाँबाट भयो होला ?

३) जात्राहरूमा कुन-कुन जात्राहरू मनाउनुहुन्छ र किन ?

४) तपाईहरूको समुदायमा जात्राहरूमा बाघ जात्रासम्बन्धी कुनै किवंदन्ती पाउनुभएको छ ?

५) बाघ जात्रा मनाउनुका उद्देश्यहरू के-के हुन् ? कारण के होला ?

६) हाल बाघ जात्रा र गाईजात्रा एउटै समय वा गाईजात्रापछि बाघजात्रा देखाउनुमा गाईजात्रा र बाघजात्राको के सम्बन्ध रहेको छ ?

७) नेवार जातमा पनि सबै नेवार जातले यी जात्राहरू देखाउँछन् कि देखाउँदैनन्?

८) नेवार समुदायमा चाडपर्व, संस्कारहरू र जात्रासम्बन्धी धेरै रुचि लिएका कारण अहिलेसम्म पनि यस्ता जात्राहरू निरन्तरता दिनुभएको छ वा छैन ?

९) नेवार जातिले देखाउने यस्ता जात्राबाट के अपेक्षा राख्नुभएको छ ?

१०) यस्ता जात्राहरूको मुख्य उद्देश्य के रहेको छ ?

११) बाघ जात्रा धेरै लामो समयको अन्तरालमा देखाइनुको कारण के होला ?

१२) बाघजात्रामा मुख्य रुपमा को-को पात्रहरू रहने गर्छन् ?

१३) जात्राहरू अनुसारका ड्रेस र चाहिने सामग्री कहाँबाट व्यवस्था मिलाउनुहुन्छ ?

१४) यस जात्रा देखाउँदा जात्रा देखाउनुभन्दा अगाडि तालिमको व्यवस्था गरिन्छ कि गरिँदैन ?

१५) कति उमेरका समूहका व्यक्तिहरूको खाँचो पर्छ ? त्यसैगरी महिलाहरूको भूमिका रहन्छ कि रहँदैन ?

१६) बाघजात्रा सञ्चालनदेखि सम्पन्न गर्नका लागि आर्थिक व्यवस्थापन कसरी गर्नुभएको छ ?

१७) आर्थिक सहयोग गर्न कर गरिन्छ कि गरिँदैन ?

१८) यदि आर्थिक स्रोत जुटाउनुमा सबै नेवार समुदाय लगायत अन्य समुदायले सहयोग गरेका छन् कि छैनन् ?

१९) यस्ता जात्रा सञ्चालन गर्न सरकारी निकायबाट सहयोग पाइएको छ कि छैन ?

२०) जात्रालाई भव्य र सभ्य बनाउनका लागि जिम्मेवार पक्ष कसलाई मान्नुहुन्छ ?

धन्यवाद !